सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

६ असार २०८२, शुक्रबार (20 June 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ६८ ■ पृष्ठ १० | nayapatrikaofficial | @NAYA_PATRIKA | मूल्य रु. १०/-

# आलमलाई सफाइ दिने दुवै न्यायाधीश छानबिनमा

## कानुनमन्त्री चौरसियाको असहमति, गरेनन् निर्णयमा हस्ताक्षर

जिउँदै मान्छे इँटाभट्टामा हालेर हत्या गरेका कांग्रेस नेता अफताब आलमलाई रौतहट अदालतले सुनाएको जन्मकैदको सजाय उल्ट्याउँदै उच्च अदालतका न्यायाधीशद्वय खुसीप्रसाद थारू र अर्जुन महर्जनले सफाइ दिएका थिए, त्यसविरुद्ध उजुरी परेपछि दुवैलाई काठमाडौं झिकाएर न्यायपरिषद्ले छानबिन थालेको छ

### ■ दुवैलाई इजलासमा बस्न रोक लगाउँदै सर्वोच्चमा हाजिर हुने गरी झिकाइयो, न्यायाधीध विनोद शर्माको अध्यक्षतामा छानबिन समिति गठन



न्यायाधीश **खुसीप्रसाद थारू**

न्यायाधीश **अर्जुन महर्जन**

**शिल्पा कर्ण** / नयाँ पत्रिका

जिउँदै मान्छेलाई इँटाभट्टामा जलाएको अभियोगमा जिल्ला अदालत रौतहटले जन्मकैदको फैसला सुनाएका कांग्रेस नेता अफताब आलमलाई सफाइ दिने उच्च अदालतका न्यायाधीशहरू खुसीप्रसाद थारू र अर्जुन महर्जनमाथि छानबिन सुरु भएको छ । छानबिनका लागि बिहीबार सर्वोच्चका न्यायाधीश विनोद शर्माको अध्यक्षतामा समिति गठन गरेको न्यायपरिषद्ले दुवैलाई उच्च अदालत जनकपुरको वीरगन्ज अस्थायी इजलासमा बस्नसमेत रोक लगाउँदै सर्वोच्चमा हाजिर हुने गरी झिकाएको हो ।

तर, न्यायपरिषद्को पदेन सदस्य रहेका कानुनमन्त्री अजय चौरसियाले भने न्यायाधीशद्वय थारू र महर्जनमाथि छानबिन गर्ने निर्णयप्रति असहमति जनाएका छन् । उनले निर्णयमा हस्ताक्षर पनि गरेका छैनन् । मन्त्री चौरसियाले थारू र महर्जनलाई काजमा तानेर छानबिन गर्न नहुने भन्दै कडा आवाज उठाएको स्रोतको भनाइ छ । बैठकमा परिषद् सदस्य रामप्रसाद भण्डारीले प्रारम्भिक प्रतिवेदन बुझाउँदै दुवै न्यायाधीशलाई परिषद्मा तान्नुपर्ने र छानबिनका लागि समिति बनाउनुपर्ने सुझाव दिएका थिए । जसमा

» पृष्ठ ९ मा क्रमशः

### ■ न्यायपरिषद्को निर्णयमा असहमति जनाएका कानुनमन्त्री चौरसिया भन्छन्-

## मलाई केही थाहा छैन



कांग्रेस नेता मोहम्मद अफताब आलमलाई सफाइ दिने विवादास्पद फैसलामा संलग्न उच्च अदालत जनकपुरको वीरगन्ज इजलासका न्यायाधीशद्वय खुसीप्रसाद थारू र अर्जुन महर्जनमाथि छानबिन गर्ने न्यायपरिषद्को निर्णयमा कानुनमन्त्री अजय चौरसियाले असहमति जनाएका छन् । चौरसिया कांग्रेसकै नेता हुन् र उनी वीरगन्जवासी हुन् । परिषद्मा कानुनमन्त्री पदेन सदस्य हुने संवैधानिक व्यवस्था छ । मन्त्री चौरसियाले न्यायाधीशद्वय थारू र महर्जनलाई काजमा तानेर छानबिन गर्न नहुने भन्दै बैठकमा कडा आवाज उठाएका थिए । स्रोतका अनुसार बिहीबार यो विषयमा निर्णय हुँदा अन्य सबै सदस्यले हस्ताक्षर गरे पनि चौरसियाले गरेका छैनन् । चौरसिया आलमलाई सफाइ दिने न्यायाधीश थारूसँग नियमित सम्पर्कमा रहेको स्रोतको भनाइ छ । संसद्को बिहीबारको बैठकमा सांसद अमरेशकुमार सिंहले पनि त्यसतर्फ इंगित गर्दै मन्त्री चौरसियाले मुद्दा प्रभावित पार्न न्यायाधीशहरूलाई फोन गरेर दबाब दिने गरेको दाबी गरेका थिए । उनको कलडिटेल मगाएर हेर्नुपर्ने सिंहको माग थियो । तर, चौरसियाले भने आफू परिषद् बैठकमै उपस्थित नभएको दाबी गरे । 'म परिषद्को मिटिङमै थिइनँ । दिनभरि पार्लियामेन्टमा थिएँ । कानुन मन्त्रालयको छलफल थियो आज । त्यसैले मलाई केही थाहा छैन,' उनले भने । यद्यपि, उनले परिषद्को निर्णयमा असहमति जनाउँदै हस्ताक्षर नगरेको स्रोतको दाबी छ । बैठकमा परिषद् सदस्य रामप्रसाद भण्डारीले प्रारम्भिक प्रतिवेदन बुझाउँदै दुवै न्यायाधीशलाई परिषद्मा तान्नुपर्ने र छानबिनका लागि समिति बनाउनुपर्ने सुझाव दिएका थिए । जसमा चौरसियाबाहेकका सबै सदस्यले सहमति जनाएपछि बिहीबारै सर्वोच्चका न्यायाधीश विनोद शर्माको अध्यक्षतामा समिति गठन गरिएको छ ।

### ■ कांग्रेस सभापति देउवाले त पाँच वर्षअघि नै 'आलमलाई छुटाउन लागेको' सार्वजनिक अभिव्यक्ति दिएका थिए

कांग्रेस सभापति शेरबहादुर देउवाले १९ फागुन ०७७ मा रौतहटमै पुगेर एक सार्वजनिक कार्यक्रममा आफू आलम छुटाउन लागेको र लागिरहने अभिव्यक्ति दिएका थिए । उनलाई पुरानो झुटा मुद्दामा फसाइएको भन्दै भोलिका दिनमा परिस्थिति बदलिने भएकाले निर्धक्क भएर बस्न आलमलाई आश्वासनसमेत दिएका थिए । गढीमाई नगरपालिका- ६, धरमपुर, सिंगारवनमा विष्णुपुराण महायज्ञको शुभारम्भ गर्दै उनले भनेका थिए, 'शेख अफताब जेलमा हुनुहुन्छ, उहाँलाई छुटाउन म आफ्नोतर्फबाट लागिरहन्छु । एक दिन परिस्थिति बदलिन सक्छ, ढुक्क भएर बस्नुहोला ।' तर, त्यसको चौतर्फी आलोचना भएपछि प्रेस नोट जारी गरेर आफूले त्यस्तो भन्न नखोजेको देउवाले प्रस्टीकरण दिएका थिए । कांग्रेससहितको गठबन्धन सरकार रहेकै वेला आलमले सफाइ पाउँदा राजनीतिक नेतृत्वको प्रभावमा फैसला आएको भन्दै प्रश्न उठिरहेको छ ।

### ■ सांसद अमरेश सिंहको दाबी र चुनौती

## मुद्दा प्रभावित गर्न कानुनमन्त्रीले न्यायाधीशहरूलाई दिनदिनै फोन गर्छन्, कलडिटेलमा प्रमाणित नभए सांसद पद पनि त्याग्छु

**काठमाडौं** / स्वतन्त्र सांसद अमरेश सिंहले कानुनमन्त्री अजय चौरसियाले मुद्दाहरू प्रभावित गर्न न्यायाधीशहरूलाई फोन गर्ने गरेको दाबी गर्दै 'कलडिटेल' सार्वजनिक गर्न माग गरेका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकमा बोल्दै उनले आफूले हचुवामा नबोलेको र प्रमाणित नभए सांसद पद त्याग्ने चुनौती दिए ।



'नेता र न्यायाधीशको मोबाइलको कलडिटेल सार्वजनिक हुनुपर्छ । म सुन्दै आइरहेको छु- कानुनमन्त्री बिहानबिहानै कसैको मुद्दा जिल्ला अदालतमा छ भने एक नम्बर न्यायाधीशलाई फोन गर्नुहुन्छ, उच्चमा छ भने मुख्य न्यायाधीशलाई फोन गर्नुहुन्छ र सर्वोच्चमा सम्बन्धित न्यायाधीशलाई फोन गर्नुहुन्छ । त्यसकारण म सदनमार्फत माग गर्न चाहन्छु- कानुनमन्त्रीज्यूको कलडिटेल बाहिर आओस्, उहाँ न्यायाधीशसँग किन कुरा गर्नुहुन्छ ?' उनले भने ।

सांसद सिंहले सूचनाकै आधारमा आफूले कलडिटेल मागेको र पुष्टि नभए सांसद पद त्याग्ने चुनौती दिए । 'न्याय कानुन र संविधानले निर्धारण गरेअनुसार हुनुपर्छ । त्यसकारण म कलडिटेल माग्छु । कलडिटेल ल्याउनुस्,

» पृष्ठ ९ मा क्रमशः

### स्वास्थ्य मन्त्रालयले प्रतिबन्ध लगाएको भेप आयात र बिक्री गर्न उच्च अदालतको अनुमति



कानुनको बेवास्ता गर्दै एकोहोरो व्याख्या गरेको भन्दै स्वास्थ्य मन्त्रालयको विरोध

(विस्तृत पृष्ठ ३)

### आन्तरिक राजस्वमा सुधार




सरकारी संस्थान र सार्वजनिक कम्पनीको आयकर घट्दा निजी कम्पनीको योगदान २८.१० प्रतिशतले वृद्धि, व्यक्तिगत आयकरबाट नौ अर्ब आठ करोड संकलन

(विस्तृत पृष्ठ ७)

### कर्नर किक

● रवि मिश्र




# खाली कुर्सीअगाडि बजेटमाथि छलफल

प्रतिनिधिसभामा कांग्रेस-एमालेका मात्रै १६६ सांसद छन्, तर बिहीबारको छलफलमा एमालेका नारायण आचार्य बोल्दा १७ र कांग्रेसका सुरेन्द्रराज आचार्य बोल्दा सत्तापक्षका १५ सांसद मात्रै उपस्थित

**आन्दोलनरत रास्वपाका १७ सांसद भने बैठक अवधिभर पलेँटी कसेर धर्नामा**





**कमलराज भट्ट** / नयाँ पत्रिका

संसद्को चौथो र पाँचौं ठुला दल रास्वपा र राप्रपाले भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकसहितमाथि छानबिनको माग गर्दै आन्दोलन गरिरहेका छन् । तर, सदनभित्रै विपक्षीको स्वरलाई बेवास्ता गर्दै सभामुख देवराज घिमिरेले आगामी आवको बजेटमाथिको छलफल जबर्जस्ती चलाइरहेका छन् । तर, झन्डै दुईतिहाइ बहुमत रहेको सत्तापक्षका सांसद नै छलफलका वेला बैठकमा देखिन छाडेका छन् । रित्ता कुर्सीअगाडि छलफल चल्ने गरेको छ ।

**सभामुखले जबर्जस्ती सदन चलाएकोमा सत्तापक्षकै असन्तुष्टि**

(विस्तृत पृष्ठ ९)

बिहीबार वन, कृषि र कानुन मन्त्रालयको शीर्षकमाथि भएको छलफलमा २१ सांसदले भाग लिए । केहीबेर देखिए पनि सांसदहरू क्रमशः बैठक छाडेर हिँडे । तर, छलफलका क्रममा सत्तापक्षकै अधिकांश कुर्सी खाली देखिएए । एमालेका नारायण आचार्य बोल्दा कांग्रेस रोमा १२ र एमाले रोमा पाँच सांसद मात्रै थिए । माओवादीका सूर्यमान दोङ, एकीकृत समाजवादीका भानुभक्त जोशी र कांग्रेसकी नागिना यादव बोल्दासम्म ती पनि घट्न थाले । कांग्रेसका सुरेन्द्रराज आचार्य बोलिरहँदा सत्तापक्ष रोमा १५ सांसद मात्रै बाँकी थिए । जब कि भिजिट

» पृष्ठ ९ मा क्रमशः

### ■ मध्यम वर्षाले नै राष्ट्रिय राजमार्गको बेहाल

# पछिल्लोपटक ४० घण्टापछि दाउन्ने खण्ड एकतर्फी सञ्चालन, तर बर्खाभर हुनेछैन सहज

■ ०७९ साउनमै बनिसक्नुपर्ने १९ अर्ब लागतको बुटवल-नारायणगढ सडक तीनपटक म्याद थप्दा पनि अधुरो, पछिल्लोपटक थपिएको म्याद पनि ६ साउनमा सकिँदै, भौतिक प्रगति जम्मा ७० प्रतिशत मात्र

नवलपरासीमा **रामकुमार श्रेष्ठ**

हल्कादेखि मध्यम वर्षाले नै पूर्व-पश्चिम राजमार्गअन्तर्गत नवलपरासीको दाउन्ने र दुम्कीबास क्षेत्रमा पटक-पटक सडक अवरुद्ध हुन थालेको छ । पछिल्लोपटक ४० घण्टापछि दाउन्ने खण्ड एकतर्फी सञ्चालनमा आएको छ, तर सरकारी अधिकारीहरूले बर्खाभर सहज नहुने भन्दै अत्यावश्यक कामबाहेक यात्रा नगर्न सुझाएका छन् ।

नवलपरासीको दुम्कीबासस्थित विनयी खोलाको डाइभर्सन बगाउँदा र दाउन्नेमा विस्तारका लागि खनिएको सडक हिलाम्य र चिप्लो हुँदा हरेक दिन अवरुद्ध भइरहेको छ । दाउन्नेको विश्वकर्मा मन्दिर, घ्यु खोलालगायतका क्षेत्रमा बाटो चिप्लो र हिलाम्य छ । बर्खाको सुरुवातीमै देखिएको समस्याले अगाडिका दिन कठिनपूर्ण हुने जनाउ दिएको छ ।

४० घण्टापछि दाउन्ने खण्ड अस्थायी रूपमा सञ्चालनमा आएको छ । त्यससँगै तीन दिन पालो कुरेर बसेका ट्रक बिहीबार राति पास भएका छन् । दाउन्ने खण्डमा ग्राभेल हालेपछि सडक नियमित

» पृष्ठ ९ मा क्रमशः



बुटवल-नारायणगढ खण्डको दाउन्नेको विश्वकर्मा मन्दिर, घ्यु खोलालगायतका क्षेत्रमा बाटो चिप्लो र हिलाम्य छ । बर्खाको सुरुवातीमै देखिएको समस्याले अगाडिका दिन कठिनपूर्ण हुने जनाउ दिएको छ ।

# दैलेखमा मिथेन ग्यास रहेको पुष्टि

जलजलेको कुवामा मात्रै एक अर्ब १२ करोड घनमिटर मिथेन रहेको पुष्टिसहित चिनियाँ जिओलोजिकल सर्भे कम्पनीले सरकारलाई बुझायो प्रतिवेदन, अन्य तीन स्थानमा पनि तीन अर्ब १८ करोड घनमिटर रहेको अनुमान, चारै कुवाबाट अनुमान गरिएजति उत्खनन भए नेपाललाई ५० वर्षलाई धान्ने



● **दिनेशकुमार नापित**
प्रमुख, पेट्रोलियम अन्वेषण प्रवर्द्धन परियोजना

प्रारम्भिक प्रतिवेदनमा मिथेन ग्यास देखिएको छ । सबै प्रक्रिया टुंग्याएर परीक्षण उत्पादन थाल्ने र त्यसबाट ग्यासको प्रकृति तथा व्यावसायिक उत्पादनबारे निर्णय लिइनेछ । चिनियाँ कम्पनीले विस्तृत रिपोर्ट दिएको एक महिनाभित्रै परीक्षण उत्पादन थाल्ने योजना छ ।

दैलेखमा **विष्णु शर्मा**

दैलेखको जलजलेमा एक अर्ब १२ करोड घनमिटर मिथेन ग्यासभण्डार रहेको पुष्टि भएको छ । अनुसन्धानको नेतृत्व गरेको चिनियाँ जिओलोजिकल सर्भे कम्पनीले मिथेन ग्यास रहेको पुष्टिसहितको प्रतिवेदन नेपाल सरकारलाई

» पृष्ठ ९ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



चिनियाँ कम्पनीले जलजलेमा पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यास अन्वेषणका लागि चार हजार १३ मिटरको गहिराइमा पुगेर संकलित नमुनाको परीक्षण गरेको थियो । २८ वैशाख ०८१ देखि थालिएको ड्रिलिङ नौ महिनापछि गत पुसमा सकिएको थियो । त्यसपछि संकलित नमुना परीक्षण गर्दा मिथेन ग्यास रहेको पुष्टि भएको हो ।

### दैलेखमा भेटिएको मिथेन ग्यास के-केमा प्रयोग गर्न सकिन्छ ?

दैलेखमा ठुलो परिमाणमा मिथेन ग्यास भेटिएको पुष्टिसँगै यसको उपयोगिताबारे चासो बढेको छ । आयल निगमका पूर्वकार्यकारी निर्देशकसमेत रहेका पेट्रोलियमविज्ञ सुशील भट्टराईले मिथेन उच्चकोटिको ग्यास भएको बताए । 'हामीले अहिले प्रयोग गरिरहेको एलपी ग्यासको तुलनामा मिथेन उच्चकोटिको हो,' उनले भने, 'यो हलुका र सस्तो हुन्छ, प्रयोग गर्न पनि सरल छ ।' भट्टराईका अनुसार मिथेन ग्यासलाई कम खर्चमै प्रशोधन गरेर प्रयोग गर्न सकिन्छ ।



पेट्रोलियमविज्ञ भट्टराई

'सामान्य शुद्धीकरण गरेर घरघरमा खाना पकाउने ग्यासका रूपमा प्रयोग गर्न सकिन्छ, मिथेनलाई प्रशोधन गर्न ठुलो खर्च लाग्दैन,' उनले भने ।

चिनियाँ टोलीले पनि करिब ६५ करोड रुपैयाँमा प्रशोधन प्लान्ट राखेर मिथेन ग्यास प्रयोग गर्न सकिने प्रारम्भिक अनुमान गरेको छ । भट्टराईका अनुसार दैलेखका भेटिएको मिथेनलाई ठोस बनाएर ट्यांकरमार्फत ढुवानी गरी सहज स्थानमा प्लान्ट राखेर प्रशोधन गर्न सकिन्छ । ठोस मिथेन ढुवानीका लागि विशेष प्रकारको ट्यांकर नै हुने गरेको उनले बताए । त्यस्तै, दैलेखमै प्लान्ट राखेर पाइपलाइनमार्फत घर-घरमा पुर्‍याउन सकिने पनि बताए । 'भारतमा पनि मिथेनलाई प्रशोधन गरिएको प्राकृतिक ग्यास पाइपलाइनमार्फत घरघरमा वितरण भइरहेको छ,' उनले भने ।

त्यस्तै, ठुलो मात्रामा भेटिएको मिथेनबाट बिजुलीसमेत उत्पादन गर्न सकिने उनले बताए । अहिले नेपालमा साना सवारीसाधन मात्रै विद्युतीय प्रणालीमा रूपान्तरण भइरहेको, तर ट्रक, बसलगायत ठुला गाडी विद्युतीयमा रूपान्तरण नभएका वेला मिथेन ग्यासको प्रयोग सबैभन्दा ठुलो उपलब्धि हुने उनको भनाइ छ । 'बस, ट्रकजस्ता डिजेल इन्जिन भएका ठुला सवारीसाधनको इन्जिनलाई एलएनजी बनाएर दैलेखको मिथेन प्रयोग गर्न सकियो भने ठुलो उपलब्धि हासिल हुन्छ,' उनले भने, 'मिथेनलाई एलएनजी बनाउन खासै ठुलो समस्या पनि हुँदैन ।'

भिजिट भिसामार्फत मानव तस्करीमा कांग्रेस प्रमुख सचेतक घिमिरेको विवादित अभिव्यक्ति

## जान चाहनेलाई पैसा लिएर पठाइएको हो, मानव तस्करी भन्न मिल्दैन

नयाँ पत्रिका

भिजिट भिसाको आवरणमा भएको गैरकानुनी असुली र मानव तस्करीलाई सत्तारूढ दल कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले सामान्यीकरण गर्दै विवादित अभिव्यक्ति दिएका छन् । यही मुद्दाले संसद् अवरोध जारी रहेको र चौतर्फी रूपमा गृहमन्त्रीको राजीनामासमेत माग भइरहेका वेला कांग्रेस सांसद घिमिरेले भिजिट भिसा प्रकरणलाई मानव बेचबिखनसँग जोड्न नमिल्ने टिप्पणी गरेका हुन् ।



श्याम घिमिरे

बिहीबार संसद् भवनपरिसरमा पत्रकारहरूसँग कुरा गर्दै घिमिरेले जान चाहनेलाई पैसा लिएर पठाइएकाले यसलाई मानव बेचबिखनसँग जोड्न आवश्यक नरहेको जिकिर गरे । 'यसमा मानव बेचबिखनको कुरा छैन । जो मान्छे जान चाहन्थ्यो, जान चाहने मान्छेसँग पैसा लिएर पठाइयो भन्ने हो । मानव बेचबिखन भनेको तपाईंलाई लगेर मैले कहीँ बेचेँ, कहीँ लगेँ, पैसा लिएर तपाईंलाई कहीँ-कहीँ पुर्‍याएँ र मैले लाभ

» पृष्ठ ९ मा क्रमशः

■ नेपाल-तिब्बत व्यापार सहजीकरण समिति बैठक

# नाका स्तरोन्नतिमा सहयोगका लागि नेपालको आग्रह

■ सीमावर्ती जिल्लाका बासिन्दालाई डिजिटल परिचयपत्र

**पर्शुराम काफ्ले**/नयाँ पत्रिका






**ल्हासास्थित नेपाली महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौला भन्छन्–**
बैठक अत्यन्तै सौहार्दपूर्ण रूपमा भयो। हामीले आफ्ना सरोकारका विषय राखेका छौँ, जसलाई चिनियाँ पक्षले चासोपूर्वक सुनेको छ र सम्बोधन गर्ने प्रतिबद्धता जनाएको छ। यो बैठकले लामो समयदेखिको व्यापार सम्बन्धमा नयाँ युगको सुरुवात गरेको छ।

नेपालले चीनको स्वशासित क्षेत्र तिब्बत (चिनियाँ शब्दावली सिजाङ) सरकारसँग चीन जोड्ने चारवटा सीमानाका स्तरोन्नति र पूर्वाधार निर्माण गरिदिन प्रस्ताव गरेको छ। ल्हासामा मंगलबार र बुधबार बसेको नेपाल- तिब्बत व्यापार सहजीकरण समितिको १३औं बैठकमा नेपाल र तिब्बतबिच व्यापार सहजीकरणदेखि सीमावर्ती जिल्लाका बासिन्दालाई डिजिटल परिचयपत्र बनाउने विषयमा छलफल भएको छ।

बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको द्विपक्षीय तथा क्षेत्रीय व्यापार महाशाखा प्रमुख सहसचिव विपिन आचार्यले नेतृत्व गरेको प्रतिनिधिमण्डलमा ल्हासास्थित नेपाली महावाणिज्य दूत लक्ष्मीप्रसाद निरौलालगायत गृह, अर्थ, कृषि मन्त्रालयका अधिकारी सहभागी थिए। तिब्बत जनसरकारका उपमहासचिव वाङ किचुनले नेतृत्व गरेको चिनियाँ प्रतिनिधिमण्डलमा वाणिज्य विभाग, विदेश मामिला कार्यालय, चीन भन्सार र तिब्बतका अन्य निकायका अधिकारी सहभागी थिए।

बैठकमा नेपाल पक्षले तातोपानी जोड्ने अरनिको राजमार्ग र मुस्ताङबाट कोरला नाका जोड्ने बाटो तथा पूर्वाधार, ताप्लेजुङको ओलाङचुङगोला नाका तथा संखुवासभास्थित किमाथांका नाका जोड्ने बाटो एवं व्यापारिक केन्द्रसहित प्रमुख पूर्वाधारको स्तरोन्नति सहयोगका लागि अनुरोध गरेको छ।

'बैठक अत्यन्तै सौहार्दपूर्ण रूपमा भयो। हामीले आफ्ना सरोकारका विषय राखेका छौँ, जसलाई चिनियाँ पक्षले चासोपूर्वक सुनेको छ र सम्बोधन गर्ने प्रतिबद्धता जनाएको छ,' नेपाली महावाणिज्यदूत निरौलाले ल्हासाबाट टेलिफोनमा भने, 'यो बैठकले लामो समयदेखिको व्यापार सम्बन्धमा नयाँ युगको सुरुवात गरेको छ।' नेपाली प्रतिनिधिमण्डल शुक्रबार सिगात्सेस्थित चिनियाँ सुक्खा बन्दरगाहको भ्रमण गरेर ल्हासा फर्केको उनले जानकारी दिए।

'नेपाली पक्षले अरनिको राजमार्ग र मुस्ताङ (कोरला), ओलाङचुङगोला र किमाथांकाजस्ता व्यापारिक केन्द्रहरूसहित प्रमुख पूर्वाधारहरूको स्तरोन्नतिमा ध्यान केन्द्रित गरेको छ,' महावाणिज्य दूतावासले जारी गरेको विज्ञप्तिमा भनिएको छ। बैठकमा रसुवागढी-केरुङबाहेक यी चार नाकालाई सबै याममा सञ्चालनमा ल्याउने सम्भावनाबारे छलफल भएको छ।

निरौलाका अनुसार सीमावर्ती जिल्लाका बासिन्दालाई विद्युतीय परिचयपत्रका आधारमा सीमापार आवातजावत गर्न दिने यसअघि नै सहमति भएको थियो। यसअघि प्रमुख जिल्ला अधिकारीले हस्ताक्षर गरेको हस्तलिखित परिचयपत्रका आधारमा सीमावर्ती जिल्लाका बासिन्दाले एक-अर्को देशमा ३० किलोमिटरसम्म आवातजावत गर्न सकिने व्यवस्था थियो। जानकार अधिकारीहरूका अनुसार चिनियाँ पक्षको अनुरोधमा नेपालले सीमावर्ती जिल्लाबाट विद्युतीय परिचयपत्र जारी गर्ने वचन दिइसकेको छ।

'गत वर्ष नै यसमा सहमति भएअनुसार नेपालले विद्युतीय परिचयपत्रको ढाँचा बनाइसकेको छ। यसमा चिनियाँ पक्षले केही सुझाव दिएको छ, त्यसअनुसार अब अन्तिम रूप दिने र सीमावर्ती जिल्लाका बासिन्दालाई आवेदनका आधारमा उपलब्ध गराउने जानकारी बैठकमा गराइएको छ,' बैठकमा सहभागी अर्का नेपाली अधिकारीले टेलिफोनमा भने। विद्युतीय परिचयपत्रका आधारमा दुवैतर्फका बासिन्दा परम्परागत १४ नाका तथा अन्तर्राष्ट्रिय नाकाहरूमा परिचयपत्र देखाएर आवातजावत गर्न सक्नेछन्।

दुवै देशका सीमावर्ती जिल्लामा व्यापार गर्नेको भुक्तानी कठिनाइलाई सम्बोधन गर्न दुवै पक्षले नेपाल र तिब्बत दुवैतिर बैंक खाता खोल्न सहजीकरण गर्ने पनि सहमति भएको छ।

## बालेनले चारवटै समितिका संयोजकलाई पुरानै जिम्मेवारीमा फर्काए



**काठमाडौं**/ काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह बालेनले चारवटै समितिका संयोजकलाई पुरानै जिम्मेवारीमा फर्काएका छन्। १ जेठमा कार्यपालिकाअन्तर्गत चारवटा समितिका संयोजकको जिम्मेवारी हेरफेर गरे पनि वडाध्यक्षबाट व्यापक विरोध भएपछि बालेनले सच्याएका हुन्। पहिले जे-जे जिम्मेवारी दिइएको थियो, त्यही जिम्मेवारीमा फर्काइएको बालेनको सचिवालयले जनाएको छ। सचिवालयका अनुसार वडा नम्बर १७ का अध्यक्ष नवीन मानन्धर, वडा नम्बर २६ का अध्यक्ष ख्यामराज तिवारी, वडा नम्बर ८ का अध्यक्ष आशामान संगत र वडा नम्बर २३ का अध्यक्ष मचाराजा महर्जनलाई पहिलेकै समितिमा संयोजकको जिम्मेवारीमा फर्काईएको हो। यसअघि बालेनले क्रमशः वडा नम्बर ५ का अध्यक्ष वीरेन्द्र प्रजापति, वडा नम्बर ३० का अध्यक्ष दलबहादुर कार्की, वडा नम्बर २४ का अध्यक्ष विनोदकुमार राजभण्डारी र वडा नम्बर १६ की अध्यक्ष रोजिना श्रेष्ठलाई संयोजक तोकेका थिए।

## भाउजूको हत्या गर्ने पक्राउ

**मकवानपुर**/ घरेलु विवादका कारण मकवानपुरको थाहा नगरपालिका-१ कुन्छालमा नातामा देवर पर्ने युवकले धारिलो हतियार प्रयोग गरी भाउजूको हत्या गरेका छन्। बिहीबार दिउँसो २:२० बजेतिर ५० वर्षीया तुलमाया गोपालीलाई देवर नाता पर्ने विमलमान गोपालीले खुकुरी प्रहार गरी हत्या गरेका हुन्। खुकुरी प्रहारबाट तुलमायाको शरीरबाट टाउको छुट्टिएको प्रहरीले जनाएको छ। घटनाको जानकारी पाएलगत्तै स्थानीयले प्रहरीलाई खबर गरेका थिए।

मकवानपुर प्रहरी प्रवक्ता डिएसपी श्यामु अर्यालका अनुसार हत्या गरेपछि फरार ३५ वर्षीय विमलमानलाई पौने ४ बजे थाहा नगरपालिका- ३ स्थित थानाबजारबाट खुकुरीसहित पक्राउ गरेको थियो। उनलाई अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय पालुङमा राखी सोधपुछ गरिएको प्रहरीले जनाएको छ। तुलमायाको शव पोस्टमार्टमका लागि काठमाडौंस्थित शिक्षण अस्पताल पठाइएको छ। घटनाको पछाडि पारिवारिक मनमुटाव वा पुरानो विवाद रहेको प्रहरीले आशंका गरेको छ। विमलमानले आफ्नो घर बिग्रिनुमा तुलमायाको हात रहेकाले हत्या गरेको प्रहरीलाई बताएका छन्। प्रहरी प्रवक्ता अर्यालले विमलमानको श्रीमतीसँग सम्बन्ध विच्छेद भएको र उनीसँग सात वर्षको छोरो रहेको जानकारी दिए। लागुऔषधको प्रयोगकर्तासमेत रहेका विमलमान केही समय रिहाबमा समेत रहेको बुझिएको अर्यालले बताए।

**NIC ASIA**
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

## गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

**तपसिल**

| क्र.सं. | गैर बैकिङ्ग सम्पतिको विवरण |
|---|---|
| १. | चितवन जिल्ला, मेघौली गा.वि.स. वडा नं. ५ ख (हाल भरतपुर म.न.पा. वडा नं. २७) स्थित कित्ता नं. ७८० र ७८१ को क्षेत्रफल क्रमश: १६९.३० र २४२९.६७ (व.मी) को जग्गा। |
| २. | रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६ ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५०७ र ६४९ को क्षेत्रफल क्रमश:०-०-१६ र ०-१-५ (विगाह) को घर/जग्गा। |
| ३. | महोत्तरी जिल्ला, औरही गा.वि.स वडा नं.३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. ९२८, ६११ र ९२९ को क्षेत्रफल क्रमश: ०-०-५-०, ०-०-७-० र ०-०-३-० (विगाह) को घर/जग्गा। |
| ४. | कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ (हाल पोखरा म.न.पा. वडा नं. ३२) स्थित कित्ता नं. ८८७३, ८९०९ र ८८२४ को क्षेत्रफल क्रमश: ०-५-०-०, ०-६-३-० र ०-६-२-१ (रोपनी) को जग्गा। |
| ५. | रुपन्देही जिल्ला, मधवनी गा.वि.स वडा नं. ७ (हाल रुपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११२२ क्षेत्रफल ०–०–१४.७५-० (विगाह) को घरजग्गा र कित्ता नं. १३१० को क्षेत्रफल ०–१–१०.७५-० ( विगाह) को जग्गा। |
| ६. | चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ०९ (हाल रत्ननगर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २१६ को क्षेत्रफल ०-१-१५-० (विगाह) को जग्गा। |
| ७. | काठमाडौं जिल्ला, थली डाँछी गा.वि.स वडा नं. ३ग (हाल कागेश्वरी मनोहरा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४ को क्षेत्रफल १२७.१९ (व.मी) को घरजग्गा। |
| ८. | रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३२३ को क्षेत्रफल ०-६-१०-० (विगाह) को जग्गा। |
| ९. | मोरङ जिल्ला, हरैंचा गा.वि.स. वडा नं. ९ ग (हाल सुन्दरहरैंचा न.पा. वडा नं. १२) स्थित कित्ता नं. १०३७ र ३३४७ को क्षेत्रफल क्रमश: ०-०-८.७५-० र ०-०-१०-० (विगाह) को घरजग्गा। |
| १०. | ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १/ब (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. १६८ र १७२ को क्षेत्रफल १-१२-१-० र १-८-३-० (रोपनी) को जग्गा। |
| ११. | रुपन्देही जिल्ला, मधवलिया न.पा. वडा नं. ७/क (हाल तिलोत्तमा न.पा. वडा नं. १६) स्थित कित्ता नं. १५२ को क्षेत्रफल ०-१-७-० (विगाह) को घरजग्गा। |
| १२. | बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ८/ख (हाल निजगढ न.पा. वडा नं. ९) स्थित कित्ता नं. १२०१ को क्षेत्रफल ०-२-५-८ (विगाह) को जग्गा। |
| १३. | जुम्ला जिल्ला, हाकु गा.वि.स वडा नं. ४ ख स्थित कित्ता नं. ११६ को क्षेत्रफल १७५० ब.मि. को घर/जग्गा। |
| १४. | रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थित कित्ता नं. ११८ को क्षेत्रफल ३४६.३५ (व.मि) को घरजग्गा। |
| १५. | सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ख स्थित कित्ता नं. २००७ को क्षेत्रफल ९३.१३ (व.मि.) को घरजग्गा। |
| १६. | सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ख स्थित कित्ता नं. २९९८ को क्षेत्रफल ९३.१३ (व.मि.) को जग्गा। |
| १७. | सुर्खेत जिल्ला, गोठीकाँडा गा.वि.स. वडा नं. २क स्थित कित्ता नं. २६५४ को क्षेत्रफल ९० (व.मि.) को घरजग्गा। |
| १८. | धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वडा नं. ५/क (हाल मिथिला न.पा. वडा नं. ६) स्थित कित्ता नं. १९२३ को क्षेत्रफल १५४.९३ (व.मि) को घर जग्गा। |
| १९. | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, बन्जरिया गा.वि.स. वडा नं. ९/ख (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १४० को क्षेत्रफल ०-१६-११-० (विगाह) को घरजग्गा। |
| २०. | झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं.६ (हाल भद्रपुर न.पा. वडा नं.१०) स्थित कित्ता नं. ८३०७ र ८३२९ को क्षेत्रफल क्रमश: ०-१-४-० र ०-२-०-० (विगाह) को घरजग्गा। |
| २१. | तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. ४ स्थित कित्ता नं. ४३२ को क्षेत्रफल ०-३-३-२ (रोपनी) को घरजग्गा। |
| २२. | ललितपुर जिल्ला, विष्टछाप गा.वि.स. वडा नं.८/८(ख) ( हाल गोदावरी न.पा. वडा नं.२) स्थित कित्ता नं. २२० को क्षेत्रफल ०-८-१-० (रोपनी) को जग्गा। |
| २३. | महोत्तरी जिल्ला, १५ नं बहादुरगंज गा.वि.स वडा नं २ ग (हाल बर्दिवास न.पा वडा.नं ८) स्थित कित्ता नं. १३७ को क्षेत्रफल ०-१-२.५-० (विगाह) को घरजग्गा। |
| २४. | महोत्तरी जिल्ला, १५ नं बहादुरगंज गा.वि.स वडा नं ३ ग (हाल बर्दिवास न.पा वडा.नं ८) स्थित कित्ता नं. ४६ को क्षेत्रफल ०-१-० (विगाह) को जग्गा। |
| २५. | पर्सा जिल्ला, मजडिया पिप्रा गा.वि.स. वडा नं. ५ गा (हाल वीरगंज उ.म.न.पा. वडा नं. १४) स्थित किता नं. ५१ को क्षेत्रफल ०-०-१० (विगाह) को घर/जग्गा। |
| २६. | सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स. वडा नं. ४ ख (हाल धनगढीमाई न.पा. वडा नं. ६) स्थित कित्ता नं. ६०८, ८७३, ९४८ र ९४९ को क्षेत्रफल क्रमश: ०-१-१५-०, ०-५-०-०, ०-६-०-० र ०-१-१८-० (विगाह) को जग्गा। |
| २७. | चितवन जिल्ला, वीरेन्द्रनगर गा.वि.स. वडा नं. ७ ख (हाल राप्ती न.पा. वडा नं. ९) स्थित किता नं. ७६० को क्षेत्रफल ०-१-१६.७५-० (विगाह) को जग्गा। |
| २८. | कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ स्थित कित्ता नं. १४५ को क्षेत्रफल ३२२.६० (ब.मि.) को घरजग्गा। |
| २९. | बारा जिल्ला, भगवानपुर गा.वि.स. वडा नं. ८ (हाल आदर्श कोतवाल गा.पा. वडा नं. १) स्थित किता नं. ५८४ को क्षेत्रफल ०-१०-० (विगाह) को जग्गा। |
| ३०. | पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. १) स्थित किता नं. १०५ को क्षेत्रफल १५६.६ (व.मी. )को घरजग्गा। |
| ३१. | महोत्तरी जिल्ला वहादुरगंज उ.म.न.पा./गा.वि.स. वडा नं. ६क हाल महोत्तरी जिल्ला, गौशाला न.पा वडा नं. ०८ स्थित कित्ता नं. १३५ को क्षेत्रफल ०-१६-९-० (विगाह) को जग्गा। |
| ३२. | भक्तपुर जिल्ला, मध्यपुर थिमि न.पा वडा नं. ७ (हाल मध्यपुर थिमि न.पा वडा नं. ६) स्थित कित्ता नं. ११७ र ११८ को क्षेत्रफल १७६.८८ र १७६.८८ (ब.मी) को जग्गा। |
| ३३. | सुनसरी जिल्ला, भैरौल गा.वि.स वडा नं. ४/ग स्थित कित्ता नं. १७७३ को क्षेत्रफल ०-०-१५.२५ (विगाहा) को घरजग्गा। |
| ३४. | सुनसरी जिल्ला, भैरौल गा.वि.स वडा नं. ४/ग स्थित कित्ता नं. १६०६, १६०३ र १४७४ को क्षेत्रफल क्रमश: ०-०-१०, ०-०-१२.५ र ०-१-० (विगाह)को घरजग्गा। |
| ३५. | कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ (हाल पोखरा न.पा. वडा न. ३२) स्थित कित्ता नं. ६४८३ र ८७१४ को क्षेत्रफल क्रमश: ०-२-०-२ र ०-४-३-३ (रोपनी) को घरजग्गा। |
| ३६. | मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ४४१३ को क्षेत्रफल ०-३-२-० (विगाहा) को जग्गा। |
| ३७. | मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. १८३५ को क्षेत्रफल ०-८-४-० (विगाहा) को जग्गा। |
| ३८. | रुपन्देही जिल्ला, गंगोलिया गा.वि.स. वडा नं. ७क स्थित कित्ता नं. १०८ को क्षेत्रफल ०-९-१३-० -विगाहा) को जग्गा। |
| ३९. | नवलपरासी (ब.सु.पु) जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं ७३२ को क्षेत्रफल ०-५-१०-० (विगाह) जग्गा। |
| ४०. | नवलपरासी (ब.सु.पु) जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं ७३४ को क्षेत्रफल ०-१-८.७५-० (विगाह) जग्गा। |
| ४१. | नवलपरासी (ब.सु.पु), जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं ७३५ को क्षेत्रफल ०-१-१९.७५-० (विगाह) जग्गा। |
| ४२. | रौतहट जिल्ला, मर्यादपुर गा.वि.स. वडा नं. २ (हाल मौलापुर न.पा. वडा नं. १) स्थित कित्ता नं. ४३६ र ४३८ को क्षेत्रफल क्रमश: ०-१-८-० र ०-१-१२-० (विगाह) को जग्गा। |
| ४३. | झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ११५७ को क्षेत्रफल ००२६६.६५ (व.मि) को घरजग्गा। |
| ४४. | मकवानपुर जिल्ला, हटिया गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ३७८०, ३७७९ र ४५१२ को क्षेत्रफल क्रमश: २७०.८८, ११८.५१ र ६२६.४४ (व.मी)को जग्गा। |
| ४५. | रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९१० र ९११ को क्षेत्रफल क्रमश : ०–५–१५ र ०–५–१५ (विगाहा) को जग्गा। |
| ४६. | रौतहट जिल्ला, विश्रामपूर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १२४९ को क्षेत्रफल ०–४–१४ (विगाहा) को जग्गा। |
| ४७. | कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १४ स्थित कित्ता नं ७९ को क्षेत्रफल १९५.१० (ब.मी.) को घरजग्गा। |
| ४८. | रौतहट जिल्ला, पथराबुधराम गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. २०२ को क्षेत्रफल ०-९-२ (विगाहा) को जग्गा। |
| ४९. | पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. १ग स्थित कित्ता नं. ६८ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा। |
| ५०. | झापा जिल्ला, हल्दिबारी गा.पा. वडा नं. २ख स्थित कित्ता नं. ३६६४ को क्षेत्रफल ०-१२-१२-० (बिगाह) को जग्गा। |
| ५१. | काठमाडौं जिल्ला, गोठाटार गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ८१ को क्षेत्रफल ०-७-१-१ (रोपनी) को घरजग्गा। |
| ५२. | सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स. वडा नं. ३ग स्थित कित्ता नं. ३२१ को क्षेत्रफल ०-४-० (विगाह) को जग्गा। |
| ५३. | धनुषा जिल्ला, बेंगा डावर गा.वि.स. वडा नं. ८क स्थित कित्ता नं. ४३२ र ४३४ को क्षेत्रफल क्रमश: ०-१-१७-० र ०-२-०-० (विगाह) को जग्गा। |
| ५४. | पर्सा जिल्ला, विरुवागुठी गा.वि.स. वडा नं. ६ क (हाल पर्सागाडी न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०७२, ३०० र ९०९ को क्षेत्रफल कमश: ०-४-०-०, ०-१३-०-० र ०-४-१२-० (विगाह) को घर/जग्गा। |
| ५५. | भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. ३ (हाल सूर्यविनायक न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११६३ र ११७७ को क्षेत्रफल क्रमश: २५४.३२ र ३२५.८५ (व.मि) को जग्गा। |
| ५६. | रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स. वडा नं. २ क (हाल तिलोत्तमा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ४०२४ र ४०३० को क्षेत्रफल क्रमश: ०-०-५-० र ०-०-५-० को घरजग्गा। |
| ५७. | सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ९ (हाल विष्णुपुर गा.पा. वडा नं. १) स्थित कित्ता नं. १०८९, १०९०, १०९१ र १०९२ को क्षेत्रफल क्रमश ०–०–१२.५, ०–०–१२.५, ०–०–२.२५ र ०–०–२.२५ (विगाह) को घरजग्गा। |
| ५८. | कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १२ च स्थित कित्ता नं. १४६ को क्षेत्रफल ०-१८-१५-० (विगाह) को जग्गा। |
| ५९. | चितवन जिल्ला, गुन्जनगर गा.वि.स. वडा नं. ८ (हाल भरतपुर म.न.पा. वडा नं. १७) स्थित कित्ता नं. ३३१ र ३३८ को क्षेत्रफल क्रमश: ३३८.६३ र ५०७.९४ (व.मि) को जग्गा। |
| ६०. | चितवन जिल्ला, गुन्जनगर गा.वि.स. वडा नं. ८ ग (हाल भरतपुर म.न.पा. वडा नं. १७) स्थित कित्ता नं. ३५६ को क्षेत्रफल २७०.४७ (व.मि) को जग्गा। |
| ६१. | तनहुँ जिल्ला, ढोरफिर्दी गा.वि.स. वडा नं. ७ क स्थित कित्ता नं. ३३८ को १-११-१-१ (रोपनी) को घरजग्गा। |
| ६२. | सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ९/क (हाल कर्जन्हा न.पा. वडा नं. ११) स्थित कित्ता नं. ५४० को ०-०-१०-० (विगाह) को घर जग्गा। |
| ६३. | मकवानपुर जिल्ला, रातोमाटे गा.वि.स. वडा नं. ३ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १५) स्थित कित्ता नं. २६४३ को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा। |
| ६४. | सर्लाही जिल्ला, सिसौटिया गा.वि.स. वडा नं. ५ (हाल गोडैता गा.वि.स. वडा नं. १०) स्थित कित्ता नं. ६८ को क्षेत्रफल ०-४-४-० (विगाह) को घर/जग्गा। |
| ६५. | सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. १ (हाल गोलबजार न.पा. वडा नं. ८) स्थित कित्ता नं. ७७२ र ३१२० क्षेत्रफल क्रमश: ४२.३३ र २११.६३ (व.मि) को घरजग्गा। |
| ६६. | सिन्धुली जिल्ला, महेन्द्र सदाभिर ग.वि.स./उ.म.न.पा. वडा नं. ५ क (हाल दुधौली न.पा. वडा नं. ९) स्थित कित्ता नं. ८५ र ८६ को क्षेत्रफल क्रमश: ०-५-१४-० र ०-६-६-२ (विगाह) को जग्गा। |
| ६७. | सिन्धुली जिल्ला, महेन्द्र सदाभिर ग.वि.स./उ.म.न.पा. वडा नं. ४ ख (हाल दुधौली न.पा. वडा नं. ९) स्थित कित्ता नं. १२४० को क्षेत्रफल ०-१८-३-० (विगाह) को जग्गा। |
| ६८. | धनुषा जिल्ला, सखुवा गा.वि.स. वडा नं. ६ घ (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ६) स्थित कित्ता नं. १०९५ को क्षेत्रफल ०-०-१४-८ (विगाह) को घरजग्गा। |
| ६९. | धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५७९ को क्षेत्रफल १-०-०-० (विगाहा) को जग्गा। |
| ७०. | धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. २/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ९८७ को क्षेत्रफल ०-११-० (विगाहा) को जग्गा। |
| ७१. | धनुषा जिल्ला, धनूषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५८१ को क्षेत्रफल ०-९-२-१२ (विगाहा) को जग्गा। |
| ७२. | धनुषा जिल्ला, धनूषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५८२ को क्षेत्रफल ०-७-९-० (विगाहा) को जग्गा। |
| ७३. | धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. १ (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ७०० को क्षेत्रफल ०-०-१५-८ (विगाहा) को जग्गा। |
| ७४. | मोरङ जिल्ला, राजघाट गा.वि.स. वडा नं. ६/ष (हाल रतुवामाई न.पा. वडा नं. ८) स्थित कित्ता नं. ४३५ को क्षेत्रफल १-१४-४ (विगाहा) को जग्गा। |
| ७५. | बारा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. ३८२ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा। |
| ७६. | बारा जिल्ला, तेलकंवा गा.वि.स. वडा नं. १ (हाल महागढीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३२४ को क्षेत्रफल ०-४-१५-० (विगाहा) को जग्गा। |
| ७७. | कास्की जिल्ला, हेम्जा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ५३१६ र ५७८८ को क्षेत्रफल क्रमश: ०-३-१-३ र ०-२-२-० (रोपनी) को जग्गा। |
| ७८ | पर्सा जिल्ला, सिसिर्या ख.टो. गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २५) स्थित कित्ता नं. १०६ र ६७२ को क्षेत्रफल क्रमश: ३२५.०० र ४६.६६ (व.मि) को जग्गा। |
| ७९. | तनहुँ जिल्ला, दोरदोर गा.वि.स. वडा नं. ५ (हाल भानु न.पा. वडा नं. १) स्थित कित्ता नं. १४४२ को क्षेत्रफल ५३४.५७ (व.मि) को घरजग्गा। |
| ८०. | सुनसरी जिल्ला, हांसपोसा गा.वि.स. वडा नं. २ क स्थित कित्ता नं. ३६८१ को क्षेत्रफल ०-०-१०.५०-० (विगाह) को घरजग्गा। |
| ८१. | सर्लाही जिल्ला, कार्तोली गा.वि.स. वडा नं. १ घ (हाल हरिवन न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७८ को क्षेत्रफल ०-५-० (विगाहा) को जग्गा। |
| ८२. | रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. १ (हाल बौधीमाई न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६४५ र ६४७ को क्षेत्रफल क्रमश: ०-१-१५-० र ०-०-५-० (विगाह) को जग्गा। |
| ८३. | बैतडी जिल्ला, पाटन गा.वि.स. वडा नं. ९ (हाल पाटन न.पा. वडा नं. ९) स्थित कित्ता नं. ७१ को क्षेत्रफल ०-३-३-० (रोपनी) को घरजग्गा। |
| ८४. | रौतहट जिल्ला, देवाही गा.वि.स. वडा नं. १ (हाल देवाही गोनाही न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७१४ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा। |
| ८५. | रौतहट जिल्ला, देवाही गा.वि.स. वडा नं. २ (हाल देवाही गोनाही न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७६४ को क्षेत्रफल ०-०-७-८ (विगाह) को घरजग्गा। |
| ८६. | मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ०६ (हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ४०१ को क्षेत्रफल ०-८-५-० (विगाह) को जग्गा। |
| ८७. | मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ०८ (हेटौंडा उ.म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. १९९५ को क्षेत्रफल ०-३-०-० (विगाह) को जग्गा। |
| ८८. | मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ०६ (हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं.८२५ को क्षेत्रफल ०-३-९.५-० (विगाह) को घरजग्गा। |
| ८९. | नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. १६२७ को क्षेत्रफल ०-१६-१७.५-० (विगाह) को जग्गा। |
| ९०. | नवलपरासी जिल्ला, रजहर गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ६५३ को क्षेत्रफल ०-५-०-० (विगाह) को जग्गा। |
| ९१. | बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ (हाल सिमरा जितपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २०५३ र २०५४ को क्षेत्रफल क्रमश: ०-०-६-० र ०-०-७-० (विगाह) को जग्गा। |
| ९२. | भक्तपुर जिल्ला, ताथली गा.वि.स. वडा नं. ४ क (हाल चाँगुनारायण न.पा. वडा नं. ९) स्थित कित्ता नं. २२७ को क्षेत्रफल १-२-३-० (रोपनी) को जग्गा। |
| ९३. | काठमाण्डौ जिल्ला, काभ्रेस्थली गा.वि.स. वडा नं. ७ क (हाल तारकेश्वर न.पा. वडा नं. २) स्थित कित्ता नं. ६३७ को क्षेत्रफल १-६-२-२ (रोपनी) को जग्गा। |
| ९४. | रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. २/ख (हाल फतुवा विजयपुर न.पा. वडा नं. ८) स्थित कित्ता नं. ४६ को क्षेत्रफल २३७०.४८ (व.मि) को जग्गा। |
| ९५. | पर्सा जिल्ला, बहुअर्वा भाठा गा.वि.स. वडा नं. २ ग (हाल विन्दवासिनी गा.पा. वडा नं. २) स्थित कित्ता नं. ७३७ को क्षेत्रफल ०-०-१७-४ (विगाह) को घरजग्गा। |
| ९६. | सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ६/ख (हाल विष्णुपुर गा.पा. वडा नं. १) स्थित कित्ता नं. ४०४६ को क्षेत्रफल ०-०-८-० (विगाह) को घरजग्गा। |
| ९७. | सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ६/ख (हाल विष्णुपुर गा.पा. वडा नं. १) स्थित कित्ता नं. ३१९ र ३९३८ को क्रमश: ०-१-९-० र ०-०-८१/४-० (विगाह) को घर/जग्गा। |
| ९८. | चितवन जिल्ला, श्रिपुर गा.वि.स. वडा नं. ९ (हाल भरतपुर म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. १२२९ को क्षेत्रफल १६९३.१६ (व.मि) को जग्गा। |
| ९९. | बाँके जिल्ला, चटार गा.वि.स. वडा नं. ४/ङ (हाल कोहलपुर न.पा. वडा नं. १२) स्थित कित्ता नं. १९९३ र २२७३ को क्षेत्रफल क्रमश: ०-०-१२$^{३/४}$-० र ०-०-०$^{३/४}$-० (विगाह) को घरजग्गा। |
| १००. | धनुषा जिल्ला, तेजनगर गा.वि.स. वडा नं. १ क (हाल धनुषाधाम न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३८४०, ३८४१, ३८४२, ४०४७, १३३९, ६५२ र ३३६० को क्षेत्रफल क्रमश: ०-०-४-६.५, ०-०-१८-९.५, ०-०-१२-०, ०-०-१८-०, ०-०-१३-९, ०-०-११-८ र ०-०-३-० (विगाह) को घर/जग्गा। |
| १०१. | धनुषा जिल्ला, तेजनगर गा.वि.स. वडा नं. १ क (हाल धनुषाधाम न.पा. वडा नं. ३) स्थित कित्ता नं. १३१५ को क्षेत्रफल ०-०-८-० (विगाह) को घरजग्गा। |
| १०२. | रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ८८३७ को क्षेत्रफल ०-०-१०-० (विगाह) को जग्गा। |
| १०३. | रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ५३२९ को क्षेत्रफल ०-०-७$^{१/४}$-० को घरजग्गा। |
| १०४. | रौतहट जिल्ला, कनकपुर गा.वि.स. वडा नं. १ (हाल गुजरा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १११७ र १११९ को क्षेत्रफल क्रमश: ०-१-०-० र ०-२-०-० (विगाह) को घरजग्गा। |
| १०५. | तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. ४ ग (हाल बन्दिपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. २७६ को क्षेत्रफल ०-४-१-२ (रोपनी) को घरजग्गा। |
| १०६. | तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. १९१२ को क्षेत्रफल ०-७-०-० (रोपनी) को जग्गा। |
| १०७. | तनहुँ जिल्ला, साभुङ भगवतीपुर गा.वि.स. वडा नं. ४ झ स्थित कित्ता नं. ८१६, ८७०, ८२०, ८४३ र ८२३ को क्षेत्रफल क्रमश: ३९७.४५, १५३.०२, २७०.२७, १८६.८० र ६९७.५३ (व.मी) को जग्गा। |
| १०८. | कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ७ स्थित कित्ता नं. २०३, ३६ र १७५ को क्षेत्रफल क्रमश: १११६.७४, २६८० र २६८० (व.मी) को जग्गा। |
| १०९. | नवलपरासी जिल्ला, स्वाठी गा.वि.स. वडा नं. ८/क (हाल सुनवल न.पा. वडा नं. ९) स्थित ६२३ र ६२४ को क्षेत्रफल क्रमश: २३९.१२ र १३५.४३ (व.मी) को घरजग्गा। |
| ११०. | रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ९/क (हाल बुटवल उ.म.न.पा. वडा नं. ११) स्थित कित्ता नं. १०३७२ को क्षेत्रफल ०-०-५.५०-० (विगाह) को घरजग्गा। |
| १११. | सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ९ ख स्थित कित्ता नं. ४४५८ र ३५२० को क्षेत्रफल क्रमश: ०-०-१-५ र ०-०-५-० (विगाह) को घरजग्गा। |
| ११२. | चितवन जिल्ला, पटिहानी गा.वि.स. वडा नं. २ ग स्थित कित्ता नं. २०४० को क्षेत्रफल ६४०.६७ (व.मि) को घरजग्गा। |
| ११३. | झापा जिल्ला, बाहुनडांगी गा.वि.स. वडा नं. ६ (हाल मेचीनगर न.पा. वडा नं. ४) स्थित कित्ता नं. २६२ को क्षेत्रफल ०-४-०-० (विगाह) को जग्गा। |

**लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
३. बिक्री गरिने सम्पत्तिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन्।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

# स्वास्थ्य मन्त्रालयले प्रतिबन्ध लगाएको भेप आयात र बिक्री गर्न उच्च अदालतको अनुमति

## कानुनको बेवास्ता गर्दै एकोहोरो व्याख्या गरेको भन्दै स्वास्थ्य मन्त्रालयको विरोध

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

उच्च अदालत पाटनले स्वास्थ्य मन्त्रालयले प्रतिबन्ध लगाएको इ-सिगरेट (भेप)को आयात र बिक्री-वितरणमा अनुमति दिएको छ। मन्त्रालयले एक वर्षदेखि भेपको आयात र बिक्रीमा रोक लगाए पनि गत २१ जेठमा उच्चका न्यायाधीशद्वय कविप्रसाद न्यौपाने र हेमन्त रावलको संयुक्त इजलासले बाटो खुला गरिदिएको हो।

अदालतले कानुनलाई बेवास्ता गर्दै भेप आयात र बिक्री गर्न दिएको आदेशबारे स्वास्थ्य मन्त्रालय भने बेखबर छ। अर्थ मन्त्रालय, भन्सार विभागलगायतले भेपको आयात रोकेको भन्दै भेप मान्डु ट्रेडर्सले सञ्चार र अर्थ मन्त्रालय, भन्सार तथा वाणिज्य विभागसमेतलाई विपक्षी बनाएर उच्चमा रिट दायर गरेको थियो। निवेदनमा स्वास्थ्य मन्त्रालयलाई विपक्षी भनेर उल्लेख गरिएको थियो। सुनुवाइको मौका नै नदिई अदालतले त्रुटिपूर्ण आदेश दिएको भन्दै स्वास्थ्य मन्त्रालयले असन्तुष्टि जनाएको छ।

स्वास्थ्य मन्त्रालयका सचिव डा. विकास देवकोटाले अदालतलाई स्वास्थ्य कानुनबारे थाहा नभएकाले त्यस्तो आदेश दिएको हुन सक्ने बताए। 'विपक्षी नभएका कारण पनि स्वास्थ्य मन्त्रालयको कानुन वा मर्म कहिलेकाहीँ अदालतलाई थाहा नहुन सक्छ, तर यो त राम्रो भएन,' उनले भने, 'हामीले शुक्रबार नै उच्च अदालतलाई यससम्बन्धी मन्त्रालयको कानुनबारे जानकारी गराउँछौँ।'

अर्थ मन्त्रालय र भन्सार विभागले एक वर्षअघि स्वास्थ्य मन्त्रालयको पत्रअनुसार भेपको आयात रोकेका थिए। तर, विपक्षीले कानुनी खेल रच्दै स्वास्थ्यलाई थाहै नदिने गरी अर्थ र सञ्चार मन्त्रालय, वाणिज्य विभागलगायत विपक्षी बनाएर मुद्दा दायर गरेका थिए। तर, अदालतको आदेशसँगै प्रतिबन्धित भेप फेरि आयात हुन थालेको हो।

भेपको प्रयोगले युवाहरूमा क्यान्सरको दर तथा नसर्ने रोगको भार बढेको भन्दै मन्त्रालयले ०७१ मा निर्देशिका बनाएरै भेप आयात र बिक्री-वितरण प्रतिबन्ध लगाएको थियो। तैपनि गैरकानुनी मानिने भेपको प्रयोग युवाहरूमा बढ्दो छ। अदालतले नै भेप आयात गर्ने कम्पनीको पक्षमा फैसला गरेपछि





विपक्षी नभएका कारण पनि स्वास्थ्य मन्त्रालयको कानुन वा मर्म कहिलेकाहीँ अदालतलाई थाहा नहुन सक्छ, तर यो त राम्रो भएन। हामी शुक्रबार नै उच्च अदालतलाई यससम्बन्धी मन्त्रालयको कानुनबारे जानकारी गराउँछौँ।

● **डा. विकास देवकाटा**, सचिव, स्वास्थ्य मन्त्रालय



स्वास्थ्य मन्त्रालयको आदेशअनुसार एक वर्षअघिदेखि भेप आयातमा रोक लगाएका थियौँ, तर उच्चले आयात गर्न आदेश दियो। अदालतले यो विषय स्वास्थ्य मन्त्रालयको प्रतिकूल हुन्छ भनेर अध्ययन नगरेको देखियो।

● **महेश भट्टराई**, महानिर्देशक, भन्सार विभाग

त्यसले यसको बिक्री-वितरण बढ्ने देखिएको छ।

भन्सार विभागका महानिर्देशक महेश भट्टराईले स्वास्थ्य मन्त्रालयको कानुनविपरीत हुने गरी आदेश आउनु दुःखद रहेको बताए। 'हामीले स्वास्थ्य मन्त्रालयको कानुन र आदेशअनुसार एक वर्षअघिदेखि भेप आयातमा रोक लगाएका थियौँ, तर उच्चले आयात गर्न आदेश थियो। अदालतले यो विषय स्वास्थ्य मन्त्रालयको प्रतिकूल हुन्छ भनेर अध्ययन नगरको देखियो,' उनले भने।'

उच्च अदालतले भेपको आयातबारे भन्सार विभागले रोग लगाएको पत्र कार्यान्वयन नगर्न भनेको छ। 'सारभूत ऐनले आयात र निर्यात वितरणमा प्रतिबन्ध नलगाएको अवस्थामा कानुनसम्मत तरिकाले आयात इजाजत प्राप्त गरी आयात गरिएको विद्युतीय सिगरेट बिक्रीसम्बन्धी सर्त उल्लंघन नगरेको अवस्थामा गोदामबाट बरामद विद्युतीय सिगरेट (भेप) बिक्रीमा लगाउने गरी विपक्षीबाट भएको पत्र कानुनसम्मतको नभई तत्काल कार्यान्वयनयोग्य नदेखिएकाले विपक्षी कार्यालयबाट भएको उल्लिखित निर्णय र पत्र कार्यान्वयन नगर्नू-नगराउनू भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ,' आदेशमा भनिएको छ। आदेशमा चेतावनीमूलक विज्ञापनबारे केही बोलिएको छैन। निवेदकले सञ्चार, अर्थ र भन्सारलाई विपक्षी बनाएकाले अदालतले पनि सोहीअनुसार आदेश दिएको बुझिएको छ। 'अदालत मात्रै होइन, अर्थलाई पनि स्वास्थ्यको कानुनबारे थाहा छैन, निवेदकले जुन-जुन निकायलाई स्वास्थ्यको कानुन थाहा छैन, यसैलाई विपक्षी बनाए, यो गम्भीर हो,' विभागका महानिर्देशक भट्टराईले भने, 'स्वास्थ्य मन्त्रालयलाई विपक्ष बनाउँदा डिफेन्स गर्छ भनेर स्वास्थ्यलाई विपक्षी नबनाइएको बुझिन्छ, यहाँ निवेदकले अदालतलाई समेत झुक्याएको जस्तै देखिन्छ।'

### भेपले सिध्याउँदै छ युवाको फोक्सो

हेर्दा लाइटर, गाडीको चाबी, पेन, पेनड्राइभ वा कुनै बट्टाजस्तो देखिन्छ भेप। हेर्दै आकर्षक देखिने त्यस्तो डिभाइस वा बट्टामा हानिकारक धूम्रपानको राग भरिएको हुन्छ। यसलाई इसिगरेट पनि भन्ने गरिन्छ। फोक्सोका लागि यसको धुवाँ विषसरह मानिन्छ। बाटोमा हिँड्दै तान्न मिल्ने, खल्तीमा राख्न मिल्ने, चुरोटको खिल्लीमा जसरी धुवाँ नआउने भएपछि युवापुस्ता भेपमा पल्केको छ। साथीभाइ र आफन्तसँग चुरोटका खिल्ली तान्न लाज मान्नेले विनाहिच्किचावट भेप तानिरहेका छन्। चुरोटको बट्टामा जनचेतनामूलक चित्र राखिए पनि भेपमा भने कुनै चित्र राखिएको हुँदैन। भेप कहाँ उत्पादन हुन्छ र नेपालमा कसरी भित्रिरहेको छ भन्नेबारे स्वास्थ्य मन्त्रालयसमेत बेखबर छ।

चिकित्सकहरूका अनुसार चुरोटको खिल्लीभन्दा पनि बढी हानिकारक मानिने भेपले पछिल्लो समय विकराल रूप लिँदै छ। राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका वरिष्ठ जनस्वास्थ्य प्रशासक उपेन्द्र ढुंगानाले अचेल चुरोटको नयाँ स्वरूप भेप प्रयोग गर्नेको संख्या ह्वात्तै बढेको बताए। 'चुरोटको खिल्ली परिवार वा आफन्तको सामुन्ने बसेर तान्दा बहिष्कार हुन्छ भन्नेले अहिले भेप परिवारका सदस्यसँगै बसेर तानेका छन्, यो निकै गलत हो। यो चुरोटको खिल्लीभन्दा झन् खतरनाक हुन्छ,' उनले भने। उनका अनुसार विश्वका धेरै मुलुकमा भेप प्रतिबन्धित छ। नेपालमा भने स्वास्थ्य नीतिविपरीत बिक्री-वितरणसमेत भइरहेको छ।

### भारत, मलेसिया, चीनबाट भित्रिन्छ भेप

भन्सार विभागको तथ्यांकअनुसार गत वर्ष मलेसियाबाट १२१ केजी भेप भित्रिएको थियो। भारत र चीनबाट समेत भेप भित्रिन्छ। गत आर्थिक वर्षको वैशाखसम्म भारतबाट ८८ केजी र चीनबाट ८० केजी भेप भित्रिएको थियो। तर, चालू आर्थिक वर्षको तथ्यांक विभागसँग छैन। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का अनुसार हाल विश्वका ८८ देशमा भेप तथा विद्युतीय चुरोट किन्न मापदण्ड नै छैन। ७४ देशमा भेप उत्पादनसम्बन्धी नियमसमेत बनेको छैन।

स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार नेपालमा मात्र सुर्तीजन्य पदार्थको सेवनबाट हरेक वर्ष ३९ हजारभन्दा बढी मानिसको मृत्यु हुने गरेको छ। सुर्तीजन्य पदार्थको सेवनका कारण देशको अर्थतन्त्रमा समेत आर्थिक भार थपिँदो छ। सन् २०१७ मा नेपालमा सुर्तीजन्य पदार्थ सेवनको आर्थिक भार ४७ अर्बभन्दा बढी थियो। मन्त्रालयका अनुसार सुर्तीजन्य पदार्थको सेवनका कारण हुने ८० प्रतिशत मृत्यु न्यून तथा मध्यम आय भएका मुलुकमा हुन्छ। त्यसमा नेपाल पनि पर्दछ। नेपालमा ५५ लाख मानिसले सुर्तीजन्य पदार्थ सेवन गर्छन्। त्यसबाहेक करिब एक लाख युवाले भेप प्रयोग गर्ने गरेको मन्त्रालयको आकलन छ।

# प्रकाशित समाचार नहटाउन र पाठकलाई पक्राउ नगर्न अदालतको आदेश

नयाँ पत्रिका



अदालतले पत्रकार दिलभूषण पाठकलाई धरपकड नगर्न र नेपालखबर तथा बिजमाण्डुमा प्रकाशित समाचार नहटाउन आदेश दिएको छ। बिहीबार उच्च अदालत पाटनले पाठकका विषयमा पहिलेकै अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको छ। यस्तै, जिल्ला अदालत काठमाडौंले नेपालखबर प्रालि र बिजमाण्डु प्रालिविरुद्ध नेपाल धितोपत्र बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठले दायर गरेको रिट खारेज हुने फैसला गरेको हो।

उच्चका न्यायाधीशद्वय टंकप्रसाद गुरुङ र टीकाराम आचार्यको इजलासबाट भएको आदेशमा भनिएको छ, 'निवेदकले सम्प्रेषित गरेको सामग्रीबाट कसुर भएको भनी परेको जाहेरीका आधारमा निजलाई पक्राउ गरी अनुसन्धान गर्नुपर्नेसम्मको अवस्था स्थापित भएको नदेखिँदा प्रस्तुत मुद्दाको अन्तिम किनारा नभएसम्म निवेदकलाई पक्राउ नगर्नू-नगराउनू।'

होटेल हिल्टनको सेयर खरिदसम्बन्धी सामग्रीलाई आधार मानी भिडियो रिपोर्ट युट्युबमा प्रसारण गरेपछि पाठकविरुद्ध साइबर ब्युरोमा उजुरी परेको थियो। विद्युतीय कारोबार ऐनअनुसार उजुरी परी पक्राउ गर्न लागिएपछि सो कार्य रोक्नुपर्ने भन्दै पाठकले अदालत गुहारेका थिए। त्यसमाथि सोमबार उच्च अदालत पाटनका न्यायाधीश ऋषि राजभण्डारीले दुवै पक्षलाई छलफलमा झिकाउने आदेश दिएका थिए भने कानुनबमोजिमबाहेक धरपकड नगर्ने-नगराउन आदेश गरेका थिए। यसैअनुसार दुवै पक्षलाई छलफलमा बोलाइएकोमा संयुक्त इजलासबाट यसअघिकै आदेशलाई निरन्तरता दिइएको हो।

पाठकले मिडिया सञ्चालनका लागि अनुमति लिएकाले उनीमाथि प्रेस काउन्सिलले आवश्यक कारबाही गर्ने उच्चको ठहर छ। 'निवेदक दिलभूषण पाठकले पेस गरेको पत्रकार परिचयपत्रलगायतको कागज प्रमाणबाट निज लामो समयदेखि पत्रकारिता क्षेत्रमा संलग्न भई आएको देखिएको, इन्टरफेस नेपाल नेटवर्क कम्पनीका रूपमा दर्ता भएको ट्रेडमार्क दर्ता प्रमाणपत्रसमेत लिएका तथा सूचना तथा प्रसारण विभागबाट अनलाइन सञ्चारमाध्यमका रूपमा समेत दर्ता भई अनुमति लिएको भन्ने देखिन्छ,' संयुक्त इजलासले आदेशमा भनेको छ, 'सञ्चारमाध्यम वा पत्रकारले सम्प्रेषण गरेको सामग्रीबाट मर्का पर्ने व्यक्तिले उक्त काउन्सिलमा उजुरी दिन सक्ने व्यवस्था भई त्यस्तो उजुरीउपर काउन्सिलबाट छानबिन र कारबाही हुन सक्ने व्यवस्था रहेको देखिन्छ।'

धितोपत्र बोर्डका अध्यक्ष श्रेष्ठले गत २६ जेठमा निषेधाज्ञाका यी रिट दर्ता गरेका थिए। त्यसमाथि २७ जेठमा न्यायाधीश पीताम्बर शर्माले समाचार हटाउन अल्पकालीन अन्तरिम आदेश जारी गरेका थिए। तर, बिहीबार न्यायाधीश श्यामविहारी मौर्यको इजलासले यी रिट खारेज हुने फैसला गरेको हो। श्रेष्ठले सार्वजनिक पदमा बसेर घुस लिएको र भ्रष्टाचारजन्य कार्य गरेको दाबीसहित दुवै सञ्चारमाध्यमले समाचार प्रकाशन गरेका थिए। यिनै समाचार हटाउनुपर्ने मागसहित श्रेष्ठ अदालत पुगेकोमा रिट खारेजीको आदेश भएको हो। अदालतका सूचना अधिकारी दीपककुमार श्रेष्ठले खारेजीका आधार पूर्णपाठ तयार भएपछि मात्र जानकारी हुने बताए।

# कैदीको मृत्यु घटनामा प्रहरी नायब निरीक्षक पक्राउ

**धनगढी**/ जिल्ला कारागार कैलालीमा रहेका कैदीको मृत्यु घटनामा प्रहरी नायब निरीक्षक (सइ) पक्राउ परेका छन्। मृतक परिवारको किटानी जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालय कैलालीले सइ हरजित नाथलाई पक्राउ गरेको हो। उनी जिल्ला प्रहरी कार्यालयमै कार्यरत छन्। जिल्ला कारागारमा रहेका डडेल्धुराको भागेश्वर गाउँपालिकाका २८ वर्षीय हरिसिंह पालीको २ असार राति सेती प्रादेशिक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो। प्रहरीको कुटपिटबाट हत्या भएको भन्दै मृतकका आफन्तले शव उठाउन मानेका थिएनन्।

बिहीबार किटानी जाहेरी दर्ता भएपछि शवको पोस्टमार्टम गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजकुमार सिंहले बताए। उनले सइ नाथलाई नियन्त्रणमा लिएर अनुसन्धान थालिएको बताए।

जिल्ला अदालत कैलालीबाट बैंकिङ कसुरमा दोषी ठहर भई दुई लाख रुपैयाँ जरिवाना र १० दिन कैद सजाय भएका पालीलाई जिल्ला प्रहरी कार्यालय डडेल्धुराले २९ जेठमा पक्राउ गरेको थियो। कैलाली प्रहरीले उनलाई १ असारमा जिल्ला अदालतमा बुझाएको थियो। बैंकिङ कसुरको मुद्दा सइ नाथले दिएका थिए। मृतक पालीकी श्रीमती जानकी साउदले नाथविरुद्ध किटानी जाहेरी दिएकी हुन्। प्रहरीको कुटाइबाट आफ्ना श्रीमान्को हत्या भएको उनको आरोप छ। सइ नाथको योजनामा कुटपिट भएको आफन्तको आरोप छ। जिल्ला प्रशासन कार्यालयले घटनाको छानबिनका लागि कैलालीका सहायक प्रमुख जिल्ला अधिकारी किरण जोशीको संयोजकत्वमा सात सदस्यीय समिति पनि गठन गरेको छ।

# बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा भ्रष्टाचार

## कार्यकारी निर्देशकले साढे २४ लाखमा किनेको निजी स्कार्पियोको भुक्तानी योजनाको कमिसनबाट, आफ्नै गाडी आफैँलाई भाडामा

**सुवास भट्ट**/नयाँ पत्रिका



**बलराम ठाकुर**, तत्कालीन कार्यकारी निर्देशक, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा ५१ लाख ७२ हजार रुपैयाँबराबर भ्रष्टाचार भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन कार्यकारी निर्देशक बलराम ठाकुरविरुद्ध बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको छ। परिषद्ले गरेका विभिन्न गतिविधिका खर्च र आयोजनामा भ्रष्टाचार भएको भन्दै अख्तियारले अरू आठजनालाई पनि प्रतिवादी कायम गरेर मुद्दा दायर गरेको छ।

ठाकुरको योजनामा मिलेमतो गरेर भ्रष्टाचार गरिएको अख्तियारको दाबी छ। उनी ५ मंसिर ०७५ देखि ४ मंसिर ०७९ सम्म परिषद्को कार्यकारी निर्देशकमा कार्यरत थिए। उनैलाई प्रमुख प्रतिवादी कायम गरेर पत्नी इन्दुलेखाकुमारी ठाकुरसहितका विरुद्ध अख्तियारले मुद्दा दायर गरेको हो। परिषद्की लेखापाल सावित्री गिरी, प्रशासकीय अधिकृत चिरञ्जीवीराज शर्मा ढुंगाना, कम्प्युटर अधिकृत कृष्णमुरारी सिंह, सवारीचालक बिक्कीकुमार चौधरीलगायतलाई अख्तियारले प्रतिवादी बनाएको छ। त्यस्तै, उपभोक्ता समिति अध्यक्ष विजयकुमार यादव र कोषाध्यक्ष ववितादेवी साह, ठेकेदार जितेन्द्रकुमार यादवविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ।

परिषद्मा कार्यकारी निर्देशकका रूपमा नियुक्ति लिएको केही समयपछि ०७६ मा ठाकुरले आफ्नो निजी प्रयोगका लागि बा.१३च २०३७ नम्बरको स्कार्पियो गाडी खरिदको बैना गरेर स्वामित्वसमेत बुझेका थिए। यसपछि विभिन्न भ्रष्टाचारजन्य गतिविधि गरेर यो गाडीको भुक्तानी विक्रेतालाई गरेका थिए। भुक्तानी व्यवस्थापन गरेपछि २१ साउन ०७७ मा गाडी देन्डी शेर्पाबाट खरिद गरेका थिए। खरिदलगत्तै गाडी उनले पत्नी इन्दुलेखाकुमारी ठाकुरको नाममा यातायात कार्यालयबाट नामसारी गरेका देखिएको छ। गाडी भाडामा लिनेदेखि परिषद्अन्तर्गतका विभिन्न योजनामा कमिसन लिएर एकै वर्षमा उनले खरिद गरेको स्कार्पियोको २४ लाख ५० हजार रुपैयाँ भुक्तानी व्यवस्थापन गरेका अख्तियारको आरोपपत्रमा उल्लेख छ। खरिद गरेको यही गाडीको भुक्तानीका क्रममा उनले अनेकौँ तिकडम गरेको देखिन्छ।

### सवारी भाडा लिनेदेखि योजना कमिसनबाट रकम जोहो

अख्तियारका अनुसार ठाकुरले बा.१६च ६४७ को गाडीधनी मुकेश यादवसँग गाडी भाडामा लिन सम्झौता गरेको देखाउँछन्। यसक्रममा गाडी भाडा भुक्तानीका लागि निवेदन, सम्झौतालगायत गलत लिखत तयार गरिन्छ। तिनै किर्ते कागजातका आधारमा यादवको नाममा ८ असोज ०७६ मा १० लाख रुपैयाँको चेक काटिएको थियो। यो रकम ठाकुरको निर्देशनमा गाडी विक्रेता देन्डी शेर्पाको खातामा दाखिला गरेको देखिएको छ। यात्रीनिवासको मर्मतसम्भारको अर्को योजना ल्याएर त्यसबाट पनि कमिसन लिएर गाडी विक्रेतालाई भुक्तानी गरिएको आरोपपत्रमा उल्लेख छ।

यात्रीनिवास मर्मतसम्भारका लागि आर्थिक वर्ष ०७५/७६ मा मधेश प्रदेश सरकारबाट परिषद्ले ९० लाख रुपैयाँ प्राप्त गरेको थियो। सार्वजनिक खरिद कानुन प्रतिकूल हुने गरी उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने गरी आयोजना अघि बढाइयो। १७ असार ०७६ मा उपभोक्ता समितिसँग सम्झौता गरिएको थियो। सम्झौता भएको दुई दिनपछि १९ गते पेस्की रकम माग गर्दै उपभोक्ता समितिले परिषद्मा निवेदन हालेको देखिएको छ। निवेदन पेस गरेकै दिन कार्यकारी निर्देशक ठाकुरको सिफारिसमा आयोजनाको कुल लागतको आधा रकम ४५ लाख रुपैयाँ उपभोक्ता समितिलाई चेकमार्फत निकासा दिइएको थियो।

परिषद्ले रकम भुक्तानी दिएपछि उपभोक्ता समिति अध्यक्ष विजयकुमार चौधरी र कोषाध्यक्ष ववितादेवी शाहले यसको कमिसन व्यवस्थापन गरेको देखिएको छ। उपभोक्ता समितिलाई प्राप्त रकमबाट अध्यक्ष चौधरी र कोषाध्यक्ष साहले परिषद्का कम्प्युटर अधिकृत कृष्णमुरारी सिंहको नाममा २६ गते नौ लाख ९९ हजार र २७ गते पाँच लाखसहित १४ लाख ९९ हजार रुपैयाँ र परिषद्कै सवारीचालक बिक्कीकुमार चौधरीका नाममा १९ साउनमा अरू चार लाख रुपैयाँ भुक्तानी दिएका देखिएको छ। परिषद्का कम्प्युटर अधिकृत चौधरी र सवारीचालकलाई उपभोक्ता समितिको खाताबाट चेकमार्फत कुल १८ लाख ९९ हजार रुपैयाँ भुक्तानी गराइएको थियो।

उपभोक्ता समितिमार्फत प्राप्त गरेकोमध्येबाट ५ भदौमा कम्प्युटर अधिकृत सिंहले ११ लाख रुपैयाँ र सवारीचालक चौधरीले ७ असोजमा एक लाख ५० हजार रुपैयाँसहित कुल १२ लाख ५० हजार रुपैयाँ ठाकुरलाई गाडी बेचेका विक्रेता देन्डी शेर्पाको खातामा दाखिला गरिदिएका थिए। खरिद गरेको गाडीको भुक्तानीका लागि अरू पनि योजनाबाट ठाकुरले कमिसन लिएर व्यवस्थापन गरेको भेटिएको छ। परिषद्को यात्रीनिवास सौन्दर्यीकरण र गेट निर्माणका लागि आव ०७६/७७ मा संघीय सरकारले बजेट दिएको थियो।

# राजीनामा दिन मुख्यमन्त्रीको निर्देशन, बर्खास्त गर्न मन्त्रीको चुनौती

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रामेश्वर चौधरीलाई पदबाट राजीनामा दिन निर्देशन दिएका छन्। मन्त्री चौधरीले खप्तड क्षेत्र पर्यटन विकास समितिको कार्यकारी निर्देशक आफूखुसी नियुक्त गरेको भन्दै मुख्यमन्त्री शाहले उनको राजीनामा मागेका बुझिएको छ।

मुख्यमन्त्रीनिकट स्रोतका अनुसार कार्यकारी निर्देशक नियुक्तिको विषयसँगै मन्त्रालयको बजेट निर्माणमा चौधरीले आर्थिक चलखेल गरेको र कृषिमन्त्री भएका वेला कृषि अनुदान वितरणसम्बन्धी विवादमा मुछिएकाले पनि मुख्यमन्त्रीले उनको राजीनामा मागिएको हो।

मन्त्री चौधरीले भने आफूले गलत नगरेको भन्दै राजीनामा नदिने अडान लिएका छन्। उनले राजीनामा नदिने भन्दै बर्खास्त गर्न चुनौती दिएका छन्। 'मुख्यमन्त्रीले मंगलबार राति फोन गरेर मलाई जानकारी नदिई कार्यकारी निर्देशक किन नियुक्त गरेको भन्दै राजीनामा दिनोस् भन्नुभएको थियो,' चौधरीले भने, 'मैले पहिलेको समझदारीअनुसार कार्यकारी नियुक्त गरेको हो, राजीनामा दिन्न, बर्खास्त गर्नोस् भनेँ।' बजेट र अनुदानको विषयमा सार्वजनिक भएका आरोप गलत रहेको उनले दाबी गरे।

मन्त्री चौधरीले मन्त्रीस्तरीय निर्णयबाट खप्तडको कार्यकारी निर्देशकमा डोटीका खेमराज जोशीलाई गत १९ जेठमा नियुक्त गरेका थिए। कार्यकारी निर्देशकले उपसचिवस्तरको सेवा-सुविधा पाउने व्यवस्था छ। नियुक्तिबारे मुख्यमन्त्रीसँग कुनै सल्लाह नभएको उनको सचिवालयका एक सदस्यले बताए।



**कमलबहादुर शाह**
मुख्यमन्त्री



**रामेश्वर चौधरी**
मन्त्री

मन्त्री चौधरीले भने यसअघि नागरिक उन्मुक्तिबाटै लक्ष्मणकिशोर चौधरी उद्योग, पर्यटनमन्त्री भएका वेला वैजथानधाम पर्यटन विकास समितिमा एमालेनिकट र रामारोशन पर्यटन विकास समितिमा कांग्रेसनिकटलाई कार्यकारी नियुक्त गरिएकाले खप्तडमा नागरिक उन्मुक्तिले गर्ने भद्र समझदारी भएको दाबी गरेका छन्। उक्त समझदारीअनुसार आफूले पार्टीनिकट जोशीलाई कार्यकारी निर्देशक नियुक्त गरेको उनले बताए।

नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठले मन्त्री चौधरीलाई राजीनामा दिन लगाउन मुख्यमन्त्रीले आफूलाई पनि भनेको, तर कारण नखुलाएको बताइन्। 'राजीनामाको जवाफ मन्त्रीले दिइसक्नुभएको छ,' उनले भनिन्, 'मुख्यमन्त्रीले बर्खास्त गरेपछि कसरी अगाडि बढ्ने भनेर पार्टीमा छलफल गर्छौं।' नागरिक उन्मुक्तिबाट उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री बनेका लक्ष्मणकिशोर चौधरीको आर्थिक लेनदेनसँग सम्बन्धित अडियो संवाद सार्वजनिक भएपछि उनले गत फागुनमा पदबाट राजीनामा दिएका थिए। रामेश्वर गत ४ जेठमा मन्त्री नियुक्त भएका थिए।


लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)
AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693
स्टार मल, चौथो तल्ला, पुतली सडक, काठमाडौं
फो.नं.: ०१-४०१२६१३, फ्याक्स् नं.: ९७७-१-४०१२६१५, Email: liccorporate@licnepal.com.np

**NOTICE FOR EMPANELMENT**

**First date of Publication 2082-03-06 (20th June, 2025)**

Life Insurance Corporation (Nepal) Ltd., a leading life insurance company invites sealed request for empanelment from the established and reputed firms/ suppliers/ vendors for supply of various goods and services for fiscal year 2082/083 categorized below

A.)

| S.N | Categories/ Group | Description |
|---|---|---|
| 1 | **Stationery Goods** | 1. General Stationeries<br>2. Toner/ Cartridges, Ink, toner Refiling, Ribbon<br>3. Stamps, Refilling of Stamps, ID cards and visiting Cards etc. |
| 2 | **Furniture & Furnishers** | 1. Office Chair (Revolving Chair, Visitor Chair etc.)<br>2. Metal Furniture ( Angle Rack, Almirah etc.<br>3. Wooden Furniture (Office Table, Sofa, wooden Almirah etc.) |
| 3 | **Printing Stationery** | 1. Policy Bond, BOC receipts, forms, Diary, Calendar etc.<br>2. Other Printing |
| 4 | **Security Services** | 1. Security Guard service |
| 5 | **Manpower Service** | 2. Supply of outsourcing staffs etc. |
| 6 | **Computer and other equipment** | 1. Laptop, Desktop, Server Laser Printer, Dot Matrix Printer, Scanner etc.<br>2. Note Counting Machine, CCTV etc.<br>3. EPABX system, Telephone Set, Fire Extinguisher, Attendance Device<br>4. Data Connectivity, Internet, Network Firewall, Routers Etc.<br>5. Any other equipment. |
| 7 | **Repair & maintenance** | 1. Desktop, Laptop, Printer and other item repair<br>2. Office equipment repair and maintenance.<br>3. Furniture repair and maintenance<br>4. Other repair and maintenance |
| 8 | **Electronic Goods Supply** | 1. Air Conditioner, TV, Geyser, Fan, Cooler etc. |
| 9 | **Construction Work** | 1. Interior Construction work Like Partition, painting Electrical work etc. |
| 10 | **Office Upkeep Services** | 1. Cleaning Services, Electric, Plumbing etc. |
| 11 | **Insurance Services** | 1. None Life Insurance (Assets Vehicle Cash etc.) |
| 12 | **Other Services** | 2. Courier Service<br>3. Air Ticketing<br>4. Promotional and Gift Item Supply<br>5. Advertisement and Publicity<br>6. Drinking Water Supply.<br>7. Jewelry Shop for providing coins & medals<br>8. Other Services. |

B. The Firm/ Company should have met the following eligibility Criteria:
1. Brief Profile of the company
2. At least 2 years of Working Experience
3. Tax Clearance Certificate of FY 2080/081
4. Having experience of supplying the good/ Service to some big and reputed organizations shall be preferable.

The interested firms are requested to examine the annexure I (Branch Location) & annexure II (Items required) are made available in our website: licnepal.com.np>under the newsroom>notices section. Any firm may show their interest for any location &/or any item. On examining your suitability, you may submit your expression of interest (location & item) in a sealed envelop by 2082.03.21 (5th July, 2025) to our registered corporate office.

LIC (Nepal) will examine the feasibility of all such expression & empaneled bidders for future procurement. Company may reject the empanelment request of any firm without showing any reason

Post empanelment, all the successful bidders will be asked for submission of their quotation for their chosen items for their selected location. This quotation will be valid for one year & company may procure any items of any quantity at their given rate.

# यस्तो बनोस् मौद्रिक नीति

## सरकारले लिएको आर्थिक नीतिको उद्देश्य पूरा गर्न मुद्रा परिणामलाई प्रसार तथा संकुचन गरेर मौद्रिक नीतिले सघाउ पुऱ्याउनुपर्छ



● गोपीनाथ मैनाली

**अग्रलेख**

वित्त नीतिका रूपमा रहेको वार्षिक बजेट संघीय संसद्मा प्रस्तुत भएपछि अब व्यवसायी, बैंकर, अर्थशास्त्री र सर्वसाधारणको ध्यान मौद्रिक नीतितर्फ गएको छ। बजेटका नीति उद्देश्य पूरा गर्न मौद्रिक नीति निकै महत्त्वपूर्ण मानिन्छ। वित्त नीतिले एक वर्षको आर्थिक दर्शन र सरकारी कोष व्यवस्थापनमार्फत उत्पादन र रोजगारीको वातावरण बनाउँछ भने मौद्रिक नीतिले मुद्राको आयतन र प्रसारलाई अपेक्षित बनाई लगानी तथा रोजागारीलाई प्रोत्साहन गर्छ। अर्थव्यवस्थालाई सुचारुरूपमा सञ्चालन गर्न मुद्रामाथि नियन्त्रण राख्नु आवश्यक हुन्छ। सरकारले लिएको आर्थिक नीतिको उद्देश्य पूरा गर्न मुद्रा परिणामलाई प्रसार तथा संकुचन गरेर मौद्रिक नीतिले सघाउ पुऱ्याउनुपर्छ।

मौद्रिक नीति शास्त्रीय रूपबाट परिवर्तनको दिशामा छ। आन्तरिक वित्तीय तनाव, बाह्य वित्तीय झट्का र कोभिडजस्ता विपत् तथा महामारीका कारण केन्द्रीय मौद्रिक पदाधिकारीका हैसियतमा नेपाल राष्ट्र बैंकले जारी गर्ने मौद्रिक नीतिमा आधारभूत परिवर्तनको माग भइरहेको छ। परम्परागत रूपमा मौद्रिक नीति मूल्य स्थिरता र रोजगारीजस्ता समष्टिगत उद्देश्यमा केन्द्रित भए पुग्थ्यो, अब समष्टिगत उपलब्धिका साथ वित्तीय स्थिरतालाई प्राथमिकता पनि दिनुपर्ने आवश्यकता छ। यसका लागि परम्परागत मौद्रिक उपकरण अपर्याप्त भएकाले 'माइक्रोप्रुडेन्सियल' उपकरणको आवश्यकता छ। ब्याजदर समायोजनका साथै वासलातलाई नीति उपकरणमा उपयोग गर्ने, अनपेक्षित र अचानक आउने वित्तीय झट्कालाई तत्काल सम्बोधन गर्न फुर्तिला र बलिया नीति (निम्बलनेस रोबुस्टनेस) उपकरणको प्रत्युत्पन्नमतिका साथै अन्तर्राष्ट्रिय नीति अभ्यासका कारण आन्तरिक पुँजी बजारमा पर्ने प्रभावको समन्वयमा तदारुकता आवश्यक देखिएको छ। बैंकको सामान्य प्रशासनको सीमित घेरामा मात्र केन्द्रीय मौद्रिक पदाधिकारी रहनुहुँदैन।

आव ०५९/६० देखि प्रत्येक वर्ष बजेट वक्तव्यजस्तै तामझामसाथ जारी गरिँदै आएको मौद्रिक नीतिले अपेक्षित प्रभावकारिता देखाउन सकेको छैन। बैंकहरू निकै सुरक्षित खेलमा छन्, यिनीहरूको लगानी रोजगारविहीन वृद्धितर्फ केन्द्रित छ। सहकारी, लघुवित्त र चक्रवृद्धि ब्याजका साहुकारले नेपाली समाजलाई वित्तीय तनाव दिँदै राजनीतिलाई समेत धक्का दिनुमा कुनै न कुनै रूपमा मौद्रिक नीति पनि जिम्मेवार छ। पुँजी बजार कहिले उत्ताउलिन्छ त कहिले यसले कृत्रिम अनि आन्तरिक कारोबार गर्छ। मुद्रास्फीति घोडेटाप (ग्यालपिङ) दौडमा छ। बजेटलाई सहयोग गर्नुपर्ने मौद्रिक नीति कहिले निरपेक्ष हिँड्छ, त कहिले बजेटलाई झ्याँक्न थाल्छ। कहिले बजेटभन्दा लोकप्रियतामा रहेर वित्तीय क्षेत्रलाई अनुशासित बनाउन भुल्दै आएको छ, ब्याजदर र तरलतालाई नियमित गर्न सकेको छैन। सबैभन्दा ठुलो कुरा नेपाली मुद्रालाई बलियो बनाउन गर्नुपर्ने महत्त्वपूर्ण दायित्व भुलेको छ। आर्थिक नीतिको सबैभन्दा असरदार प्राविधिक विधि मौद्रिक नीति बलियो हुँदा मात्र वित्तीय साख र सरकारप्रतिको विश्वसनीयता बढ्न गई समृद्धिको एउटा आयाम दह्रो बन्छ।

उल्लिखित परिवेशमा मौद्रिक नीति आर्थिक नीतिको प्रमुख स्तम्भ भएकाले आर्थिक नीतिको उद्देश्य पूरा गर्न वित्तीय क्षेत्र परिचालन गर्ने गरी यसको कार्यदिशा निर्दिष्ट हुनुपर्छ। आर्थिक नीतिका अरू स्तम्भको भारवहनलाई पनि यसले सघाउनुपर्छ। अर्थतन्त्रको वित्तीय स्रोतलाई उत्पादन, रोजगारी र वित्तीय स्थायित्व कायम गरेर भुक्तानी प्रणाली बलियो बनाउन केन्द्रित गरी मौद्रिक रणनीति ल्याइनुपर्छ। साथै विस्तृत मुद्रा र संकुचित मुद्रामा सकारात्मक प्रभाव पारी वित्तीय गतिविधि उत्पादनउन्मुख बनाउन प्रस्ट र भरपर्दो रणनीति आवश्यक छ। केन्द्रीय मौद्रिक पदाधिकारीका हैसियतमा नेपाल राष्ट्र बैंकले प्रत्यक्ष मौद्रिक उपकरण उपयोगमा ल्याउँदा कठोर रूपमा मुद्रास्फीति नियन्त्रण र उत्पादनशील रोजगारी केन्द्रित हुने गरी गर्नुपर्छ।

अर्को महत्त्वपूर्ण पक्ष मुद्रास्फीतिको लक्ष्य (इन्फ्लेसन टार्जेटिङ) स्पष्ट रूपमा तोकिनुपर्छ। 'इन्फ्लेसन' नभए लगानीकर्ता उत्साहित हुन्नन्, बढी भए आमउपभोक्ता मर्कामा पर्छन्। त्यसैले, यसको सन्तुलन निकै संवेदनशील विषय हो र यसलाई निर्धारण गर्न तथ्यगत सावधानी चाहिन्छ। नेपालको सन्दर्भमा यो चार प्रतिशतभन्दा कम हुनुपर्छ। विगतका नीतिमा मुद्रास्फीति यति हुने अपेक्षा गरिएकोजस्तो वाक्यांश प्रयोग हुँदै आएका छन्, वास्तविक मुद्रा नीतिले त्यसो नगरी सांख्यिकीय स्फीति लक्ष्य तोक्ने गर्छन्। यसैका आधारमा केन्द्रीय मौद्रिक पदाधिकारीको विश्वसनीयता र छवि कायम रहन्छ। संयुक्तराज्य अमेरिकाको फेडरल रिजर्भ बैंक प्रभावकारी वित्तीय संस्था बन्नुमा उसले मुद्रास्फीतिलाई अपेक्षित सीमामा राख्न र डलरलाई विश्वसनीय भुक्तानी उपकरण बनाउनमा खेलेको भूमिका नै महत्त्वपूर्ण छ।




> परम्परागत रूपमा मौद्रिक नीति मूल्य स्थिरता र रोजगारीजस्ता समष्टिगत उद्देश्यमा केन्द्रित भए पुग्थ्यो, अब समष्टिगत उपलब्धिका साथ वित्तीय स्थिरतालाई प्राथमिकता पनि दिनुपर्ने आवश्यकता छ

> आर्थिक नीतिको सबैभन्दा असरदार प्राविधिक विधि मौद्रिक नीति बलियो हुँदा मात्र वित्तीय साख र सरकारप्रतिको विश्वसनीयता बढ्न गई समृद्धिको एउटा आयाम दह्रो बन्न पुग्छ

अर्को महत्त्वपूर्ण पक्ष मौद्रिक नीतिमार्फत क्षेत्रगत कर्जाको अधिकतम सीमा तोकिनुपर्छ। यसो गर्दा खास क्षेत्र (अनुत्पादक र रियल स्टेटमा मात्र कर्जा प्रवाह हुने र वित्तीय जोखिम बढ्ने स्थिति रहँदैन, प्राथमिकताप्राप्त क्षेत्रमा लगानी प्रवाह हुन्छ। बैंक क्षेत्रबाट जाने कर्जामा सीमित व्यक्तिको पकड पनि रहँदैन। डा. युवराज खतिवडा गभर्नर भएका समयमा यसतर्फ राम्रा काम भएका थिए तर, सुधारले निरन्तरता पाएन। वित्तीय क्षेत्रको करिब १४ प्रतिशतजति हिस्सा ओगट्ने सहकारी क्षेत्रलाई पनि मौद्रिक नीतिले समेट्नुपर्छ। बाफिया ऐन र सहकारी ऐन फरक भए पनि अर्थतन्त्रमा पार्ने वित्तीय प्रभावका सन्दर्भमा सहकारी विभाग र अन्य सहकारी नियामकले 'प्रडेन्टियल' सामर्थ्यमा खासै राख्दैनन्। यही कुरालाई हृदयंगम गरेर नै सहकारी ऐनले पचास करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने सहकारी संस्थामा अनुगमन र सुपेरीवेक्षणमा नेपाल राष्ट्र बैंकको भूमिका आवश्यक मानेको छ। साथै, सहकारी, लघुवित्त र मिटरब्याजीबाट पीडितलाई तत्काल राहत दिने वित्तीय उपकरण घोषणा गरेर वित्तीय क्षेत्रको विश्वास कायम गर्नु जरुरी छ।

वैदेशिक रोजगारीबाट फर्केका, फर्कन चाहनेलाई सहयोग गरी उनीहरूले हासिल गरेको सामाजिक विप्रेषणलाई उपयोग गर्ने गरी 'स्टिमुलेसन' प्याकेज जारी गर्नु आवश्यक छ। सीप र संस्कार सिकेर आएकालाई प्रोत्साहन दिँदा नेपालको समृद्धिलाई आधार मिल्नेछ। महत्त्वकासाथ अघि सारिएको विपन्न क्षेत्र कर्जा लक्षित वर्गमा पुग्ने गरी पुनर्संरचना गर्नु आवश्यक छ। यसको परिभाषालाई पुनर्बोध गरी सामयिक र सान्दर्भिक बनाउन पनि ढिला भएको छ। गरिबमा जानुपर्ने सहुलियत कर्जा गैरगरिबमा जानुहुन्न। गैरगरिबका लागि त व्यापारिक कर्जा छँदै छन् नि!

घरपरिवार तहदेखि आर्थिक क्रियाकलाप विस्तार गरी स्वरोजगारी सिर्जना, रैथाने सीप र प्रविधि उपयोग गर्न मौद्रिक नीतिको सहुलियतकारी प्रबन्ध चाहिन्छ। तरलता व्यवस्थापनलाई प्रभावकारी पार्न ब्याजदर उतारचढाव हुने प्रवृत्तिलाई सीमित पार्ने कार्य त्यत्तिकै महत्त्वपूर्ण छ। अनौपचारिक र छाया क्षेत्रको वित्तीय गतिविधिलाई औपचारिक बनाउन वित्तीय नीतिसँगको सहकार्यमा विशेष सम्बोधन नीतिले गर्नुपर्छ।

यसले ऋणात्मक बचत परिचालन गर्नुपर्ने कोष व्यवस्थापनको विकराल समस्यालाई समाधान गर्न सक्छ। साथै, नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा कोष, ग्रामीण दूरसञ्चार कोषलगायत अन्य सार्वजनिक कोषमा रहेको निष्क्रिय मौज्दातको केही अंशलाई विशेष योजनासाथ उत्पादनशील क्षेत्रमा लगाउने रणनीति मौद्रिक नीतिले लिनुपर्छ, जसले अर्थतन्त्रको उत्पादन गतिशीलतालाई पनि बढाउँछ र कोषको आय पनि बढाउँछ।

बाह्य तथा आन्तरिक वित्तीय तनावको पूर्वचेतावनी संकेत पहिचान गर्ने गरी नेपाल राष्ट्र बैंकको आन्तरिक सामर्थ्य सबल बनाउने रणनीति चाहिन्छ। वैश्विक अन्तरसम्बन्धका कारण अन्य मुलुकका नीतिको प्रभाव नेपालमा पनि पर्न सक्ने हुँदा बाह्य वित्तीय झट्का सहन (एब्जर्व) गर्न आवश्यक रणनीति चाहिन्छ। साथै, मौद्रिक नीतिको 'साइड इफेक्ट'को अध्ययन गरी त्यसलाई स्वचालित रूपमा सम्बोधन गर्ने प्रणाली निर्माण गर्नु जरुरी छ। वित्तीय क्षेत्र निकै संवेदनशील भएकाले मौद्रिक नीतिशिल्पी, नियामकीय पदाधिकारीको व्यवहार, बोली, वक्तव्य, उपकरण प्रयोगमा सावधान सचेतता चाहिन्छ। केन्द्रीय मौद्रिक पदाधिकारीको हैसियतमा नियामकीय मानक (प्रुडेन्सियल नर्म्स) निर्धारण र नियामकीय सक्रियता लिनु आवश्यक छ। यी कार्यका लागि नेपाल राष्ट्र बैंकको सूचना तथा ज्ञान आधार सबल पूर्वसर्त हो।

नीतिहरू जारी गरेर मात्र पुग्दैन, जबसम्म तिनले नतिजा दिँदैनन्। मौद्रिक नीति कार्यान्वयनमा पर्ने बाधा र यसले अन्य नीतिमा पार्ने बाधाको सहजीकरणका लागि मासिक रूपमा प्रमुख नीतिशिल्पी अर्थमन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र गभर्नरबिच कार्यमूलक सहकार्यको थिति पनि आवश्यक छ। तर, यो सहकार्य राजनीतिक प्रियता र कर्मचारीतन्त्रीय सतहीपनभन्दा माथि वास्तविक सहकार्यमा पुग्नुपर्छ।

साथै विगतका मौद्रिक नीतिहरू कुन अवस्थामा सही रहे, कुन अवस्थामा रहेनन्, आन्तरिक अन्वेषण गरी अर्को चरणको आर्थिक सुधारका लागि मौद्रिक नीतिले वातावरण बनाउनु पनि अहिलेको आवश्यकता हो। बैंकहरू परम्परागत 'प्रडक्ट'मा रमाएका छन्, आर्थिक सामाजिक वास्तविकता र बाह्य अर्थतन्त्रलाई उपयोग गर्न सक्ने नवीन प्रडक्ट प्रयोगका लागि मौद्रिक नीति उत्प्रेरक बन्नुपर्छ।

*(मैनाली नेपाल सरकारका पूर्वसचिव हुन्)*

@mainaligopi

---

## ३ प्रश्न

पूर्वसचिव
**द्वारिकानाथ ढुंगेललाई**



**अवकाशप्राप्त कर्मचारीलाई अनुशासनमा बाँध्न आचारसंहिता ल्याउने सरकारको तयारी कस्तो छ ?**

आचारसंहिता ल्याउने सरकारको तयारी ठिक या बेठिक भन्नु भन्दा पनि अहिले यो किन आवश्यक पऱ्यो ? त्यसको जवाफ खोज्नु उचित होला। सरकारको यो तयारी त्रसित मानसिकताको उपज हो। कुनै पनि कर्मचारीले अवकाशपछि सामान्य नागरिकका रूपमा उसलाई संविधानले दिएको अधिकार उपभोग गर्न किन नपाउने ? सरकारले जेसुकै गरे पनि या भने पनि के नागरिकले त्यसलाई आँखा चिम्लेर समर्थन गर्नुपर्ने हो र ? सरकारले निजामती सेवा विधेयकमा अवकाशपछि 'कुलिङ पिरियड' राख्न खोज्दा त्यसको विरोधमा बहालवाला मुख्यसचिवदेखि सचिवहरू हुल बाँधेर जाँदाचाहिँ सरकारलाई केही भएन। हामी पूर्वकर्मचारीले चाहिँ संविधानले दिएको नागरिकको हक उपभोग गरी देशमा विद्यमान विकृति, विसंगतिबारे बोल्न नपाउने भन्ने पनि कहीँ हुन्छ ? संविधान ठुलो हो कि आचारसंहिता ?

**यस्तो आचारसंहिताले अवकाशप्राप्त कर्मचारीलाई अनुशासनमा बाँध्नचाहिँ कति सघाउला ?**

आचारसंहिता बनाएर अवकाशप्राप्त कर्मचारीलाई बाँध्नुभन्दा पहिले सरकारले बहालवालालाई अनुशासनमा राखोस् न ! पदमा बहाल रहेका मुख्यसचिव र सचिवहरूले सार्वभौम संसद्ले गरेको निर्णयमाथि विरोध गर्न हुल बाँधेर जान पाइन्छ भनेर कहाँ लेखेको छ ? आचारसंहिता अवकाशप्राप्तलाई मात्र लाग्ने हो र ?

**यो सब अवकाशप्राप्त कर्मचारीमाथि अंकुश लगाउने सरकारको तयारी त होइन ?**

सरकारले राम्रो काम गरे, सुशासन दिए, देशको इज्जत बढाइदिए हामी पूर्वकर्मचारीले मात्र होइन, आमजनताले नै वाहवाही गर्छन्। त्रसित मानसिकता बोकेर पूर्वकर्मचारीलाई आचारसंहिताले बाँध्नुभन्दा राष्ट्रहितका मुद्दामा सरसल्लाह लिने, दीर्घकालीन नीति तयार गर्दा उनीहरूको अनुभवको पनि उपयोग गर्नेतिर ध्यान दिनुपर्ने हो। आचारसंहितामा नबाँधी नहुने भए अबदेखि अवकाशप्राप्त कर्मचारीलाई काठमाडौंमा भए सिंहदरबार र जिल्लामा भए प्रशासन कार्यालयको चौरमा हरेक दिन भेला गरी दिनभरि घाम ताप्न लगाएर पठाइदिए भइहाल्यो नि !

---

**प्रेरक प्रसंग**

## आफ्नो क्षमताको उपयोग

एक किशोर सुगा उदास थियो। उसकी आमाले सोधी- तिमी किन उदास छौ, छोरा ? छोराले रुन्चे स्वरमा भन्यो- म मेरो यो चुच्चोलाई घृणा गर्छु। आमाले छक्क पर्दै सोधी- किन, तिम्रो चुच्चो यति सुन्दर छ त ! छोरो सुगाले भन्यो- खुब छ नि सुन्दर ? मेरा अरू साथीको चुच्चो हेर्दा कति राम्रा छन्। मेरो भने बांगो न बांगो र हेर्दै भद्दा छ। आखिर म किन यस्तो छु ?

आमाले छोरालाई उसको काकाकहाँ पठाइदिई। उसको काका त्यो जंगलभरिकै ज्ञानी प्राणीमा गनिन्थ्यो। किशोर सुगा काकाकहाँ पुगेपछि आफ्नो समस्या सुनाउँदै भन्यो- काका ! मलाई मेरो चुच्चो पटक्कै मन पर्दैन। काग, बाज, कोइलीजस्ता सबै चराका चुच्चो हेर्नुस् त कति सुन्दर छन्। काका सुगाले भन्यो- हो, तिनका चुच्चो साँच्चै सुन्दर छन्। साँच्ची तिमीलाई गँड्यौला, किरा, माकुरा खान मन पर्छ कि पर्दैन हँ ? किशोर सुगाले भन्यो- छिः ! त्यस्तो घिनलाग्दो कुरा कसले खान्छ ? काकाले भन्यो- ठिकै छ, त्यसो भए माछा खान्छौ त ? कि खरायो या मुसा खान्छौ ? छ्या ! काका पनि कस्तो कुरा गर्नुहुन्छ हो ? म एक सुगा हुँ। म यो सब खानका लागि बनेकै होइन क्या !

काका सुगाले भन्यो- हो, तिमीले ठिक भन्यौ। तिमीले त्यही त बुझ्नुपर्ने थियो नि ! ईश्वरले तिमीलाई अलग तरिकाले बनाएका छन्। तिमीलाई जे मिठो लाग्छ, तिम्रा साथीलाई त्यो मन पर्दैन। तिम्रा साथीलाई जे मन पर्छ, त्यो तिमीलाई मन पर्दैन। एकछिन सोच त तिम्रो चुच्चो तिम्रा साथीको जस्तो हुँदो हो त के तिमी स्वादिष्ट र पौष्टिक ओखर खान सक्थ्यौ ? त्यसैले, अरूसँग के छ भन्ने सोचेर आफ्नो समय बर्बाद नगर। आफूसँग जस्तो क्षमता छ, त्यसैको भरपूर उपयोग कसरी गर्न सकिन्छ, त्यसबारे मात्र सोच।

काकाको कुराबाटै किशोर सुगाले आफ्नो समस्याको जवाफ पाइसकेको थियो। ऊ काकालाई धन्यवाद दिँदै खुसीसाथ आमाकहाँ फर्कियो।

---

**टिप्पणी**

nayapatrikaofficial
@naya_patrika

### सरकारले ठिक गऱ्यो

सरकारले अवकाशप्राप्त कर्मचारीलाई अनुशासनमा बाँध्न आचारसंहिता ल्याउने तयारी गरिरहेको समाचार पढियो। अवकाशप्राप्त कर्मचारी भनेको पनि सरकारी कोषबाट जनताले तिरेको करबाट सुविधा लिने पूर्वराष्ट्रसेवक हुन्। त्यसैले, उनीहरूको पनि निश्चित आचारसंहिता बन्नु, उनीहरूलाई मर्यादामा राख्नु राम्रै काम हो। तर, आचारसंहिताका नाममा अवकाशप्राप्त कर्मचारीलाई बाँध्ने, निगरानीमा राख्ने र उनीहरूको वाक्-स्वतन्त्रता नै खोस्ने प्रयास भने गर्न पाइँदैन। सरकारले राम्रो नियतले यस्तो आचारसंहिता ल्याउन लागेको हो भने यसलाई सम्पूर्ण अवकाशप्राप्त कर्मचारीले स्वागत गर्नुपर्छ। अवकाशपछि पनि तिनले राज्यकोषबाट सुविधा पाइरहने हुनाले उनीहरू निश्चित मर्यादामा बस्नुपर्छ भने राज्यका काम कारबाहीमा सहयोगी भाव राख्नु पनि पर्छ। त्यसैले, सरकारको यो प्रयास सकारात्मक नै छ।

● **गोमा अर्याल**, कौशलटार, भक्तपुर

### राजीनामा नदिने गृहमन्त्रीज्यू ?

भिजिट भिसा प्रकरणमा गृह मन्त्रालयका कर्मचारीदेखि स्वयं गृहमन्त्री र उनको सचिवालयका सदस्यसमेत जोडिएको चर्चा व्यापक भइरहेको समयमा गृहमन्त्री रमेश लेखक भने पत्रकार सम्मेलन गरेर पीडितलाई थर्काउने, धम्क्याउने क्रियाकलापमा लागेको देखिन्छ। गृहमन्त्री लेखकमा अलिकति पनि सभ्य र मर्यादित राजनीतिक संस्कार बाँकी छ भने खुरुक्क पदबाट राजीनामा दिएर आफूमाथिको छानबिनमा सघाउनुपर्छ। आफू निर्दोष भए उनले छानबिनपछि 'क्लिन चिट' लिएर पुनः गृहमन्त्रीमै आउन कसले रोक्छ र ?

● **वन्दना परियार**
बागबजार, काठमाडौं

### कतिन्जेल लिने ऋण ?

आन्तरिक उत्पादन बढाएर आम्दानीको बाटो फराकिलो पार्ने कुनै 'भिजन' नभएको केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकार बनेयता दुई खर्ब ७१ अर्ब सरकारी ऋण थपिसकेको र अहिले पुनः थप ५० अब लिने निर्णय गरेको समाचार पढियो। 'आम्दानी अठन्नी खर्च रुपैयाँ' भनेको यही हो। यो सरकारले देशमा उत्पादन बढाउन, रोजगारी सिर्जना गर्न, उद्योगधन्दा खुलाउन कुनै पहल गरेको छैन। यस्तोमा कतिन्जेल ऋणमाथि ऋण थपिरहने हो ?

● **मृदुला साह**
सातदोबाटो, ललितपुर

### कांग्रेस महाधिवेशनको प्रश्न

यसै साता कांग्रेसले आफ्नो केन्द्रीय समितिको बैठक बोलाएको छ। अनि यसै साता कांग्रेस महामन्त्री गगन थापाले ०८२ मंसिरभित्र हुनुपर्ने महाधिवेशन ०८३ मा मात्र हुन्छ भनेर बोलेका छन्। उनले महाधिवेशन किन एक वर्ष सारे ? यसबारे बैठकमा छलफल होला कि नहोला ? कांग्रेस विधानले तोकेको समयअनुसार हुने हो भने अबको ६ महिनाभित्र अर्थात् आगामी मंसिरभित्रै कांग्रेसको माहाधिवेशन भइसक्नुपर्ने हुन्छ। तर, यति छोटो समय बाँकी हुँदा पनि शेखर कोइरालाबाहेक न कसैले महाधिवेशन समयमा गराइयोस् भनेको सुनिन्छ, न त त्यसअनुसारको तयारी नै।

आसन्न १५औँ महाधिवेशनमा सभापतिका उम्मेदवार शेखर कोइरालाले हालै एक कार्यक्रममा कांग्रेस संस्थापन समूहका नेता-कार्यकर्ताले १५औँ महाधिवेशन विधानले तोकेको समयभित्र गराऔँ भनेर बोल्नै छाडेको आरोप लगाउनुभएको छ। उहाँको त्यो आरोपभित्र गगन थापा र विश्वप्रकाश शर्मासमेत लक्षित छन्। किनकि, विधानले क्रियाशील सदस्यता वितरण र महाधिवेशन समयमै गराउने दायित्व महामन्त्रीलाई दिएको छ। समयमै माहाधिवेशन गराऔँ भनेर महामन्त्रीद्वय गगन-विश्वले आवाज उठाउन नसक्नुको कारण के हो ? पार्टी नेतामा बलियो इच्छाशक्ति छ भने समयमै महाधिवेशन असम्भव छैन। समयमै माहाधिवेशन गरेर अन्य पार्टीसामु आदर्श दल बन्ने सुवर्ण अवसर पनि कांग्रेससँग छ। तर, महाधिवेशन सार्ने परिपञ्च देख्दा भने कांग्रेसले त्यो सुवर्ण अवसर गुमाउने सम्भावना देखिन्छ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# इजरायली आक्रमणले थप बलियो बन्दै इरानी राष्ट्रवाद

## बम खस्दा र कमान्डर मारिँदा पनि इरानको सामाजिक बनोट खण्डित भएको छैन, बरु फेरि जोडिँदै गएको छ



**देश / विदेश**

● मोहम्मद इस्लामी

इरानमाथिको इजरायलको आक्रमण हालको इतिहासमै सबैभन्दा गम्भीर सीमापारको हमला बनेको छ। यो मिसाइल वा आणविक संरचनामाथिको लक्षित आक्रमण मात्र होइन, यसले शीर्ष नेताको हत्या र साइबर हमलासमेत समेटेको छ। मेजर जनरल मोहम्मद बाघेरी, कमान्डर होसेन सलामी र आमिर अली हाजिजादेहको हत्या इरानको सैन्य नेतृत्वमाथिको सन् १९८० यताकै सबैभन्दा ठुलो आघात हो। सतहमा सैन्य कारबाहीजस्तो देखिए पनि यो दशकौँ पुरानो इजरायली राजनीतिक सिद्धान्तको अभिव्यक्ति हो।

इजरायली अधिकारीले यसलाई इरानलाई आणविक हतियार हासिल गर्न नदिन गरिएको पूर्वचेतावनीका रूपमा व्याख्या गरे पनि यसको गहिरो रणनीतिक उद्देश्य क्रमशः स्पष्ट हुँदै गएको छ। अर्थात्, इस्लामिक गणतन्त्र इरानमा अस्थिरता ल्याई अन्ततः सत्तापलट गर्नु रहेको छ। वर्षौंदेखि इजरायली र केही अमेरिकी रणनीतिकारले इरानको आणविक महत्त्वाकांक्षा अन्त्य गर्ने दीर्घकालीन उपाय सत्ता परिवर्तन नै हो भन्ने तर्क गर्दै आएका छन्। अहिलेको अभियान यो दीर्घकालीन लक्ष्यसँग मेल खान्छ। हालैका घटनाक्रमले यो सैन्य अप्रेसनको उद्देश्य इरानभित्र आन्तरिक विद्रोहको प्रारम्भिक चरणलाई उक्साउनु रहेको संकेत गर्छ। विगतका सत्ता-परिवर्तन प्रयासको निरीक्षण गर्नेका लागि यो रणनीति नयाँ होइन, अर्थात् शीर्ष सैन्य अधिकारीको हत्या, मानसिक युद्ध, मिथ्या सूचना अभियान र राज्यका प्रतीकात्मक संस्थामाथि लक्षित आक्रमण नयाँ होइन। तेहरानमा इजरायली समर्थनमा भएको भनिएको साइबर आक्रमण र सटिक हवाई हमलाले सरकारी भवन र मन्त्रालयमा प्रहार गरेको रिपोर्ट आएका छन्। यसले राष्ट्रिय टेलिभिजन प्रसारणसमेत अस्थायी रूपमा अवरुद्ध गऱ्यो, जुन इस्लामिक गणतन्त्र इरानको सञ्चार संरचनाको एक केन्द्रीय आधार हो। इजरायली राजनीतिक वक्तव्यमार्फत पनि यही रणनीति झल्किएको छ।

गोप्य ब्रिफिङ र केही मिडिया अन्तर्वार्तामा अधिकारीले कि इरानका अत्यधिक सुरक्षित भूमिगत आणविक संरचना, जसमा केही संरचना झन्डै पाँच सय मिटर गहिराइमा जाग्रोस र अल्बोर्ज पर्वतमालामुनि गाडिएका छन् भन्ने खबर सतहमा आएका छन्। र, तिनलाई पूर्ण रूपमा नष्ट गर्न अमेरिकाको प्रत्यक्ष सहभागिता आवश्यक छ। विशेषतः त्यस्ता अप्रेसनका लागि जिबियू-५७ 'मेसिभ अर्डिनन्स पेनिट्रेटर' बम आवश्यक पर्छ, जसलाई केवल अमेरिकी बी-२ वा बी-५२ रणनीतिक बमवर्षकबाट मात्र प्रहार गर्न सकिन्छ। यस्तो क्षमताको अभावमा इजरायली नेताले सत्ता परिवर्तनविना इरानको आणविक कार्यक्रमलाई रोक्न असम्भव छ भन्ने निष्कर्ष निकालेका छन्।

यस सन्दर्भले इजरायलका समकालीन सैन्य तथा राजनीतिक प्रयासलाई नयाँ अर्थ दिन्छ। आक्रमणपछिको चरणमा इजरायली सन्देश विशेषतः इरानी जनतालाई लक्षित गर्दै तीव्र बनेका छन्, जसमा इस्लामिक रेभोलुसनरी गार्ड कर्प्स (आइआरजिसी) लाई राष्ट्रिय सुरक्षाकर्मी नभई इरानी जनताको मुख्य उत्पीडकका रूपमा चित्रण गरिँदै छ। ती सन्देशको उद्देश्य इरानी राष्ट्र र इस्लामिक गणतन्त्रबिचको भिन्नता देखाउनु थियो। नतिजा 'यो इरानविरुद्धको युद्ध नभई सत्ताविरुद्धको युद्ध हो' जस्ता नारा पनि प्रसार गरिएका छन्। विदेशमा रहेका इरानी विपक्षी नेता, जसमा सन् १९७९ अगाडिका अन्तिम शाहका जेठा छोरा रेजा पहलवी र पूर्वफुटबल खेलाडी अली करिमीले यी भाष्यलाई दोहोऱ्याउँदै आक्रमणको समर्थन जनाए र सत्ता परिवर्तनको आह्वान गरेका थिए।

तर, यो रणनीतिले अपेक्षित परिणाम ल्याउनुको सट्टा उल्टो प्रभाव पारेको देखिन्छ। जनविद्रोह भड्काउने वा राष्ट्रिय एकता भत्काउनुको सट्टा यी आक्रमणले



*तस्बिर : रोयटर्स*

राजनीतिक मतभेद पार गरेर इरानी जनभावनालाई एकजुट गरिदिएको देखिन्छ। सत्ताका लामो समयदेखि आलोचक रहेकासमेतले यसलाई विदेशी हस्तक्षेपको रूपमा बुझेका छन् र राष्ट्रिय सम्प्रभुतामाथिको आक्रमणप्रति आक्रोश व्यक्त गरेका छन्। सन् १९५३ मा अमेरिकी गुप्तचर निकाय सिआइएको सहयोगमा भएको कुदेखि इरान-इराक युद्धसम्मका इतिहासले पुनः जनतामाझ राष्ट्रिय रक्षालाई सक्रिय बनाइदिएको छ।

सन् २०२२ मा महसा अमिनीको प्रहरी हिरासतमा मृत्युपछि देशव्यापी आन्दोलनको नेतृत्व गरेका 'वुमन, लाइफ, फ्रिडम' अभियानका कार्यकर्ताले समेत विदेशी सैन्य हस्तक्षेपसँग खुला रूपमा नजोडिने संकेत गरेका छन्। बमले ध्वस्त बनाइएका भवन र मारिएका इरानी सैनिकको तस्बिर व्यापक रूपमा फैलिँदै जाँदा केही समयका लागि शासन परिवर्तनको मागभन्दा सहानुभूति र एकताको भावना प्रमुख बनेको देखियो। धेरैका लागि अहिलेको बहस राजनीतिक सुधारको मुद्दाबाट राष्ट्रको रक्षातर्फ सरिरहेको छ।

विशेषतः इस्लामिक गणतन्त्रका पूर्वविरोधी तथा केही चर्चित व्यक्तित्वले समेत इरानको पक्षमा आवाज उठाउँदै इजरायली आक्रमणको भर्त्सना गरेका छन्। फुटबलका महान् खेलाडी अली दाइले भने, 'म गद्दार बन्नुभन्दा मर्न रुचाउँछु,' भन्दै उनले कुनै पनि विदेशी हमलासँग सहकार्य गर्न अस्वीकार गरेका छन्। पूर्वन्यायाधीश तथा राजनीतिक बन्दी मोहसेन बोरहानीले आइआरजिसी र अन्य सशस्त्र बललाई संकेत गर्दै 'म मातृभूमिको रक्षा गर्ने सबैका हात चुम्न चाहन्छु' भनेका छन्।

सैन्य लक्ष्यमा केन्द्रित योजनाबद्ध हमला भनेर चित्रण गरिएको कार्यले अहिले उल्टो नतिजा दिइरहेको देखिन्छ। शासनको पकड कमजोर बनाउनुको सट्टा इजरायलका गतिविधिले राष्ट्रिय एकता बढाउँदै आलोचनात्मक स्वरलाई थाम्न सहयोग गरिरहेका छन्। बाहिरी हस्तक्षेपमार्फत क्रान्ति गराउने प्रयास केवल असफल मात्रै होइन, उल्टै घातक पनि हुन सक्छ। इजरायलको अन्तिम उद्देश्य सत्ता पतन नै थियो भने उसले इरानको राजनीतिक प्रणालीको ऐतिहासिक सहनशीलता र राष्ट्रिय पीडाबाट जन्मिने एकताको शक्तिलाई कम आँकेकोजस्तो देखिन्छ। बम खस्दा र कमान्डर मारिँदा पनि इरानको सामाजिक बनोट खण्डित भएको छैन, बरु फेरि जोडिँदै गएको छ।

*(इस्लामी पोर्चुगलस्थित मिन्हो विश्वविद्यालयका अन्तर्राष्ट्रिय सम्बन्धका सह-प्राध्यापक हुन्)*
*अलजजिराबाट*

# दमकका वडाध्यक्षहरूले पठाएनन् आयोजना तथा कार्यक्रम

**झापा**/ झापाको दमक नगरपालिकाका वडाहरूले आर्थिक वर्ष ०८२/८३ को बजेटका योजना तर्जुमा गरेर नगरपालिकाको कार्यालयमा पठाउन इन्कार गरेका छन्। वडाध्यक्षहरूले प्रक्रिया पूरा नगरी दमक नगरपालिकाले आयोजना तथा कार्यक्रम छनोटको मार्गदर्शन पठाएको भन्दै बिहीबारसम्म पनि आयोजना तथा कार्यक्रम पठाएका छैनन्। दमक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेशराज कार्कीले १५ वैशाखमा सबै वडा कार्यालयलाई पत्र लेख्दै बजेटको मार्गदर्शन उपलब्ध गराएका थिए। त्यही आधारमा १५ जेठभित्र आयोजना तथा कार्यक्रम पठाउन निर्देशन दिएका थिए। तर, वडा कार्यालयहरूले बजेट ल्याउने अन्तिम समयसम्म पनि आयोजना तथा कार्यक्रम छनोट गरेर पठाएका छैनन्। दमकमा रहेका १० वटै वडाबाट १६ करोडको योजना आउने गरी आयोजना तथा कार्यक्रम छनोट गर्न भनिएको थियो।

"Access to All"

**गरिमा विकास बैंक लिमिटेड**
**Garima Bikas Bank Limited**
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था
**प्रधान कार्यालय : लाजिम्पाट, काठमाण्डौं**
**फोन नं. :** ०१-४५४५४२४/२५/२६/२७/२८/३०, **वेभसाइट :** www.garimabank.com.np

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८२/०३/०६**

यस विकास बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत विभिन्न प्रयोजनको लागि लिएको कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै दस्तुर रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा र विभिन्न मितिमा राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा कर्जा चुक्ता गर्न आउने बारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गरेको हुनाले विकास बैंकलाई कर्जा लिँदाको बखत धितो सुरक्षण स्वरुप लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३" ले दिएको अधिकार प्रयोग गरी लिलामद्वारा बिक्री गरीने भएको हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रीबाट कर्जा असुली हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताहरुको हक अंश लाग्ने अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने र नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध पक्षहरुलाई कालोसूचीमा समावेश गराउन कर्जा सूचना केन्द्रमा सिफारिस गरि पठाउने व्यहोरा समेत ऋणी र धन जमानीकर्ताहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ। साथै, यसै सूचनालाई आधार मानि ऋणी तथा धन जमानीकर्ताहरुले सो दिन अगावै बैंकमा उपस्थित भई सम्पूर्ण कर्जा राफसाफ गरेमा लिलाम कार्य स्थगित गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| १. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **क) ऋणीको नामः नवकृष्ण सप्लायर्स**<br>फर्मको ठेगानाः बुटवल उप म.न.पा.-११, रुपन्देही<br>फर्म दर्ता नं.: ४६६९६/०७७-०७८, स्थानीय व्यापार<br>फर्म दर्ता मितिः २०७७/०४/०८<br>फर्मको पान नं. ३०५०६५७४०<br>फर्म दर्ता निकायः नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देही<br>**प्रोप्राईटरः मदन कुमार वि.क.**<br>**कर्जा शीर्षकः साना तथा मझौला अधिविकर्ष कर्जा/ पूनसंरचना कर्जा/साना तथा मझौला आवधिक कर्जा**<br>**शाखा कार्यालयः फर्साटिकर, रुपन्देही**<br>**ख) ऋणीको नामः मदन कुमार वि. क.**<br>बावुको नामः छवि लाल विश्वकर्मा<br>बाजेको नामः पूर्ण सिं<br>स्थायी ठेगानाः चिर्तुङधारा -४, पाल्पा<br>हालको ठेगानाः बुटवल उ.म.न.पा.-७, रुपन्देही<br>ना.प्र.नं.: ८८८५३<br>जारी मितिः २०५८/०८/११, जारी जिल्लाः पाल्पा<br>**कर्जा शीर्षकः विपन्न वर्ग कर्जा**<br>**शाखा कार्यालयः फर्साटिकर, रुपन्देही**<br>**नोटः** नवकृष्ण सप्लायर्सको **साना तथा मझौला अधिविकर्ष कर्जा/पूनसंरचना कर्जा/साना तथा मझौला आवधिक कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु मदन कुमार वि.क., निलु सुनार (वि.क.), सिप कुमारी विश्वकर्मा, रवीन्द्र कुमार वि. क. रहेको र मदन कुमार वि.क.को **विपन्न वर्ग कर्जामा** धन जमानीकर्ताहरु निलु सुनार (वि.क.), सिप कुमारी विश्वकर्मा रहेको । | **क) नाम, थरः मदन कुमार वि.क.**<br>बावुको नामः छवि लाल विश्वकर्मा<br>बाजेको नामः पूर्ण सिं<br>स्थायी ठेगानाः चिर्तुङधारा -४, पाल्पा<br>हालको ठेगानाः बुटवल उ.म.न.पा.-७, रुपन्देही<br>ना.प्र.नं.: ८८८५३<br>जारी मितिः २०५८/०८/११, जारी जिल्लाः पाल्पा<br>**ख) नाम, थरः निलु सुनार (वि.क.)**<br>पतिको नामः मदन कुमार वि.क.<br>ससुराको नामः छवि लाल विश्वकर्मा<br>स्थायी ठेगानाः बुटवल-९, रुपन्देही<br>हालको ठेगानाः बुटवल उ.म.न.पा.-७, रुपन्देही<br>ना.प्र.नं.: ३७-०२-७१-०९०४६<br>जारी मितिः २०७१/०१/२५, जारी जिल्लाः रुपन्देही<br>**ग) नाम, थरः सिप कुमारी विश्वकर्मा**<br>पतिको नामः छवि लाल<br>ससुराको नामः पूर्ण सिं<br>स्थायी ठेगानाः चिर्तुङधारा-४, पाल्पा<br>हालको ठेगानाः बुटवल उ.म.न.पा.-७, रुपन्देही<br>ना.प्र.नं.: ७०८<br>जारी मितिः २०४५/०१/१६, जारी जिल्लाः पाल्पा<br>**घ) नाम, थरः रवीन्द्र कुमार वि. क.**<br>बावुको नामः छवि लाल विश्वकर्मा<br>बाजेको नामः पूर्ण सिं<br>स्थायी ठेगानाः बुटवल-९, रुपन्देही<br>हालको ठेगानाः बुटवल उ.म.न.पा.-७, रुपन्देही<br>ना.प्र.नं.: ३७-०२-७०-०२११६<br>जारी मितिः २०७०/०३/१६, जारी जिल्लाः रुपन्देही |

**सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय बुटवल रुपन्देहीमा सिप कुमारी विश्वकर्माको नाममा दर्ता श्रेस्ता कायम रहेको बुटवल नगरपालिका वडा नं. ९ कित्ता नं. ४ क्षे.फ. २६९.६८ व. मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| २. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **क) ऋणीको नामः कमला पशु फार्म**<br>फर्मको ठेगानाः तिलोत्तमा न.पा.-६, रुपन्देही<br>फर्म दर्ता नं.: १९१५७/०७६/०७७<br>दर्ता मितिः २०७६/०६/१५<br>पान नम्बरः ६०५८५९७५५<br>फर्म दर्ता निकायः घरेलु तथा साना उद्योग कार्यालय सिद्धार्थनगर, रुपन्देही<br>**प्रोप्राईटरः कमला देवी कडेल**<br>**ख) ऋणी तथा जमानीकर्ताको नामः कमला देवी कडेल**<br>पतिको नामः ईश्वर प्रसाद कडेल<br>ससुराको नामः गोपाल कडेल<br>स्थायी ठेगानाः आनन्दवन गा.वि.स.-७, रुपन्देही<br>हालको ठेगानाः तिलोत्तमा न.पा.-६, रुपन्देही<br>ना.प्र.नं.: २६५११, जारी मितिः २०६१/०५/१८<br>जारी जिल्लाः रुपन्देही<br>**कर्जा शीर्षकः क) कृषि आवधिक/अधिविकर्ष कर्जा**<br>**(ख) विपन्न वर्ग कर्जा**<br>**शाखा कार्यालय : मणिग्राम, रुपन्देही** | **क) नाम थरः इश्वर प्रसाद कडेल**<br>बावुको नामः गोपाल कडेल<br>बाजेको नामः खडानन्द कडेल<br>स्थायी ठेगानाः आनन्दवन गा.वि.स.-७, रुपन्देही<br>हालको ठेगानाः तिलोत्तमा न.पा.-६, रुपन्देही<br>ना.प्र.न.: २/२४०४४<br>जारी मितिः २०६०/०८/०९, जारी जिल्लाः रुपन्देही<br>**ख) नाम थरः रक्षा कडेल**<br>बावुको नामः इश्वर प्रसाद कडेल<br>बाजेको नामः गोपाल कडेल<br>स्थायी ठेगानाः तिलोत्तमा न.पा.-६, रुपन्देही<br>हालको ठेगानाः तिलोत्तमा न.पा.-६, रुपन्देही<br>ना.प्र.नं.: ३७-०१-७६-०८७५०<br>जारी मितिः २०७६/०७/०६, जारी जिल्लाः रुपन्देही<br>**नोटः** ऋणी कमला पशु फार्मको **कृषि आवधिक/ अधिविकर्ष कर्जामा** व्यक्तिगत धनजमानीकर्ताहरु कमला देवी कडेल र इश्वर प्रसाद कडेल रहेको भने ऋणी कमला देवी कडेलको **विपन्न वर्ग कर्जामा** व्यक्तिगत धनजमानीकर्ता रक्षा कडेल रहेको । |

**सुरक्षण धितोको विवरणः**
मालपोत कार्यालय बुटवल, रुपन्देहीमा इश्वर प्रसाद कडेलको नाममा दर्ता श्रेष्ता कायम रहेको आनन्दवन गा.वि.स. स्थित वडा नं. ७ क को कित्ता नं. १५९७ क्षे.फ ०-२-१-० (बिघा) भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ३. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण |
|---|---|
| **ऋणीको नाम : मणीराम कुमाल**<br>बावुको नाम : कृष्ण वहादुर कुमाल<br>बाजेको नाम : काले कुमाल<br>स्थायी ठेगाना : मेघौली गा.वि.स.-२, चितवन<br>हालको ठेगाना : भरतपुर म.न.पा.-२८, चितवन<br>ना.प्र.नं. : ६३९/०३४<br>जारी मिति : २०६०/११/१९, जारी जिल्ला : चितवन<br>**कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**<br>**शाखा कार्यालय : मिलनचोक, चितवन** | **क) नाम, थर : माया कुमाल**<br>पतिको नाम : मणीराम कुमाल<br>ससुराको नाम : कृष्ण वहादुर कुमाल<br>स्थायी ठेगाना : मेघौली गा.वि.स.-२, चितवन<br>हालको ठेगाना : भरतपुर म.न.पा.-२८, चितवन<br>ना.प्र.नं. : ३५१०३६/१७१६<br>ना.प्र.नं. : २०७०/०२/१२<br>जारी जिल्ला : चितवन |

**सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय चनौली, चितवनमा मणीराम कुमालको नाममा दर्ता श्रेस्ता कायम रहेको मेघौली गा.वि.स. स्थित वडा नं. २, नक्सा सिट नं. २ख को कित्ता नं. ८०७ क्षे.फ ०-३-६-० (बिघा) भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ४. ऋणीको विवरण | व्यक्तिगत धनजमानीकर्ताको विवरण |
|---|---|
| **ऋणीको नाम : रुपलाल राई**<br>बावुको नाम : शहरमान राई<br>बाजेको नाम : दिल वहादुर<br>स्थायी ठेगाना : खोकु गा.वि.स.-२, धनकुटा<br>हालको ठेगाना : सुन्दरहरैचा न.पा.-३, मोरङ<br>ना.प्र.नं. : ३८/९६४<br>जारी मिति : २०५८/०३/१४, जारी जिल्ला : धनकुटा<br>**शाखा कार्यालय : ईटहरी, सुनसरी**<br>**कर्जा शीर्षक : आवास कर्जा** | **क) नाम, थर : निकी राई**<br>पतिको नाम : रुपलाल राई<br>ससुराको नाम : शहरमान राई<br>स्थायी ठेगाना : सुन्दरपुर-२, मोरङ<br>हालको ठेगाना : सुन्दरहरैचा न.पा.-३, मोरङ<br>ना.प्र.नं. : ३०६०/१४५<br>जारी मिति : २०६३/१२/१३<br>जारी जिल्ला : मोरङ |

**सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय वेलवारी मोरङमा रुपलाल राईको नाममा दर्ता श्रेस्ता कायम रहेको दुलारी गा.वि.स. स्थित वडा नं. २ख को कित्ता नं. १४१५ क्षे.फ. ०-०-१२-० (बिघा) भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ५. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण |
|---|---|
| **ऋणीको नामः प्रकाश सिलवाल**<br>बाबुको नामः खेम बहादुर क्षेत्री<br>बाजेको नामः खुतु प्रसाद<br>स्थायी ठेगानाः नलाङ्ग गा.वि.स.-०७, धादिङ<br>हालको ठेगाना : सिद्धलेक गा.पा.-१, धादिङ<br>ना.प्र.नं.: २२०८१<br>जारी मितिः २०५४/०८/२५, जारी जिल्लाः धादिङ<br>**कर्जा शिर्षकः व्यक्तिगत अधिविकर्ष**<br>**शाखा कार्यालय : गोंगबु, काठमाण्डौं** | **क) नाम, थरः आइतमाया गुरुङ्ग**<br>बाबुको नाम : भरि लाल गुरुङ्ग<br>ससुराको नामः खेम बहादुर क्षेत्री<br>पतिको नामः प्रकाश सिलवाल<br>स्थायी ठेगानाः आबुखैरेनी-०२, तनहुँ<br>हालको ठेगानाः सिद्धलेक गा.पा.-१, धादिङ<br>ना.प्र.नं.: ४३३०२९/७०५<br>जारी मितिः २०६३/१०/१९<br>जारी जिल्लाः तनहुँ |

**सुरक्षण धितोको विवरणः**
प्रकाश सिलवालको नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला नलाङ गा.वि.स. वडा नं.३ नक्सा सिट नं. ३छ स्थीत कित्ता नं. ५४२ को क्षेत्रफल १-१४-३-२ (रोपनी) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ६. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नाम : सहानी पशु फर्म**<br>फर्मको ठेगाना : सरावल गा.पा.-४, नवलपरासी<br>फर्म दर्ता नं. : ३७७/१९९७/०७६<br>फर्म दर्ता मिति : २०७६/०६/०७<br>फर्मको पान नं. : ६१२०९५९४८<br>फर्म दर्ता निकायः प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प.)<br>**प्रोप्राईटर : अजय कुमार केवट**<br>**कर्जा शीर्षक : कृषी आवधिक कर्जा**<br>**शाखा कार्यालय : परासी, नवलपरासी** | **क) नाम, थर : अजय कुमार केवट**<br>बावुको नाम : पदुमलाल केवट<br>बाजेको नाम : जगन केवट<br>स्थायी ठेगाना : सरावल गा.पा.-७, नवलपरासी<br>हालको ठेगाना : सरावल गा.पा.-४, नवलपरासी<br>ना.प्र.नं. : ३६-०१-७५-०२१४०<br>जारी मितिः २०७५/०४/०९, जारी जिल्लाः नवलपरासी<br>**ख) नाम, थरः लक्ष्मी देवी केवट**<br>पतिको नाम : पदुमलाल केवट<br>ससुराको नाम : जगन केवट<br>स्थायी ठेगाना : भुजहवा गा.वि.स.-१, नवलपरासी,<br>हालको ठेगाना : सरावल गा.पा.-४, नवलपरासी<br>ना.प्र.नं. : ३६१०५०/१७<br>जारी मितिः २०६३/११/२७, जारी जिल्लाः नवलपरासी |

**सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय परासी, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) मा लक्ष्मीदेवी केवट र अजय कुमार केवटको संयुक्त नाममा दर्ता श्रेस्ता कायम रहेको सरावल गा.वि.स/न.पा. वडा नं. ७ र नक्सा सीट नं. ७ख स्थित कित्ता नं. ६८२ को क्षे.फ. ३३८.५८ व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ७. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नामः नेहा पोल्ट्री फर्म**<br>फर्मको ठेगानाः वीरगंज म.न.पा.-१८, पर्सा<br>फर्म दर्ता नं.: १०४१६/०७५/०७६<br>फर्म दर्ता मितिः २०७५/११/०२<br>फर्मको पान न.: ६०९२३८३७४<br>फर्म दर्ता निकायः प्रदेश सरकार, २ नं. प्रदेश नेपाल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्त हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय वीरगंज, पर्सा<br>**प्रोप्राईटरः सन्देश प्रसाद यादव**<br>**कर्जा शिर्षकः व्यवसायिक आवधिक कर्जा**<br>**शाखा कार्यालयः वीरगंज, पर्सा** | **क) नाम थरः सन्देश प्रसाद यादव**<br>बावुको नामः सिर्जोगी राउत अहिर<br>बाजेको नामः बिसुन राउत अहिर<br>स्थायी ठेगानाः उदयपुरघुर्मी-४, पर्सा<br>हालको ठेगानाः वीरगंज म.न.पा.-२७, पर्सा<br>ना.प्र.न.: २८६११६९५<br>जारी मितिः २०५७/०९/२३, जारी जिल्लाः पर्सा<br>**ख) नाम थरः प्रमिला देवी यादव**<br>पतिको नामः सन्देश प्रसाद यादव<br>ससुराको नामः सिर्जोगी राउत अहिर<br>स्थायी ठेगानाः उदयपुरघुर्मी-४, पर्सा<br>हालको ठेगानाः वीरगंज म.न.पा.-२७, पर्सा<br>ना.प्र.न.: ३४१०८३/४७२<br>जारी मितिः २०६९/०१/०५, जारी जिल्लाः पर्सा |

**सुरक्षण धितोको विवरणः**
१. पर्सा जिल्ला मालपोत कार्यालय वीरगंजमा प्रमिला देवी यादवको नाममा दर्ता श्रेस्ता कायम रहेको भवानीपुर गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. ९००, ९३५, ८९९ को क्षे.फ. क्रमशः ०-१-०-८, ०-१-०-०, ०-०-१९-८ (बिघा) भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. पर्सा जिल्ला मालपोत कार्यालय वीरगंजमा प्रमिला देवी यादवको नाममा दर्ता श्रेस्ता कायम रहेको उदयपुरघुर्मी गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. १२११ को क्षे.फ. ०-१-२-९ (बिघा) भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ८. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण |
|---|---|
| **ऋणीको नाम : डिल प्रसाद सापकोटा**<br>बावुको नाम : दुर्गा दत्त सापकोटा<br>बाजेको नाम : कृष्ण प्रसाद सापकोटा<br>स्थायी ठेगाना : गुलरिया न.पा.-७, बर्दिया<br>हालको ठेगाना : भरतपुर-२६, चितवन<br>ना.प्र.नं. : ३०१३<br>जारी मितिः २०५२/१२/१९, जारी जिल्ला : बर्दिया<br>**कर्जा शीर्षक : हायरपर्चेज कर्जा**<br>**शाखा कार्यालय : मिलनचोक, चितवन** | **क) नाम थर : पुजा सापकोटा**<br>पतिको नाम : डिल प्रसाद सापकोटा<br>ससुराको नाम : दुर्गा दत्त सापकोटा<br>स्थायी ठेगाना : गुलरिया गा.वि.स.-५, बर्दिया<br>हालको ठेगाना : भरतपुर-२६, चितवन<br>ना.प्र.नं. : ६५१००१/५३६<br>जारी मिति : २०६४/०८/१८<br>जारी जिल्ला : बर्दिया |

**सुरक्षण धितोको विवरणः** बागमती प्रदेश यातायात व्यवस्था कार्यालय हेटौडामा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता भई ऋणी डिल प्रसाद सापकोटा कायम रहेको निम्न सवारी साधन :
**सवारी दर्ता नं. : बा.प्र. ०३-००१च०८५६**
कम्पनिको नाम : FORCE, मोडेल : TRAX KARGO KING, बनेको साल : 2020
च्यासिस नं. : MC1D1AKA6MP007392, इन्जिन नं. : D60030639

| ९. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नामः निशा कृष्ण फेन्सी स्टोर**<br>फर्मको ठेगानाः नेपालगंज उ.म.न.पा.-४, बाँके<br>फर्म दर्ता नं.: ३०९५७/०७६/०७७ (स्थानिय व्यापार)<br>फर्म दर्ता मितिः २०७६/०५/२५<br>फर्मको पान नं.: ६१६४४६८२१<br>फर्म दर्ता निकाय : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगंज, बाँके<br>**प्रोप्राईटर : कृष्ण प्रसाद उपाध्याय**<br>**कर्जा शीर्षकः साना तथा मझौला अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालयः नेपालगञ्ज, बाँके** | **क) नाम, थरः कृष्ण प्रसाद उपाध्याय**<br>बावुको नामः राम कृष्ण उपाध्याय<br>बाजेको नामः रंग प्रसाद उपाध्याय<br>स्थायी ठेगानाः नन्देगडा गा.वि.स-५, अछाम<br>हालको ठेगानाः नेपालगंज उ.म.न.पा.-४, बाँके<br>ना.प्र.: ६९१०२२/२१३९२<br>जारी मितिः २०६८/०४/१९, जारी जिल्लाः अछाम<br>**ख) नाम, थरः निशा उपाध्याय**<br>पतिको नामः कृष्ण प्रसाद उपाध्याय<br>ससुरको नामः राम कृष्ण उपाध्याय<br>स्थायी ठेगानाः विरगन्ज उ.म.न.पा.-१४, पर्सा<br>हालको ठेगानाः नेपालगंज उ.म.न.पा.-४, बाँके<br>ना.प्र.: ३४-०१-७२-०२६४०<br>जारी मितिः २०७२/०३/२२, जारी जिल्लाः पर्सा |

**सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय टिकापुर, कैलालीमा शारदा देवी उपाध्यायको नाममा दर्ता श्रेस्ता कायम रहेको टिकापुर न.पा. वडा नं. ९, नक्सा सिट नं. ९झ स्थित कित्ता नं. १५३७ को क्षे.फ. २९०.०० व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| १०. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नाम : संजय कुमार साह**<br>बावुको नाम : कृष्ण देव साह<br>बाजेको नाम : प्रकास साह कानु<br>स्थायी ठेगाना : बरहथवा न.पा.-९, सर्लाही<br>हालको ठेगाना : बरहथवा न.पा.-९, सर्लाही<br>ना.प्र.नं.: १९-०२-७०-०२३०४<br>जारी मिति : २०७०/११/२१, जारी जिल्ला : सर्लाही<br>**कर्जा शीर्षक : व्यक्तिगत अधिविकर्ष कर्जा/ व्यक्तिगत लघुउद्यम कर्जा**<br>**शाखा कार्यालय : बरहथवा, सर्लाही**<br>**नोटः** संजय कुमार साहको **व्यक्तिगत अधिविकर्ष कर्जामा** व्यक्तिगत धन जमानीकर्ता हिरावन कुमारी साह रहेको र **व्यक्तिगत लघुउद्यम कर्जामा** धन जमानीकर्ताहरु हिरोवन कुमारी साह, कामेश्वर झा रहेको । | **क) नाम, थर : हिरोवन कुमारी साह**<br>पतिको नाम : संजय कुमार साह<br>ससुराको नाम : कृष्ण देव साह<br>स्थायी ठेगाना : मुर्तिया गा.वि.स.-३, सर्लाही<br>हालको ठेगाना : बरहथवा न.पा.-९, सर्लाही<br>ना.प्र.नं.: १९३०८१/१११३<br>जारी मिति : २०६३/११/१४<br>जारी जिल्लाः सर्लाही<br>**ख) नाम, थर : कामेश्वर झा**<br>बावुको नाम : श्यामशंकर झा वाहुन<br>बाजेको नाम : योगेन्द्र झा<br>स्थायी ठेगाना : बसवरीया गा.पा.-३, सर्लाही<br>हालको ठेगाना : बरहथवा न.पा.-७, सर्लाही<br>ना.प्र.नं.: १९-०१-७२-०००२९<br>जारी मिति : २०७२/०१/०३, जारी जिल्लाः सर्लाही |

**सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय सर्लाहीमा संजय कुमार साहको नाममा दर्ता श्रेस्ता कायम रहेको गं.सी. गा.वि.स. स्थित वडा नं. १ नक्सा सिट नं. १य को कित्ता नं. ५४७ क्षे.फ. ०-४-० भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ११. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **क) ऋणीको नाम : डेनिस फेन्सी एण्ड गिफ्ट सप्लायर्स**<br>फर्मको ठेगाना : वीरेन्द्रनगर .न.पा.-३, सुर्खेत<br>फर्म दर्ता नं. : ११६४६/०७७/०७८, स्थानीय व्यापार<br>फर्म दर्ता मिति : २०७७/०६/१९<br>फर्मको पान नं. : ११९६९२६२८<br>फर्म दर्ता निकाय : कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, वीरेन्द्रनगर सुर्खेत, नेपाल<br>**प्रोप्राईटर : प्रतिमा शाही**<br>**कर्जा शिर्षक : साना तथा मझौला अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालय : सुर्खेत**<br>**ख) ऋणीको नाम : प्रतिमा शाही**<br>पतिको नाम : धनराज वम<br>ससुराको नाम : काली बहादुर वम<br>स्थायी ठेगाना : सेरी गा.वि.स.-५, दैलेख<br>हालको ठेगाना : वीरेन्द्रनगर न.पा.-६, सुर्खेत<br>ना.प्र.नं. : ६३१०२४/२३४<br>जारी मितिः २०६८/०३/१९, जारी जिल्लाः दैलेख<br>**कर्जा शिर्षक : व्यक्तिगत लघुउद्यम कर्जा**<br>**शाखा कार्यालय : सुर्खेत** | **क) नाम, थर : प्रतिमा शाही**<br>पतिको नाम : धनराज वम<br>ससुराको नाम : काली बहादुर वम<br>स्थायी ठेगाना : सेरी गा.वि.स.-५, दैलेख<br>हालको ठेगाना : वीरेन्द्रनगर न.पा.-६, सुर्खेत<br>ना.प्र.नं. : ६३१०२४/२३४<br>जारी मितिः २०६८/०३/१९, जारी जिल्लाः दैलेख<br>**ख) नाम, थर : धनराज वम**<br>बावुको नाम : काली बहादुर वम<br>बाजेको नाम : भद्र बहादुर वम<br>स्थायी ठेगाना : मेहलमुडी गा.वि.स.-३, कालीकोट<br>हालको ठेगाना : वीरेन्द्रनगर न.पा.-६, सुर्खेत<br>ना.प्र.नं. : ६११०२४/७९९<br>जारी मितिः २०६८/०२/०८, जारी जिल्लाः कालिकोट<br>**ग) नाम, थर : पुर्णिमा शाही**<br>पतिको नाम : शेर बहादुर शाही<br>ससुराको नाम : कुल शाही<br>स्थायी ठेगाना : गुराँस गा.पा.-३, दैलेख<br>हालको ठेगाना : वीरेन्द्रनगर न.पा.-६, सुर्खेत<br>ना.प्र.नं. : ६३-०१-७६-०२६२३<br>जारी मितिः २०७६/०८/१८, जारी जिल्लाः दैलेख |

**नोटः** डेनिस फेन्सी एण्ड गिफ्ट सप्लायर्सको **साना तथा मझौला अधिविकर्ष कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु प्रतिमा शाही, धनराज वम रहेको र प्रतिमा शाहीको **व्यक्तिगत लघुउद्यम कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु धनराज वम, पुर्णिमा शाही रहेको ।

**सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय, सुर्खेतमा प्रतिमा शाहीको नाममा दर्ता श्रेस्ता कायम रहेको गढी गा.वि.स. स्थित वडा नं. २ को कित्ता नं. ८०९ क्षे.फ. ९८.०० व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| १२. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नाम : पदम भेटवाल**<br>बावुको नाम : वद्री प्रसाद भेटवाल<br>बाजेको नाम : त्रीलोचन भेटवाल<br>स्थायी ठेगाना : वुधवारे गा.वि.स.-६, झापा<br>हालको ठेगाना : बुद्धशान्ति गा.पा.-१, झापा<br>ना.प्र.नं. : ४०४१११३४८<br>जारी मिति : २०५७/१२/०१<br>जारी जिल्ला : झापा<br>**कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**<br>**शाखा कार्यालय : बुधबारे, झापा**<br>**व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण**<br>**क) नाम, थर : संगिता पौडेल**<br>पतिको नाम : पदम भेटवाल<br>ससुराको नाम : वद्री प्रसाद भेटवाल<br>स्थायी ठेगाना : दमक न.पा.-१३, झापा<br>हालको ठेगाना : बुद्धशान्ति गा.पा.-१, झापा<br>ना.प्र.नं. : ०४२०४४/२६१३<br>जारी मिति : २०६६/०४/०१<br>जारी जिल्ला : झापा | **ख) नाम, थर : वद्री प्रसाद भेटवाल**<br>बुवाको नाम : त्रीलोचन भेटवाल<br>बाजेको नाम : धनपति भेटवाल<br>स्थायी ठेगाना : गोदक गा.वि.स.-३, इलाम<br>हालको ठेगाना : बुद्धशान्ति गा.पा.-१, झापा<br>ना.प्र.नं. : ४५१<br>जारी मिति : २०३०/११/१०<br>जारी जिल्ला : इलाम<br>**ग) नाम, थर : श्रीमती चन्द्र कुमारी भेटवाल**<br>पतिको नाम : वद्री प्रसाद भेटवाल<br>ससुराको नाम : त्रीलोचन भेटवाल<br>स्थायी ठेगाना : खुदुनावारी गा.वि.स.-८, झापा<br>हालको ठेगाना : बुद्धशान्ति गा.पा.-१, झापा<br>ना.प्र.नं. : ४०४११४७८४<br>जारी मिति : २०४२/०४/०७<br>जारी जिल्ला : झापा |

**सुरक्षण धितोको विवरणः**
मालपोत कार्यालय भद्रपुर, झापामा चन्द्र कुमारी भेटवालको नाममा दर्ता श्रेस्ता कायम रहेको बुधबारे गा.वि.स. स्थित वडा नं. ६, नक्सा सिट नं. ६ग को कित्ता नं. ४१९५ क्षे.फ. ०-२-०-० व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| १३. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नामः सि. खड्का एग्रो प्रोडक्सन तथा सप्लायर्स प्रा.लि.**<br>कम्पनीको ठेगानाः कर्मैया गा.वि.स.-८, सर्लाही<br>कम्पनी दर्ता नं.: १५५०२३/०७३/०७४<br>कम्पनी दर्ता मितिः २०७३/०५/१५<br>कम्पनीको पान नं.: ६०४३१६८४६<br>कम्पनी दर्ता निकायः नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>**अख्तियार प्राप्त व्यक्ति/धन जमानीकर्ताको नामः चित्र बहादुर खड्का**<br>बावुको नामः तारा बहादुर खड्का<br>बाजेको नामः चन्द्र बहादुर खड्का<br>स्थायी ठेगानाः राजघाट गा.वि.स.-७, सर्लाही<br>हालको ठेगानाः बागमती न.पा.-५, सर्लाही<br>ना.प्र.नं.: ०८९०१२०३९<br>जारी मितिः २०५०/१२/२८, जारी जिल्लाः सर्लाही<br>**कर्जा शीर्षकः व्यवसायीक आवधिक कर्जा र व्यवसायीक अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालयः लाजिम्पाट, काठमाण्डौ** | **क) नाम, थरः अमिस खड्का**<br>बाबुको नामः चित्र बहादुर खड्का<br>बाजेको नामः तारा बहादुर खड्का<br>स्थायी ठेगानाः बागमती न.पा.-५, सर्लाही<br>हालको ठेगानाः बागमती न.पा.-५, सर्लाही<br>ना.प्र.नं.: १९-०६-७६-०१०८७<br>जारी मितिः २०७६/०२/१२<br>जारी जिल्लाः सर्लाही<br>**ख) नाम, थरः धन कुमारी खड्का**<br>पतिको नामः चित्र बहादुर खड्का<br>ससुराको नामः तारा बहादुर खड्का<br>स्थायी ठेगानाः राजघाट गा.वि.स.-७, सर्लाही<br>हालको ठेगानाः बागमती न.पा.-५, सर्लाही<br>ना.प्र.नं.: १९३०८५/६८९<br>जारी मितिः २०६३/१२/०१<br>जारी जिल्लाः सर्लाही |

**नोटः** ऋणी सि. खड्का एग्रो प्रोडक्सन तथा सप्लायर्स प्रा.लि.को **व्यवसायिक आवधिक कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु चित्र बहादुर खड्का, धन कुमारी खड्का रहेको र सि. खड्का एग्रो प्रोडक्सन तथा सप्लायर्स प्रा.लि. को **व्यवसायिक अधिविकर्ष कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु चित्र बहादुर खड्का, धन कुमारी खड्का र अमिस खड्का रहेको ।

**सुरक्षण धितोको विवरणः**
१. मालपोत कार्यालय मलंगवा, सर्लाहीमा चित्र बहादुर खड्काको नाममा दर्ता श्रेस्ता कायम रहेको मोतिपुर गा.वि.स. स्थित वडा नं. ५ को कित्ता नं. ६८९, ६९०, ८४१ र ८४३ क्षे.फ. ०-४-१, ०-१-२, ०-१-१८ र ०-०-१२ भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. मालपोत कार्यालय चावहिल, काठमाण्डौमा धन कुमारी खड्काको नाममा दर्ता श्रेस्ता कायम रहेको गोठाटार गा.वि.स. स्थित वडा नं. ८ र नक्सा सिट नं. १०२११४९०६ को कित्ता नं. १६६ क्षे.फ. १७८.९० व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| १४. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **क) ऋणीको नाम : छोटु अटो पार्टस**<br>फर्मको ठेगाना : वीरेन्द्रनगर .न.पा.-६, सुर्खेत<br>फर्म दर्ता नं. : ११४७६/०७७/७८ स्थानिय व्यापार<br>फर्म दर्ता मितिः २०७७/०५/३१<br>फर्मको पान नं. : ३१३६६५७८६<br>फर्म दर्ता निकाय : कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, वीरेन्द्रनगर सुर्खेत, नेपाल<br>**प्रोप्राईटर : राबन बी. बी. मिया**<br>**कर्जा शिर्षक : साना तथा मझौला अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालय : सुर्खेत**<br>**ख) ऋणीको नाम : राबन बी. बी. मिया**<br>पतिको नाम : इव्राहिम सलमानी<br>ससुराको नाम : जुमाई सलमानी<br>स्थायी ठेगाना : वीरेन्द्रनगर न.पा.-६, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर न.पा.-१०, सुर्खेत<br>ना.प्र.नं. : १६५६३/४९७९<br>जारी मितिः २०४०/०१/१४, जारी जिल्लाः सुर्खेत<br>**कर्जा शिर्षक : लघुउद्यम कर्जा**<br>**शाखा कार्यालय : सुर्खेत**<br>**नोटः** छोटु अटो पार्टसको **साना तथा मझौला अधिविकर्ष कर्जामा** धन जमानीकर्ताहरु राबन बी.बी. मिया, इव्राहिम सलमानी, रहुप सलमानी रहेको र राबन बी. बी. मियाको **लघुउद्यम कर्जामा** धन जमानीकर्ताहरु इव्राहिम सलमानी, गफूर बक्स रहेको । | **क) नाम, थर : राबन बी. बी. मिया**<br>पतिको नाम : इव्राहिम सलमानी<br>ससुराको नाम :जुमाई सलमानी<br>स्थायी ठेगाना : वीरेन्द्रनगर न.पा.-६, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर न.पा.-१०, सुर्खेत<br>ना.प्र.नं. : १६५६३/४९७९<br>जारी मितिः २०४०/०१/१४, जारी जिल्लाः सुर्खेत<br>**ख) नाम, थर : इव्राहिम सलमानी**<br>बावुको नाम : जुमाई सलमानी<br>बाजेको नाम : असरफ सलमानी<br>स्थायी ठेगाना : सोनपुर गा.वि.स.-३, बाँके<br>हालको ठेगाना : वीरेन्द्रनगर न.पा.-१०, सुर्खेत<br>ना.प्र.नं. : ६६३०४२/१५८<br>जारी मितिः २०६३/११/२४, जारी जिल्लाः बाँके<br>**ग) नाम, थर : रहुप सलमानी**<br>बावुको नाम : इव्राहिम सलमानी<br>बाजेको नाम : जुमाई सलमानी<br>स्थायी ठेगाना : वीरेन्द्रनगर न.पा.-६, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर न.पा.-१०, सुर्खेत<br>ना.प्र.नं. : ६४-०१-७०-०१५५४<br>जारी मितिः २०७०/०३/३१, जारी जिल्लाः सुर्खेत<br>**घ) नाम, थर : गफूर बक्स**<br>बावुको नाम : रवुल बक्स<br>बाजेको नाम : फजुर बक्स<br>स्थायी ठेगाना : लाटिकोइली गा.वि.स.-९, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर न.पा.-१०, सुर्खेत<br>ना.प्र.नं. : ३४८१८/१८९०<br>जारी मितिः २०५५/११/३०, जारी जिल्लाः सुर्खेत |

**सुरक्षण धितोको विवरणः**
मालपोत कार्यालय, सुर्खेतमा रावन बि.बि. मियाको नाममा दर्ता श्रेस्ता कायम रहेको लाटीकोइली गा.वि.स. स्थित वडा नं. ३, नक्सा सिट नं. ३/ख को कित्ता नं. १९५९ क्षे.फ. १७३.५५ व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शर्त बन्देजहरू :**
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय वा शाखा कार्यालयहरुमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ ।
२. प्राप्त बोलपत्रहरु मिति २०८२/०३/१६ गते सोमबार दिनको ५:०० बजे बैंकको शाखा/क्षेत्रीय कार्यालय/ केन्द्रिय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका कुनै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. बोलपत्र खोल्ने दिन कुनै कारणले सार्वजानिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोल्न सकिनेछ वा कर्जा असुली समितिको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतले बोलपत्र खोलिने अर्को मिति तोक्न सक्नेछन् ।
४. उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, बोलपत्रकर्ताले सोही अवस्था र परिमाणमा खरीद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्रकर्ताले आफुले खरीद गर्न चाहेको सम्पत्तिको बोलपत्र कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा नगद बुझाएको सक्कल रसीद/भौचर वा सो रकम बरावरको विकास बैंकको नाममा खिचिएको Good for Payment Cheque/Manager Cheque शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।
६. बोलपत्रमा आफुले कुन कुन सम्पत्ति के कति दर र रकममा खरीद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट साथ खुलाउनु पर्नेछ ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार विकास बैंकमा निहित रहनेछ ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
९. बोलपत्रकर्ताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानून बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र आयकर प्रमाण–पत्रको फोटोकपी संलग्न गरेको हुनु पर्नेछ ।
१०. बोलपत्र स्वीकृत भएको जानकारीको पत्रको मितिले २१ दिन भित्र धरौटी वाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ । तोकिएको समयावधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ । बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरीनेछ र यस रकममा कुनै ब्याज प्रदान गरीने छैन ।
११. स्वीकृत भएको बोलपत्रकर्ताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गर्नुपर्नेछ । यस्तो सम्पत्ति नामसारी गर्दा सम्बन्धित निकायमा कानून बमोजिम लाग्ने/बुझाउनु पर्ने दै-दस्तुर, कर/राजस्व लगायतका अन्य सम्पूर्ण खर्चहरु बोलपत्रकर्ता स्वयंले नै बेहोर्नु पर्नेछ ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा शाखा कार्यालयहरु बाट रु. १,०००/- (फिर्ता नहुने गरि) तिरी प्राप्त गर्न सकिनेछ ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

# द्वन्द्वमय विश्व र नेतृत्वको चरम अभाव

## विश्व भूराजनीति सर्वोच्चतावाद, दण्डहीनता र निराशावादको चंगुलमा फसेको छ, तर यस कठिन घडीमा क्षमतावान् वैश्विक नेतृत्वको अभाव देखिन्छ

विश्व भूराजनीति सर्वोच्चतावाद, दण्डहीनता र निराशावादको घातक चंगुलमा फसेको छ। र, यस्तोमा निकट इतिहासमै नदेखिएको स्तरको क्षमतावान् र नैतिकवान् वैश्विक नेतृत्वको अभाव देखिन्छ। पहिले सर्वोच्चतावादमा ध्यान दिऔँ। हामीले अमेरिकालाई इजरायलबाट रणनीतिक रूपमा छुट्यायौँ भने पनि गाजा र इरानमा भएका युद्धहरूले पश्चिमी सर्वोच्चताको चरित्र धारण गरेकोमा कुनै शंका छैन। गाजा र इरान दुवैमाथि इजरायलको अनियन्त्रित आक्रामकताले पश्चिमी 'आधिपत्य परियोजना'को पुनरावृत्ति गरेको छ। बहुप्रचारित बहुध्रुवीय विश्वको विचार फेरि पनि भ्रमपूर्ण साबित भएको छ।

स्थानीय सन्दर्भ फरक भए पनि पछिल्ला द्वन्द्वले अर्थपूर्ण नियन्त्रण वा सन्तुलनविनाको विश्व व्यवस्थामाथि प्रकाश हालेको छ। इरानको पतन भईहाले पश्चिमी प्रभुत्वलाई चुनौती दिन सक्ने रुसी र चिनियाँ क्षमतालाई अझ कमजोर बनाउनेछ। साउदी अरबलगायत प्रमुख अरबी मुलुकले प्यालेस्टाइन वा इरानका कारण पश्चिमसँगको आफ्नो सम्बन्धलाई बिगार्न नदिने विकल्प रोजेका छन्। लामो ऐतिहासिक दृष्टिकोणबाट हेर्दा यी युद्ध अमेरिकी प्रभुत्वलाई पुनः व्यक्त गर्ने प्रयास हुन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सम्भवतः यो युद्धलाई सर्वोच्चतावादी भाष्यलाई जोड दिन प्रयोग गर्नेछन्। यदि इरानमा शासन परिवर्तन वा यसको आणविक क्षमताको विनाश सम्भव देखियो भने उनले जारी इजरायली आक्रमणलाई समर्थन गर्नेछन्। होइन भने उनी एक बेइमान शान्तिदूतका रूपमा प्रस्तुत हुन सक्छन्। जे भए पनि उनले दिन चाहेको सन्देश स्पष्ट छ- अमेरिकी अपरिहार्यता, संसारलाई आकार दिन सक्ने शक्ति र इराक तथा अफगानिस्तानको अपमानको बदला लिने प्रयास। पश्चिमले विश्वव्यापी शक्तिको बदलिँदो गतिशीलतासँग आफूलाई कहिल्यै वैचारिक रूपमा अनुकुल गरेकै छैन। यसले क्षेत्रीय विरोधीलाई हटाएर सर्वोच्चता पुनः स्थापित गर्ने साधनका रूपमा बेन्जामिन नेतन्याहुमा फेला पारेको छ। वर्तमान समयको दण्डहीनता र शून्यवाद सबैका सामु स्पष्ट छ। सामूहिक विनाश र पीडाबिच कबिलावादी सोचले हाम्रो नैतिक क्षमतालाई असक्षम बनाएको छ।





● **प्रताप भानु मेहता**

*विश्लेषक मेहता अशोका विश्वविद्यालयका पूर्वचान्सलर हुन्।*

> लामो ऐतिहासिक दृष्टिकोणबाट हेर्दा मध्यपूर्वमा जारी युद्ध अमेरिकी प्रभुत्वलाई पुनः स्थापित गर्ने प्रयास हुन्, यसले क्षेत्रीय विरोधीलाई हटाएर सर्वोच्चता पुनः स्थापित गर्ने साधनका रूपमा बेन्जामिन नेतन्याहुमा फेला पारेको छ

पूर्वस्थापित समूह बफादारीले हामीलाई अत्याचारलाई समेत सही ठहराउन र जोखिमलाई बेवास्ता गर्ने बहाना दिन्छन्। विश्वव्यापीकरणतर्फ जे-जति प्रगति भएका थिए अब त्यो सबै उल्टिएको छ। अन्तर्राष्ट्रिय सम्बन्धको क्षेत्रमा कबिला बफादारीताबाट बाहिरिने विश्लेषणात्मक क्षमता पनि ओइलाएको छ। युद्ध सधैँ छल र धोकाधडीमा निर्भर रहँदै आएको छ। तर, आज भाषा आफैँ यति पतीत भएको छ कि तिनको लक्ष सत्य रहेन। तिनीहरू आफै हतियार बनेका छन्, समझदारी वा मेलमिलापका उपकरण बन्न सकेका छैनन्। लक्ष्य केवल झुट बोल्नु होइन, सत्यलाई असान्दर्भिक बनाउने देखिन्छ। बहसलाई केवल कबिला पहिचानमा वास्तविकता प्रस्तुत गर्न प्रयोग गरिन्छ।

एक पटक गाजाको विरोधाभासलाई ख्याल गर्नुहोस् त। गाजा युद्ध संसारमा सबैभन्दा बढी समाचार बनेको द्वन्द्व हो, तर यसको एक पक्ष प्यालेस्टिनीहरू नै अदृश्य बनाइएको छ। बेवास्ताको कारणले होइन, बरु समाचार कभरेजको प्रकृतिद्वारा अदृश्यकरण भएको छ। आणविक निवारणको विकृत तर्कलाई पनि विचार गर्नुहोस्। पहिले इरान केही साताभित्रै आणविक बम बनाउने अवस्थामा पुगेको थियो भन्ने अतिरञ्जित दाबी गरियो। इराकमा कोलिन पावेलले कम्तीमा संस्थागत प्रमाणीकरणमार्फत सत्यप्रति मौखिक समर्थन जाहेर गरेका थिए। अहिले आइएइएजस्ता संस्थालाई पूर्ण रूपमा पन्छाइएको छ। अहिले सत्यको प्रमाणीकरणसमेत आवश्यक ठानिएन।

आणविक हतियारले अस्तित्वगत खतरालाई निवारण गर्ने विश्वास गरिन्छ। इजरायलसँग आणविक हतियार छन्। यसले पश्चिमा राष्ट्रको आणविक कवजको आनन्द लिइरहेको छ। त्यसो हो भने इरानले इजरायलका लागि कसरी अस्तित्वगत खतरा खडा गर्न सक्छ ? असंगति अचम्मलाग्दो छ। यदि आणविक हतियारधारी राज्यले आफूमाथि अस्तित्वगत खतरा रहेको दाबी गर्छ भने निरोधको के अर्थ रह्यो ? मुद्दा आणविक सिद्धान्त होइन, बरु वर्तमान रणनीतिमा निहित निर्लज्ज झुट हो। इजरायली नागरिकमाथि इरानले गरिरहेको आक्रमणको उचित रूपमा निन्दा गरिएको छ। तर इजरायलको उस्तै कार्यलाई भने त्यही नैतिक फ्रेमबाट सजिलै बेवास्ता गरिएको छ। यही हो शून्यवाद। यो भाषालाई सत्य व्यक्त गर्न नसकिने गरी तोड्ने प्रयास हो। 'नागरिक' अर्थसमेत कबिला बफादारितासँग जोडिएको छ।

विश्वव्यापी नेतृत्व शून्यताले सर्वोच्चता र शून्यवादको यो घातक संयोजनलाई प्रतिबिम्बित गर्दछ। ट्रम्प एक सर्वोच्चतावादी अवसरवादी हुन्, जसले तल्लो नैतिक रेखाको परीक्षण गर्छन्। युरोपेली नेतृत्व विशेषगरी बेलायत, फ्रान्स र जर्मनी, कहिल्यै पनि यति अयोग्य वा नैतिक रूपमा भ्रष्ट देखिएका थिएन्। होलोकास्टले (दोस्रो विश्वयुद्धको समयमा युरोपेली यहुदीहरूको हत्या) मानव अधिकारको विश्वव्यापिता र मानिसलाई उनीहरूको पहिचानकै आधारमा निशाना बनाउने कार्य अनैतिक हो सिकाएको ठानिएको थियो।

तर, अहिले युरोपले त्यो विश्वव्यापी सिद्धान्तमा टेकेरलाई इजरायललाई 'रिजन अफ स्टेट(शाकसकको मनलाग्दी गर्न पाउने अधिकार)' प्रदान गरेका छ, भलै तेल अभिभले ती सिद्धान्तको उल्लंघन गर्छ। तिनको बयानबाजीले पीडितहरूलाई आक्रमणकारीको रूपमा पुनः चित्रण गर्छ।

अर्कोतर्फको तथाकथित 'प्रतिरोधको अक्ष'का हिस्सा हमास र इरानले आफ्नै मृत्युको इच्छा प्रदर्शन गर्दै आफूले प्रतिरोध गरिरहेका भनेका मानिसकै विनास निम्त्याएको छ।

भारतको राष्ट्रवादी आत्मकेन्द्रितताले आफ्नो भूमिकालाई प्रतीकात्मक हाउभाउमा सीमित गरेको छ। रुस र टर्की पीडा र क्षेत्रीय प्रभुत्वको महत्त्वाकांक्षाको बिचमा फसेका छन्। रहस्यमयी तथा जोडघटाउ गर्ने चीनले साँघुरो स्वार्थलाई प्राथमिकता दिन्छ। वास्तविक जोखिमलाई टक्कर दिन इच्छुक वा सक्षम कुनै अर्थपूर्ण 'ग्लोबल साउथ'को गठबन्धन छैन। अधिकांश सामाजिक आन्दोलन अप्रभावी छन्। र, यी युद्ध त्यस्तो समयमा आएको छ, जतिवेला धेरै देश आफ्नै राजनीतिक प्रणालीसँग लडिरहेका छन्। यही सर्वोच्चता, आत्मकेन्द्रितता र आत्मभ्रमको विषाक्त मिश्रणमा हामीबाट नयाँ विश्वव्यापी व्यवस्थाको कल्पना गर्ने अपेक्षा गरिदैं छ।

छोटो कालका लागि पश्चिमाहरू विजयी भए पनि युद्धको दीर्घकालीन परिणाम अप्रत्याशित र प्रायः क्षयकारी हुन्छ। यो युद्ध कसरी शरीरको क्यान्सरझैँ अन्य क्षेत्रमा पनि फैलिन्छ भनेर केवल समयले मात्र बताउनेछ। हालैका तीन द्वन्द्वहरू, युक्रेन-रुस, भारत-पाकिस्तान र इजरायल-गाजा/इरानले हामीलाई खतरनाक नयाँ सीमातर्फ धकेलेका छन्।

पहिलो, विश्वव्यापी आणविक व्यवस्था अस्थिर हुँदै छ। इरानलाई निःशस्त्रीकरण गरिए पनि हालको आणविक ढाँचाले स्थिरता सुनिश्चित गर्न सक्दैन। आणविक आधारमाथि सिधा हमलालाई अन्तर्राष्ट्रिय कानुनले स्पष्ट रूपमा गैरकानुनी भनेको छ। तर, आणविक वृद्धिको तर्कको परीक्षण गरेर चालिएका कदमले सुरक्षालाई अझ अनिश्चित बनाउँछ। दोस्रो, ड्रोन र सटिक मिसाइलमा भएका प्राविधिक प्रगतिले युद्धका उपकरणलाई लोकतान्त्रिक बनाउँदै छ। आगामी दिनमा यी उपकरण अझ व्यापक र परिष्कृत हुनेछन्। तिनले कोमाथि खतरा छ र रणनीतिक रूपमा के सान्दर्भिक छ भन्नेबारे हाम्रो बुझाइ परिवर्तन गर्नेछन्। दैनिक प्रयोग हुने वस्तुहरू, फोहोरको भाँडो, पार्क गरिएको कार, विनाशको वाहक बन्न सक्छन्। यो व्यापक खतराले व्याकुलतालाई बढाउनेछ र अधिनायकवादलाई बढावा दिनेछ। भूराजनीति खतरनाक रूपमा अस्थिर हुँदै गइरहेको छ। र, यस्तो वेलामा दृश्यमा कोही नेतृत्व देखिँदैन।

*- इन्डियन एक्सप्रेसबाट*


standard chartered

**स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको**
**धितोमा रहेको घर/जग्गा लिलाम बिक्री तथा गोप्य शिलबन्दी बोलपत्र आह्वान**
**सम्बन्धी १५ (पन्ध्र) दिने सूचना**
**(प्रकाशित मिति २०८२/०३/०६, नयाँ पत्रिका)**

तपसिलमा उल्लिखित ऋणीले यस बैंकबाट प्राप्त गर्नुभएको व्यवसायिक कर्जा सम्बन्धी शर्तबन्देजहरू अनुसार यस बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याज आदि रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्नुका साथै नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणी, धितो जमानीकर्ताहरू तथा व्यक्तिगत जमानतकर्ताहरूलाई समेत कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आवश्यक रकम नतिरी नबुझाई बैंकसँग मञ्जुर गर्नु भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेको हुँदा उक्त ऋणकर्जाको सुरक्षण वापत बैंकको नाउँमा घरजग्गा धनीले धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित घर/जग्गा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा, बैंक तथा वित्तिय सम्बन्धी ऐन, २०७३, प्रचलित कानून तथा बैंकको नियमानुसार लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

अतः धितोमा रहेको उक्त सम्पत्ति सकार गरी लिन ईच्छुक व्यक्ति/फर्म/कम्पनी वा अन्य संगठित संघ संस्थाले यस बैंकको नयाँ बानेश्वर, काठमाडौं स्थित केन्द्रीय कार्यालय ऋण असूली विभाग तथा वीरगंज, आदर्शनगर स्थित शाखा कार्यालयबाट प्राप्त हुने गोप्य शिलबन्दी बोलपत्र फारम रीतपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र वीरगंज, आदर्शनगर स्थित शाखा कार्यालयमा बुझाउन सक्नु हुनेछ । गोप्य शिलबन्दी बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरिएको छ । उक्त बोलपत्र मिति २०८२/०३/२२ गते आईतबारका दिन खोलिने छ । (बोलपत्र बुझाउने वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा बैंक खुलेको दिनलाई सम्झनु पर्नेछ ।) बोलपत्र पेश गर्नुहुने ईच्छुक व्यक्ति/फर्म/कम्पनी तथा ऋणी, धितो जमानीकर्ताहरू तथा व्यक्तिगत जमानतकर्ताहरूलाई समेत उक्त दिन बैंकमा उपस्थित हुन समेत यसै सूचनामार्फत सूचित गरिन्छ ।

प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिलमा उल्लिखित घर/जग्गा लिलाम बिक्री हुन नसकेमा अन्य प्रक्रियाबाट बिक्री गर्न सक्ने वा सो धितो बैंक आफैले प्रचलित कानून बमोजिम सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । साथै लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय सस्थांको ऋण असुली ऐन, २०५८, तथा सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरूको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो जमानीकर्ताहरू तथा व्यक्तिगत जमानतकर्ताहरू तथा सम्बन्धित सबैलाई यसै सूचनामार्फत जानकारी गराईन्छ । साथै, ऋणी तथा सम्बद्ध व्यक्तिहरू समेतले यो सूचनाको अवधि भित्रमा नै सम्पूर्ण ऋण कर्जा, ब्याज, जरिवाना तथा हर्जाना रकम समेत चुक्ता गरेमा लिलाम बिक्रि सम्बन्धी प्रक्रिया तत्कालै रद्द गर्न सकिने व्यहोरा जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | ऋणी कम्पनी/धितो जमानीकर्ताहरू/व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र वतन |
|---|---|
| १. | **ऋणीः** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, वाणिज्य, आपुर्ती तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ती तथा उपभोक्ता संरक्षण कार्यालयमा प्रा.फ.र.नं. ३१९२९/०७०/७१ कायम भई मिति २०७०/१०/०९ मा दर्ता भएको पर्सा जिल्ला, वडा नं. २४ रामगढवा, वीरगंज स्थित फर्मको ठेगाना रहेको **श्री अमृता किराना पसल–१**<br><br>**प्रोप्राइटर/व्यक्तिगत जमानतकर्ताः** श्री जादोलाल महतो नुनियाकी छोरी, श्री रामचन्द्र महतो नुनियाकी बुहारी, श्री जयचन्द्र प्रसाद नुनियाकी पत्नी, पर्सा जिल्ला, पकहाँ मैनपुर, वडा नं. ५ स्थायी ठेगाना भई हाल ऐ. ऐ., बस्ने वर्ष ४९ की **श्रीमती सरीता देवी** (ना.प्र.नं. ३४–०१–७०–०८०२४, जारी मिति २०७०/०६/१६, जि.प्र.का. पर्सा)<br><br>**धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ताः** श्री राम गोबिन्द महतोको नाती, श्री रामानन्द महतो नुनियाको छोरा, पर्सा जिल्ला, सबैठवा गा.वि.स वडा नं. ०४ स्थायी ठेगाना भई हाल ऐ. ऐ. बस्ने वर्ष ६० को **श्री शम्भु प्रसाद नुनिया** (ना.प्र.नं. ८०२३१४१५, जारी मिति २०४४/१२/१०, जि.प्र.का. पर्सा)<br><br>**धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ताः** श्री राम गोबिन्द महतोको नाती, श्री रामचन्द्र महतो नुनियाको छोरा, पर्सा जिल्ला, सबैठवा गा.वि.स वडा नं. ०४ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, पकहाँ मैनपुर, वडा नं. ५ बस्ने वर्ष ५९ को **श्री जय प्रकाश महतो** (ना.प्र.नं. ८०२३१४८९, जारी मिति २०४४/१२/१३, जि.प्र.का. पर्सा)<br><br>**धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ताः** श्री राम गोबिन्द महतोको नाती, श्री रामचन्द्र महतो नुनियाको छोरा, पर्सा जिल्ला, सबैठवा गा.वि.स वडा नं. ०४ स्थायी ठेगाना भई हाल ऐ. ऐ. बस्ने वर्ष ५५ को **श्री जय नारायण प्रसाद नुनिया** (ना.प्र.नं. २२९/८०२३१४४९, जारी मिति २०५८/०६/०७, जि.प्र.का. पर्सा)<br><br>**धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ताः** श्री राम गोबिन्द महतोको नाती, श्री रामचन्द्र महतो नुनियाको छोरा, पर्सा जिल्ला, सबैठवा गा.वि.स वडा नं. ०४ स्थायी ठेगाना भई हाल ऐ. ऐ. बस्ने वर्ष ५१ को **श्री जयचन्द्र प्रसाद नुनिया** (ना.प्र.नं. २३०/८०२३१४५०, जारी मिति २०५८/०६/०७, जि.प्र.का. पर्सा)<br><br>**व्यक्तिगत जमानतकर्ताः** रामानन्द महतो नुनियाकी बुहारी, नथु चौधरीकी छोरी, शम्भु प्रसाद नुनियाकी पत्नी, पर्सा जिल्ला, पकहाँ मैनपुर, वडा नं. ५ स्थायी ठेगाना भई हाल ऐ. ऐ. बस्ने बर्ष ५२ की **श्रीमती रेन्जु देवी** (ना.प्र.नं. ३४३०६८/३० जारी मिति २०६३/१२/११ जि.प्र.का. पर्सा) |

**धितोमा रहेको सम्पत्तिको विवरण**

**सम्पत्ति - १**

| सि.नं. | जग्गाधनीको नाम | ठेगाना (जिल्ला/साविक न.पा./गा.पा./क्षेत्र) | वडा नं. | कित्ता नं. | क्षेत्रफल (बि-क-धु-क) /वर्ग.मि |
|---|---|---|---|---|---|
| १. | **श्री शम्भु प्रसाद नुनिया** | पर्सा/बहुअर्वा भाठा | ४ | ९६८ | ०–०–१६–०/२७०.८८ व.मि.) |
| २. | **श्री शम्भु प्रसाद नुनिया** | पर्सा/बहुअर्वा भाठा | ४ | ९७० | ०–६–६–० /२१३३.३६ व.मि.) |
| ३. | **श्री शम्भु प्रसाद नुनिया** | पर्सा/बहुअर्वा भाठा | ४ | ४७७ | ०–१–१६–० /६०९.५१ व.मि.) |
| ४. | **श्री शम्भु प्रसाद नुनिया** | पर्सा/बहुअर्वा भाठा | ४ | १३७ | ०–३–१०–० /११८५.१९ व.मि.) |
| ५. | **श्री शम्भु प्रसाद नुनिया** | पर्सा/बहुअर्वा भाठा | ४ | ६१५ | ०–१–१६–० /६०९.५१ व.मि.) |
| ६. | **श्री शम्भु प्रसाद नुनिया** | पर्सा/बहुअर्वा भाठा | ४ | ६१४ | ०–१–१६–० /६०९.५१ व.मि.) |

**सम्पत्ति - २**

| सि.नं. | जग्गाधनीको नाम | ठेगाना (जिल्ला/साविक न.पा./गा.पा./क्षेत्र) | वडा नं. | कित्ता नं. | क्षेत्रफल /वर्ग.मि |
|---|---|---|---|---|---|
| १. | **श्री जय प्रकाश महतो** | पर्सा/रामगढवा | ८ | ५७६ | १००.५० व.मि. |
| २. | **श्री जयचन्द्र प्रसाद नुनिया** | पर्सा/रामगढवा | ८ | ५७७ | ७१.०५ व.मि. |
| ३. | **श्री जय नारायण प्रसाद नुनिया** | पर्सा/रामगढवा | ८ | ५७८ | ८२.४० व.मि. |
| ४. | **श्री जय नारायण प्रसाद नुनिया** | पर्सा/रामगढवा | ८ | ६१६ | ३८.१० व.मि. |
| ५ | **श्री जयचन्द्र प्रसाद नुनिया** | पर्सा/रामगढवा | ८ | ६१५ | २७.६५ व.मि. |

**सम्पत्ति - ३**

| सि.नं. | जग्गाधनीको नाम | ठेगाना (जिल्ला/साविक न.पा./गा.पा./क्षेत्र) | वडा नं. | कित्ता नं. | क्षेत्रफल /वर्ग.मि |
|---|---|---|---|---|---|
| १. | **श्री जय प्रकाश महतो** | पर्सा/रामगढवा | ८ | ५७४ | ६३.४० व.मि. |
| २. | **श्री जयचन्द्र प्रसाद नुनिया** | पर्सा/रामगढवा | ८ | ५७९ | ७६.१९ व.मि. |
| ३. | **श्री जयचन्द्र प्रसाद नुनिया** | पर्सा/रामगढवा | ८ | ५७५ | ६३.४१ व.मि |
| ४. | **श्री जय प्रकाश महतो** | पर्सा/रामगढवा | ८ | ५८० | ९३.१२ व.मि. |

**सम्पत्ति - ४**

| सि.नं. | जग्गाधनीको नाम | ठेगाना (जिल्ला/साविक न.पा./गा.पा./क्षेत्र) | वडा नं. | कित्ता नं. | क्षेत्रफल /वर्ग.मि |
|---|---|---|---|---|---|
| १. | **श्री जय नारायण प्रसाद नुनिया** | पर्सा/रामगढवा | ७ | ३५ | १२६ व.मि. |

घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

माथि उल्लेखित धितोमा रहेको सम्पत्ति सकार गरी लिन ईच्छुक महानुभावहरूले सबै या कुनै एक सम्पत्तिको मात्र पनि बोलपत्र फारम पेश गर्न सक्नुहुनेछ ।

**लिलाम बिक्री सम्बन्धी शर्तहरूः**

१. बोलपत्र आह्वान तथा लिलाम बिक्रिको सूचना बमोजिम बैंकलाई प्राप्त भएका गोप्य शिलबन्दी बोलपत्रहरू मिति २०८२/०३/२२ गते आईतबारका दिन दिनको ठीक ०३.०० बजे बैंकको वीरगंज, आदर्शनगर स्थित शाखा कार्यालयमा खोलिने छ ।
२. बैंकलाई प्राप्त भएका गोप्य शिलबन्दी बोलपत्रहरू बोलपत्रदाता र/वा निजको प्रतिनिधि, सरकारी निकायका प्रतिनिधि र अन्य उपस्थित साक्षीको रोहवरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि वा साक्षी अनुपस्थित हुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन ।
३. बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रूपमा समेत स्वीकार गर्न सक्नेछ, र यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
४. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम प्रक्रिया रोक्का वा बदर हुनेछ । बोलपत्र सदर भएपश्चात ऋणीले सम्पूर्ण रकम बुझाएको अवस्थामा समेत कुनै कारणवश बोलपत्र रद्द गर्नु पर्ने भएमा बोलपत्र रद्द गरी सम्पूर्ण रकम फिर्ता गर्न सकिनेछ ।
५. अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।


## इतिहासमा आज
जुन २०

**सन् १७८९** : तत्कालीन फ्रान्सेली संसद् (स्टेट्स जनरल)को तेस्रो खण्डका सदस्यले भर्साय दरबारको टेनिस कोर्टमा भेला भएर संविधान नबनेसम्म संसद् भंग हुन निदिने भन्दै शपथ खाए। यसपछि घटनाक्रम अघि बढ्दै जाँदा फ्रान्सेली क्रान्ति सुरु भयो।



**सन् १७०७** : मुगल सम्राट् औरङजेबको मृत्युपछि उनका दुई छोरा बहादुर शाह र अजाम शाहबिच शासनका लागि जजाऊमा युद्ध सुरु भयो, जसमा अजाम शाह मारिए।

**सन् १७८२** : अमेरिकी संसद्ले बाजअंकित निसान छापलाई राष्ट्रि प्रतीकका रूपमा स्वीकार गर्‍यो।

**सन् १७९१** : फ्रान्सका राजा लुई सोह्रौँ र उनका शाही परिवार लुकेर क्रान्तिकारी हाबी रहेको पेरिसबाट भाग्ने प्रयास गर्दा पक्राउ परे। यस घटनाले आमजनतामा राजाको प्रतिष्ठामा ठुलो धक्का लाग्यो र लगत्तै गणतन्त्रको माग बढ्न थाल्यो।

**सन् १८३७** : बेलायती महारानी भिक्टोरियाले १८ वर्षको उमेरमा राज्यारोहण गरिन्। उनको शासनकाल ६३ वर्ष लामो रह्यो।

**सन् १८९८** : स्पेनिस-अमेरिका युद्धका क्रममा अमेरिकी नौसेनाले प्रशान्त महासागरमा रहेको गुआम टापु कब्जामा लियो। यो टापु सन् १६६८ देखि स्पेनको कब्जामा थियो।

**सन् १९६०** : माली महासंघ फ्रान्सबाट स्वतन्त्र भयो। माली महासंघ आजको सेनेगल र मालीमा विभाजित भयो।

**सन् १९६३** : शीतयुद्धको तनावबिच दुई महाशक्तिबिच कुनै अप्रत्यासित घटना नहोस् भनेर अमेरिका र सोभियत संघले दुई देशका सरकारबिच सीधा सञ्चार सम्पर्क (हट लाइन) स्थापना गर्ने सहमति गरे।

**सन् १९६७** : हेभिवेट बक्सिङ च्याम्पियन मुहम्मद अलीलाई भियतनाम युद्धका क्रममा सेनामा भर्ती हुन अस्वीकार गरेको आरोपमा पाँच वर्षको जेल, बक्सिङमा प्रतिबन्ध र दश हजार डलर जरिवाना तोकियो। यो सजाय चार वर्षपछि सर्वोच्च अदालतले उल्ट्याएको थियो।

**सन् १९८१** : तत्कालीन राष्ट्रपति अबोलहस्सन बानिसादर महाभियोगबाट हटाइएपछि इरानमा नवगठित इस्लामिक शासनविरुद्ध मुजाहिद्दिन-इ-खल्क (एमइके)ले विद्रोहको प्रयास गर्‍यो। रिभोलुस्नरी गार्डले तिनको हिंसात्मक दमन गर्‍यो।

# थाई प्रधानमन्त्रीको फोन रेकर्ड लिक भएपछि सरकार संकटमा



**बैंकक**/ थाइल्यान्डकी प्रधानमन्त्री पेटोङटार्न सिनावात्रा र कम्बोडियाका पूर्वप्रधानमन्त्री हुन सेनबिचको टेलिफोन वार्ताको अडियो क्लिप सार्वजनिक भएपछि ठुलो विवाद निम्तिएको छ। यस प्रकरणले पेटोङटार्नको सरकार नै संकटमा पर्ने जोखिम सिर्जना गरेको छ। टेलिफोन वार्ताप्रति असहमति जनाउँदै प्रमुख गठबन्धन साझेदार भुमजाइथाई पार्टीले सरकार छाडिसकेको छ।

भुमजाइथाई पार्टीविना पनि पेटोङटार्नसँग संसद्मा सामान्य बहुमत छ। तर, विवाद चर्किँदै जाँदा अन्य सहयोगी दलले पनि समर्थन फिर्ता लिने डर बढेको छ। अन्य दुई गठबन्धन दल 'युनाइटेड थाइल्यान्ड नेसन' र 'डेमोक्र्याट पार्टी'ले बिहीबार वा शुक्रबारसम्ममा स्थितिबारे छलफल गर्न बैठक आयोजना गर्ने बताएका छन्। यसले १० महिनाअघि मात्र प्रधानमन्त्री बनेकी पेटोङटार्नलाई राजीनामा दिन वा मध्यावधि निर्वाचन आह्वान गर्न दबाब परेको छ।

फोनकलमा पेटोङटार्नले हुन सेनलाई 'अंकल' भनेको र उत्तरपूर्वी भेगमा तैनाथ एक थाई सेनाका कमान्डरलाई प्रतिद्वन्द्वी बताएकी थिइन्। हालै थाइल्यान्ड र कम्बोडियाबिच सीमा क्षेत्रमा तनाव सिर्जना भएको थियो। सो तनाव कम गर्ने उद्देश्यले दुई नेताबिच फोनावार्ता भएको थियो। तर, आलोचकले फोनवार्तामा पेटोङटार्न हुन सेनप्रति अति भक्तिभावपूर्ण देखिएको आरोप लगाएका छन्। साथै, उनले फोनमा देशको शक्तिशाली सेनाको अपमान गरेकोमा पनि उनीहरू चिढिएका छन्। फोनमा पेटोङटार्नले हुन सेनलाई पछिल्लो सीमा तनावको समयमा उत्तरपूर्व थाई कमान्डरले 'हिरो देखिने प्रयास गरेको र अनावश्यक कुरा बोलेको' भनेको सुनिन्छ।

सिनावात्रा परिवार र कम्बोडियाको हुन सेन परिवारबिच दशकौँ पुरानो मित्रता छ। विवादपछि हुन सेनले फोनको अडियो क्लिप असीजनाजति राजनीतिज्ञलाई सेयर गरेको र कुनै एकले त्यसलाई बाहिर ल्याएको हुन सक्ने बताएका छन्। पछि उनले सम्पूर्ण १७ मिनेट फोन रेकर्डिङ आफ्नो फेसबुक पेजमा राखेका छन्।

सन् २०२३ मा छोराका लागि प्रधानमन्त्री पद त्यागेका हुन सेन अझै पनि कम्बोडियामा शक्तिशाली छन्। दबाब बढेपछि पेटोङटार्नले बिहीबार पत्रकार सम्मेलन गरी सैन्य प्रमुख र आफ्नो फेउ थाई पार्टीका वरिष्ठ नेतालगायत शुभेच्छुकसँग माफी मागिन्। तथापि, उनले सेनसँगको नरम शैलीलाई कूटनीति भनेर प्रतिरक्षा गरिन्।

उता, फोन कलमा प्रधानमन्त्रीले देशको अपमान भएको भन्दै प्रधानमन्त्री पेटोङटार्न सिनावात्राको राजीनामा माग गर्दै सयौँ प्रदर्शनकारी बिहीबार बैंककको सरकारी भवनबाहिर भेला भएका थिए। विरोध प्रदर्शनमा प्रायः पहेँलो सर्ट लगाएका वृद्धवृद्धा सहभागी थिए। थाइल्यान्डमा पहेँलो रङले राजतन्त्रलाई प्रतिबिम्बित गर्छ।

# आन्तरिक राजस्वमा सुधार

## सरकारी संस्थान र सार्वजनिक कम्पनीको आयकर घट्दा निजी कम्पनीको योगदान २८.१० प्रतिशतले वृद्धि, व्यक्तिगत आयकरबाट नौ अर्ब आठ करोड संकलन

### ११ महिनामा भएको आन्तरिक राजस्व संकलन

- सार्वजनिक कम्पनीले तिरेको आयकर : **४४ अर्ब**
- निजी कम्पनीले तिरेको आयकर : **३८ अर्ब ४९ करोड**
- व्यक्तिगत आयकर : **९ अर्ब ८ करोड**
- पारिश्रमिक कर : **२९ अर्ब २३ करोड**
- सामाजिक सुरक्षा कर : **७ अर्ब ३० करोड**
- पुँजीगत लाभ कर : **२८ अर्ब ४० करोड**
- लगानी आय कर : **४५ अर्ब ६८ करोड**
- कर्पोरेट पुँजीगत लाभकर : **६ अर्ब ७० करोड**
- ब्याजबापतको आयकर : **२९ अर्ब २ करोड**
- बहाल तथा लिज कर : **२ अर्ब ३१ करोड**
- लाभांश आयकर : **५ अर्ब ९४ करोड**
- ठेक्का तथा परामर्शमा भ्याट : **२४ अर्ब ६० करोड**
- मदिराको अन्तःशुल्क : **३१ अर्ब १५ करोड**
- बियरको अन्तःशुल्क : **३५ अर्ब ३६ करोड**
- चुरोट-बिँडीको अन्तःशुल्क : **२५ अर्ब ५६ करोड**
- शिक्षा शुल्क : **३ अर्ब २५ करोड**
- मेटा, एक्सलगायतको विद्युतीय सेवा कर : **४९ लाख**
- विलासिता कर : **२ अर्ब ६३ करोड**
- दूरसञ्चार सेवा शुल्क : **६ अर्ब ६० करोड**




### अन्तःशुल्कमा मदिरा, चुरोट र बियरको उल्लेख्य योगदान

चालू आर्थिक वर्ष ०८१/८२ को जेठ मसान्तसम्म अन्तःशुल्कअन्तर्गत उत्पादनमूलक वस्तुहरूबाट एक खर्ब १३ अर्ब २९ करोड रुपैयाँभन्दा बढी राजस्व संकलन गरिएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा ९५ अर्ब २१ करोड रुपैयाँ मात्रै संकलन भएको थियो। यसले अन्तःशुल्क संकलनमा १८.९९ प्रतिशतको वृद्धि भएको देखाएको छ।

मदिराबाट अन्तःशुल्क संकलन गत आर्थिक वर्षको ११ महिनको २४ अर्ब २३ करोड रुपैयाँबाट चालू आवको सोही अवधिमा ३१ अर्ब १५ करोड रुपैयाँ पुगेको छ। यो २८.५७ प्रतिशतको वृद्धि हो। मदिराजन्य उत्पादन र खपतमा वृद्धिको कारण यसको योगदान बढेको देखिन्छ। बियरबापत गत आर्थिक वर्षको ११ महिनामा २८ अर्ब ९८ करोड रुपैयाँ संकलन भएकोमा चालू आवको सोही अवधिमा ३५ अर्ब ३६ करोड रुपैयाँ संकलन भएको छ। यो २५.८६ प्रतिशतले वृद्धि हो। चुरोट-बिँडीबाट गत वर्ष २४ अर्ब ७९ करोड रुपैयाँ राजस्व उठेकोमा चालू वर्ष २५ अर्ब ५६ करोड रुपैयाँ पुगेको छ। यसले ३.०९ प्रतिशतको सामान्य वृद्धि देखाएको छ।

**पवन तिमिल्सिना**/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८१/८२ को ११ महिनको आन्तरिक उत्पादन तथा व्यवसायबाट उठ्ने राजस्व संकलनमा सुधार देखिएको छ। आन्तरिक राजस्व विभागका अनुसार जेठसम्म चार खर्ब ९८ अर्ब २९ करोड आन्तरिक राजस्व संकलन भएको छ। यो गत आर्थिक वर्ष ०८०/८१ को ११ महिनाको तुलनामा ९.३३ प्रतिशतले बढी हो। गत आवमा सोही अवधिमा चार खर्ब ५५ अर्ब ७५ करोड आन्तरिक राजस्व उठेको थियो।

समिक्षा अवधिमा संस्थागत आयकर संकलनमा भने ६.७१ प्रतिशतले गिरावट आएको छ। गत आवको ११ महिनामा १० अर्ब ८१ करोड संस्थागत आयकर संकलन भएकोमा चालू आवको सोही अवधिमा १० अर्ब आठ करोड संकलन भएको छ। खासगरी सरकारी स्वामित्वमा रहेका संस्थानहरूको आयकर अघिल्लो वर्षको तुलनामा ४३.८७ प्रतिशतले गिरावट आएको छ। यस्तो सस्थाबाट अघिल्लो आवको जेठसम्ममा नौ अर्ब ७६ करोड संकलन भएकामा चालू आवमा घटेर पाँच अर्ब ४८ करोड रुपैयाँमा सिमित भएको छ। त्यस्तै सार्वजनिक कम्पनीहरूले तिर्ने आयकरमा पनि २२.१४ प्रतिशतको गिरावट आएको छ। गत आर्थिक वर्ष ५६ अर्ब ५१ करोड संकलन भएकोमा चालू आवमा ४४ अर्बमा सीमित भएको छ।

यद्यपि, निजी कम्पनीहरूको योगदान भने सकारात्मक देखिएको छ। गत आर्थिक वर्षको ३० अर्ब चार करोडको तुलनामा चालू आवको ११ महिनामा ३८ अर्ब ४९ करोड संकलन भइसकेको छ। अर्थात्, गत आवको ११ महिनाको तुलनामा यस्तो आयकर २८.१० प्रतिशतले वृद्धि भएको हो। यस्तै, आकस्मिक लाभ करबापत उठ्ने आयकर पनि २.६१ प्रतिशत वृद्धि भएको तथ्यांकले देखाएको छ।

### व्यक्तिगत आयकरमा सुधार

औपचारिक रोजगार र सामाजिक सुरक्षा विस्तारको प्रभाव व्यक्तिगत आयकरमा देखिएको छ। चालू आर्थिक वर्ष ०८१/८२ को जेठ मसान्तसम्म व्यक्तिगत आयकर संकलनमा १६.९२ प्रतिशतले वृद्धि भई नौ अर्ब आठ करोड पुगेको छ। व्यक्तिगत आयकर तथा स्वामित्व शीर्षकमा कर संकलन अघिल्लो वर्षको २३ अर्ब ३० करोडबाट बढेर २५ अर्ब ७९ करोड रुपैयाँ पुगेको छ। यो १०.७१ प्रतिशतको वृद्धि हो।

पारिश्रमिक कर शीर्षकमा भने चालू आवको जेठसम्म संकलन २९ अर्ब २३ करोड रुपैयाँमा सीमित रहँदा गत आर्थिक वर्षको तुलनामा १.२५ प्रतिशतले घटेको देखिन्छ। गत वर्ष यस शीर्षकबाट २९ अर्ब ६० करोड रुपैयाँ संकलन भएको थियो। सामाजिक सुरक्षा कर संकलन सात अर्ब ३० करोड रुपैयाँ पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा २.६३ प्रतिशतले वृद्धि हो। व्यक्तिगत पुँजीगत लाभकर संकलनमा ६१.११ प्रतिशतको वृद्धि भएको छ। गत आवमा १७ अर्ब ६३ करोड रुपैयाँ संकलन भएकोमा चालू आवमा यस्तो रकम २८ अर्ब ४० करोड रुपैयाँ पुगेको छ। सेयर बजार, घरजग्गा कारोबार र पुँजी बजारमा देखिएको सुधारले पुँजीगत लाभकर संकलनमा उल्लेख्य सुधार देखिएको हो।

### लगानीबापतको आयकरमा झिनो सुधार

चालू आर्थिक वर्ष ०८१/८२ को जेठ मसान्तसम्मको तथ्यांकअनुसार लगानी आयकर संकलन गत आर्थिक वर्षको तुलनामा ०.१४ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्ष लगानी आयकर शीर्षकमा ४५ अर्ब ६२ करोड रुपैयाँ संकलन हुँदा चालू आर्थिक वर्षको सोही अवधिमा ४५ अर्ब ६८ करोड रुपैयाँ संकलन गरिएको छ।

सबैभन्दा उल्लेखनीय सुधार कर्पोरेट पुँजीगत लाभकर शीर्षकमा देखिएको छ। गत आर्थिक वर्ष एक अर्ब ५७ करोड रुपैयाँ संकलन भएकोमा चालू आवमा सोही शीर्षकबाट ६ अर्ब ७० करोड रुपैयाँ संकलन गरिएको छ। यो ३२४.७५ प्रतिशतको वृद्धि हो। लगानी आयको ठुलो हिस्सा ओगट्ने ब्याज आयकरमा भने गिरावट देखिएको छ। गत आर्थिक वर्षको ११ महिनामा ३५ अर्ब २४ करोड रुपैयाँ संकलन भए पनि चालू आर्थिक वर्षको सोही अवधिमा यो रकम घटेर २९ अर्ब दुई करोड रुपैयाँमा सीमित भएको छ। बैंक तथा वित्तीय संस्थामा ब्याजदरको घट्दो प्रवृत्ति र लगानीमा आएको सुस्तताको असर यस्तो आयकरमा परेको हो।

### लिजको आयमा केही सुधार

गत आर्थिक वर्षको जेठसम्म दुई अर्ब १९ करोड रुपैयाँ भाडा तथा लिजबापत उठ्ने आयकर संकलन भएकोमा चालू आर्थिक वर्ष सोही अवधिमा दुई अर्ब ३१ करोड रुपैयाँ कर संकलन भएको छ। यो ५.३९ प्रतिशतको वृद्धि हो। यद्यपि, दुई वर्षअघि भने यो शीर्षकमा दुई अर्ब ३९ करोड रुपैयाँ संकलन भएको थियो। त्यस्तै, लाभांश आयकरबापत चालू आर्थिक वर्ष पाँच अर्ब ९४ करोड रुपैयाँ संकलन भएको छ। यो गत आर्थिक वर्षको तुलनामा १५.६२ प्रतिशतले बढेको हो।

### भ्याटमा १२.२२ प्रतिशत वृद्धि

चालू आर्थिक वर्ष ०८१/८२ को जेठ मसान्तसम्म मूल्य अभिवृद्धि कर (भ्याट) संकलन १३.३२ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्ष सोही अवधिमा एक खर्ब १२ अर्ब २३ करोड संकलन हुँदा चालू आवमा एक खर्ब २७ अर्ब १८ करोड भ्याट संकलन गरिएको छ।

भ्याटअन्तर्गत सञ्चार, बिमा, हवाई शुल्क तथा अन्य सेवा शुल्क आदि शीर्षकबाट उल्लेख्य योगदान भएको छ। गत आर्थिक वर्षको ११ महिनामा यी क्षेत्रबाट २० अर्ब ६४ करोड रुपैयाँ भ्याट संकलन भएकोमा चालू आर्थिक वर्षको सोही अवधिमा २८ अर्ब ४७ करोड रुपैयाँ संकलन गरिएको छ। यो ३७.९ प्रतिशतको वृद्धि हो।

उत्पादन शीर्षकबाट भ्याट संकलन १३.०९ प्रतिशतले बढेर ३६ अर्ब ३५ करोड रुपैयाँ पुगेको छ। गत आर्थिक वर्ष उत्पादन करमा सामान्य गिरावट देखिए पनि चालू आर्थिक वर्षमा वृद्धि भएको छ। बिक्री तथा वितरण शीर्षकमा पनि ८.५७ प्रतिशत वृद्धि हुँदै संकलन २७ अर्ब ३२ करोड रुपैयाँ पुगेको छ।

पर्यटन व्यवसाय शीर्षकमा भ्याट संकलन गत आर्थिक वर्षको तीन अर्ब १८ करोड रुपैयाँबाट बढेर तीन अर्ब ८० करोड रुपैयाँ पुगेको छ। यो १९.६४ प्रतिशतको वृद्धि हो। यो पर्यटन व्यवसायको विस्तार, सेवा पुनः सञ्चालन र पर्यटक आगमनमा देखिएको सुधारको परिणाम हो। ठेक्का तथा परामर्श सेवा शीर्षकमा अघिल्लो वर्ष भ्याट २४ अर्ब २० संकलन भएकोमा चालू वर्ष २४ अर्ब ६० करोड रुपैयाँ पुगेको छ। यो १.६६ प्रतिशतको वृद्धि हो।

### स्वदेशी विद्यार्थीबाट उठ्ने शुल्क घट्यो, बिदेसिएकाबाट बढ्यो

शिक्षा शीर्षकमा दुईवटा प्रमुख कर लाग्छन्। स्वदेशमा सञ्चालित विद्यालय तथा कलेजमा लिइने शुल्क र विदेशी अध्ययन शुल्क। स्वदेशी विद्यालय तथा कलेज शुल्क गत वर्षको ३६ लाख रुपैयाँबाट घटेर चालू वर्ष १७ लाख रुपैयाँमा सीमित भएको छ। यो ५३.५७ प्रतिशतले गिरावट हो। समग्रमा गत आर्थिक वर्ष शिक्षा शुल्कबाट दुई अर्ब ९४ करोड रुपैयाँ संकलन भएकोमा चालू वर्ष तीन अर्ब २५ करोड रुपैयाँ पुगेको छ। यो १०.८७ प्रतिशतको वृद्धि हो।

### मेटा, एक्सलगायतका आइटी कम्पनीबाट उठ्ने करमा उल्लेख्य वृद्धि

मेटा, एक्स, नेटफ्लिक्सजस्ता अन्तर्राष्ट्रिय टेक कम्पनीबाट उठ्ने विद्युतीय सेवा कर (डिएसटी) ६ लाख आठ हजार रुपैयाँबाट बढेर चालू वर्ष ४९ लाख रुपैयाँ पुगेको छ। यो ६१९.८३ प्रतिशतको वृद्धि हो। सुनचाँदीका गरहनाजस्ता विलासिताका वस्तुमा लाग्ने विलासिता शुल्क एक अर्ब ९४ करोड रुपैयाँबाट बढेर दुई अर्ब ६३ करोड रुपैयाँ पुगेको छ। विदेश भ्रमण शुल्क दुई करोड ३४ लाखबाट बढेर पाँच करोड ५७ लाख रुपैयाँ पुगेको छ। त्यस्तै, वैदेशिक रोजगार शुल्क एक करोड १५ लाखबाट बढेर दुई करोड ६६ लाख रुपैयाँ कायम भएको छ। दूरसञ्चार सेवा शुल्क ६ अर्ब नौ करोडबाट बढेर ६ अर्ब ६० करोड रुपैयाँ पुगेको छ।




# टेक एन्ड पे पिपिएविरुद्ध ऊर्जा व्यवसायीको आन्दोलन घोषणा

**काठमाडौं**/ टेक एन्ड पे पिपिएसम्बन्धी प्रावधान हटाउन अर्थमन्त्री विष्णु पौडेल सकारात्मक नभएपछि स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान)ले आन्दोलनका कार्यक्रम घोषणा गरेको छ।

नेपालको विद्युत् उत्पादन क्षमता ३६ सय मेगावाट पुग्दा निजी क्षेत्रको हिस्सा ८० प्रतिशतभन्दा बढी पुगेको इप्पानको भनाइ छ। निजी क्षेत्रलाई पाखा लगाउने गरी आएको टेक एन्ड पे (लेऊ र तिर) विद्युत् खरिद व्यवस्थामा बैंकले लगानी नगर्ने भन्दै अहिले अध्ययन भइरहेको १७ हजार मेगावाटका तीन सय ५० भन्दा बढी आयोजनामा गरिएको ६६ अर्ब बढी लगानी डुब्ने अवस्था आएपछि आन्दोलन गर्नुपरेको इप्पानको जिकिर छ।

इप्पानका अनुसार ६ असारमा प्रधानमन्त्री, ऊर्जामन्त्री र अर्थमन्त्रीलाई ज्ञापनपत्र बुझाउने, ७ असारमा प्रधानमन्त्री, अर्थमन्त्री, ऊर्जामन्त्री र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकलाई एसएमएस पठाएर टेक एन्ड पे फिर्ता लिन अनुरोध गर्ने, ८ गते सामाजिक सञ्जालमा टेक एन्ड पे पिपिए नीति फिर्ता लेऊ भन्दै सन्देश लेख्ने, ९ गते टेक एन्ड पेको असरबारे निजी क्षेत्रका विभिन्न संघ-संगठनसँग छलफल गरी संयुक्त धारणा सार्वजनिक गर्ने र असार १० गते प्रतिनिधिसभाका सभामुख र प्रमुख सचेतकलाई टेक एन्ड पे फिर्ता लिन सामूहिक रूपमा एसएमएस पठाउने कार्यक्रम तय गरिएको इप्पानका कार्यवाहक अध्यक्ष मोहनकुमार डाँगीले बताए।

प्रतिनिधिसभाबाट बजेट तथा कार्यक्रम पारित हुँदासम्म टेक एन्ड पे पिपिए नहटाएमा दोस्रो र तेस्रो चरणमा आयोजनाको चाबी सरकारलाई बुझाउनेसम्मको सशक्त आन्दोलन गर्ने पनि डाँगीले बताए।




# ग्वार्को फ्लाई ओभर आजदेखि सञ्चालनमा, प्रधानमन्त्री ओलीले उद्घाटन गर्ने

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका



निर्माणकार्य सकिएपछि शुक्रबारदेखि ललितपुरस्थित 'ग्वार्को फ्लाई ओभर' सञ्चालनमा आउँदै छ। सडक विभागको आयोजनामा शुक्रबार अपराह्न चार बजे परियोजनापरिसरमा औपचारिक समारोह गरेर प्रधानमन्त्री केपी ओलीबाट ग्वार्को फ्लाई ओभरको उद्घाटन गर्ने कार्यक्रम छ।

प्रधानमन्त्री ओलीले उद्घाटन गरेपछि फ्लाई ओभरमा सवारीसाधनलाई प्रवेश गर्न हरियो ट्राफिक लाइट बालिनेछ। त्यसपछि फ्लाई ओभरमा औपचारिक रूपमा सवारीसाधन आवतजावत हुने सडक विभागका प्रवक्ता इ. प्रभावकुमार झाले बताए। 'शुक्रबार अपराह्न चार बजे परियोजनापरिसरमै एक औपचारिक कार्यक्रमबिच प्रधानमन्त्री केपी ओलीले फ्लाई ओभरको उद्घाटन गर्नुहुने कार्यक्रम छ। उद्घाटनपछि फ्लाई ओभरमा सवारीसाधन आवतजावत गर्न सक्नेछन्,' उनले बताए।

सञ्चालनमा आउन लागेको फ्लाई ओभर नेपालकै पहिलो हो। योबाहेक नागढुंगा सुरुङ र काठमाडौं-तराई/मधेश द्रुतमार्गमा पनि फ्लाई ओभर निर्माणाधीन अवस्थामा छ। यसमा ऱ्याम्प (फ्लाई ओभर र सडकलाई जोड्न बिचमा माटो भरेर निर्माण गरिएको विशेष संरचना) र फ्लाई ओभर अर्थात् सुपर स्ट्रक्चर (पुल) नै मुख्य संरचना हुन्। 'सबै काम सकिएको छ। ग्वार्को फ्लाई ओभर सञ्चालनको तयार छ,' प्रवक्ता झाले बताए।

### सुरु भएको साढे तीन वर्षमा सञ्चालन

ठेक्का सम्झौता गरेको साढे तीन वर्षपछि परियोजना सञ्चालनमा आउन लागेको हो। सडक विभागले इपिसी (इन्जिनियरिङ प्रोक्युमेन्ट एन्ड कन्स्ट्रक्सन) मोडेलमा यो फ्लाई ओभर बनाउने गरी माघ ०७८ मा आरसी, समानान्तर र रेलिग्रे जेभीसँग १७ करोड ६ लाख ८८ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो। ठेकेदार कम्पनीले २३ पुस ०७९ बाट निर्माण कार्य सुरु गरेको थियो। ठेक्का सम्झौता गरेको साढे तीन वर्षपछि ग्वार्को फ्लाई ओभर सञ्चालनमा आउन लागेको हो।

यद्यपि, कम्पनीले तोकिएको समयमा परियोजना बनाउन नसकेपछि आफैं जरिवाना तिरेर काम गरेको थियो। सम्झौताअनुसार कम्पनीले १२ फागुन ०८० भित्र फ्लाई ओभरको निर्माण गरिसक्नुपर्ने थियो। तर, त्यो अवधिमा काम नसकिएपछि विभागले असार ०८१ सम्म म्याद थप गरिदिएको थियो। त्यो अवधिमा पनि काम नभएपछि अन्तिम मौकास्वरूप ९ पुस ०८१ सम्म म्याद थप गरिएको थियो। त्यो अवधिमा पनि काम नसकिएपछि कम्पनीले १० पुसयता हर्जाना तिरेर काम गरेको थियो। यसमा कम्पनीले ठेक्का रकमको बढीमा १० प्रतिशतसम्म जरिवाना तिर्नुपर्छ। जुन एक करोड ७० लाख रुपैयाँ हाराहारी हुन्छ। यद्यपि, यो जरिवाना हिसाब गर्न बाँकी रहेको विभागको भनाइ छ।

**NIMB**
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८२/०३/०६)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरवारमार्ग, काठमाडौं, नेपाल पोष्ट वक्स नं ३४१२
फोन नं.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेवसाइट: www.nimb.com.np

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति: २०८२/०३/१२

बोलपत्र खोलिने मिति: २०८२/०३/१३ दिउँसो ३ बजे

**तपसिल**

| क्र.सं. | ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|
| १. | **ऋणी : गरीमा फेन्सी तथा कस्मेटीक (आवधिक कर्जा) -शाखा कार्यालय दमक**<br>प्रा.फ.र.नं. ७१३/१४७०३/८/१९, ठेगाना : दमक न.पा. ०६, झापा<br>**प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. रण माया न्यौपाने -जमानीकर्ता** (ना.प्र.नं. ९७७३४०८२, मिति २०४४/१२/२३ मा जि.प्र.का.झापाबाट जारी भएको)<br>बाबु : हेम लाल ढकाल, बाजे : हरिलाल ढकाल, पति : कृष्ण प्रसाद न्यौपाने<br>**२. कमल प्रसाद न्यौपाने -जमानीकर्ता** (ना.प्र.नं. ३५४१३८६१, मिति २०५१/०६/१८ मा जि.प्र.का. झापाबाट जारी भएको), बाबु : कृष्ण प्रसाद न्यौपाने, बाजे : भगिरथ न्यौपाने<br>**३. भिम माया न्यौपाने -जमानीकर्ता** (ना.प्र.नं. ०४-०१-०६८/११२, मिति २०६८/०९/१४ मा जि.प्र.का. झापाबाट जारी भएको), पतिः दुर्गा प्रसाद न्यौपाने, ससुराः कृष्ण प्रसाद न्यौपाने<br>**४. दुर्गा प्रसाद न्यौपाने -जमानीकर्ता** (ना.प्र.नं. ०३/५४१८, मिति २०७४/०४/१० मा जि.प्र.का. झापाबाट जारी भएको), बाबु : कृष्ण प्रसाद न्यौपाने, बाजे : भगीरथ न्यौपाने<br>**५. टंक कुमारी खड्का -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.१७०५२, मिति २०६०/०१/२३ मा जि.प्र.का. झापाबाट जारी भएको),बाबु : ज्ञान बहादुर खड्का, बाजे : विर बहादुर खड्का | रण माया न्यौपानेको नाममा झापा जिल्ला मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, हल्दीबारी गा.वि.स./न.पा. वडा नं. ०२ स्थित कि.नं. २८०३ (०-८-१-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय दमक, झापा |
| २. | **ऋणी : एलिना किराना पसल (आवधिक कर्जा) -शाखा कार्यालय दमक**<br>प्रा.फ.र.नं. : ३६२/१३३७६, ठेगाना : दमक न.पा. ०५, झापा<br>**प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. तारा खड्का -जमानीकर्ता** (ना.प्र.नं. ०४-०२-७७-०१६७६, मिति २०७७/०८/१८ मा जि.प्र.का. झापाबाट जारी भएको), बाबु : राम बहादुर खड्का, बाजे : पदम बहादुर खड्का<br>**२. राधिका देवी खड्का -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ०४ ४९८५६८६, मिति २०४६/०१/०१ मा जि.प्र.का. झापाबाट जारी भएको), पतिः राम बहादुर खड्का, ससुराः पदम बहादुर खड्का<br>**३. राम बहादुर खड्का -जमानीकर्ता** (ना.प्र.नं. ४९८५५६०, मिति २०४६/०१/१३ मा जि.प्र.का. झापाबाट जारी भएको), बाबु : पदम बहादुर खड्का, बाजे : डम्बर बहादुर खड्का<br>**४. विष्णु माया खड्का -जमानीकर्ता** (ना.प्र.नं. ०४२०४४/३१४१, मिति २०६६/०८/२५ मा ज.प्र.का. झापाबाट जारी भएको), बाबुः राम बहादुर खड्का, बाजेः पदम बहादुर खड्का | राधिका देवी खड्काको नाममा झापा जिल्ला मालपोत कार्यालय दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला, दमक गा.वि.स/न.पा. वडा नं. १० स्थित कि.न ७८८ (७५.५८ व.मि.) र कि.नं. ७८६ (१३.०० व.मि.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पुर्ण लिगलिगापात समेत।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय दमक, झापा |
| ३. | **ऋणी : पोखरेल सप्लायर्स (विविध कर्जा) -शाखा कार्यालय दमक**<br>प्रा.फ.र.नं. : ७६५/७४७१, ठेगाना : दमक न.पा. १४, झापा<br>**प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. हरि कृष्ण पोखरेल -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ६१७८/२०७, मिति २०४६/०७/२१ मा जि.प्र.का. पाँचथरबाट जारी भएको), बाबु : रंगलाल पोखरेल, बाजे : पदम लाल पोखरेल<br>**२. देवी माया अधिकारी -जमानीकर्ता** (ना.प्र.नं. ९७७३१४६६, मिति २०४६/०३/११ मा जि.प्र.का. झापाबाट जारी भएको), पती : हरि कृष्ण पोखरेल, ससुरा : रंगलाल पोखरेल<br>**३. रोसन पोखरेल -जमानीकर्ता** (ना.प्र.नं. ०४-०२-७५-०१०२३, मिति २०७५/०२/२१ मा जि.प्र.का. झापाबाट जारी भएको), बाबु : हरि कृष्ण पोखरेल, बाजे : रंगलाल पोखरेल<br>**४. सृजना पोखेल -जमानीकर्ता** (ना.प्र.नं. ०४२०४४/१०८३०, मिति २०७०/१०/०६ मा जि.प्र.का. झापाबाट जारी भएको), बाबु : हरि कृष्ण पोखरेल, बाजे : रंगलाल पोखरेल | देवी माया अधिकारीको नाममा झापा जल्ला मालपोत कार्यालय दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला, दमक गा.वि.स./न.पा. वडा नं. १४ स्थित कि.नं. १३८ (१३३.२५ व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय दमक, झापा |
| ४. | **ऋणी : तेज प्रसाद अधिकारी (व्यक्तिगत कर्जा) -शाखा कार्यालय दमक**<br>(ना.प्र.नं. ०१ ३३११२/१५९४, मिति २०५२/०९/२३ मा जि.प्र.का. ताप्लेजुङ्गबाट जारी भएको), ठेगाना : दुवागढी ०४, झापा, बाबु : श्रीप्रसाद अधिकारी, बाजे : छविलाल अधिकारी<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**सुनिता अधिकारी** (ना.प्र.नं. ३००४००६, मिति २०६१/०३/१५ मा जि.प्र.का. झापाबाट जारी भएको),पति : तेज प्रसाद अधिकारी, ससुरा : श्रीप्रसाद अधिकारी | सुनिता अधिकारीको नाममा झापा जिल्ला मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, दुवागढी गा.वि.स./न.पा. वडा नं. ०४ स्थित कि.नं. १८५९ (०-१-०-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय दमक, झापा |
| ५. | **ऋणी : आकाश पुन (हायर पर्चेज कर्जा) -शाखा कार्यालय महाराजगञ्ज**<br>(ना.प्र.नं. ५६१०१५/९, मिति २०६४/०७/१९ मा जि.प्र.का. रुकुमबाट जारी भएको), ठेगाना : सानोभऱ्याङ्ग १५, काठमाडौं, बाबु : भरत पुन, बाजे : वोली मान पुन<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. कर्म जोतन पुन** (ना.प्र.नं. १७१८/४९५, मिति २०४४/१२/१५ मा जि.प्र.का. रुकुमबाट जारी भएको), पति : भरत पुन, ससुरा : वोली मान पुन<br>**२. टेक बहादुर गुरुङ्ग** (ना.प्र.नं. ८३०६/५११, मिति २०५३/०८/०५ मा जि.प्र.का. रुकुमबाट जारी भएको), बाबु : सेते गुरुङ्ग, बाजे : सेर बहादुर गुरुङ्ग | यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमका सवारी साधनहरु :<br>क) कम्पनीको नाम : TATA Motors Ltd<br>सवारीको मोडेल : LP1512TC/52<br>निर्माण वर्ष : 2014<br>ईन्जिन नं. : 41H63390495<br>च्यासिस नं. : MAT412059E1H12248<br>सवारी दर्ता नं. : ना ५ ख ५३०६<br>ख) कम्पनीको नाम : TATA Motors Ltd<br>सवारीको मोडेल : LP1512TC/52<br>निर्माण वर्ष : 2014<br>ईन्जिन नं. : 41H63390816<br>च्यासिस नं. : MAT412059E1H12424<br>सवारी दर्ता नं. : ना ५ ख ५३८५<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय महाराजगञ्ज,काठमाडौं |
| ६. | **ऋणी : एस बि पौडेल सप्लायर्स (बैक जमानत कर्जा) -शाखा कार्यालय अमरसिंह,**<br>प्रा.फ.र.नं. : २७१७८/०७९/८०, ठेगाना : पोखरा म.न.पा. १७, कास्की<br>**प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. संजय पौडेल -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ४५-०१-७२-०२९९५,मिति २०७२/०८/०८ मा जि.प्र.का.लमजुङबाट जारी भएको), बाबु : बिक्रम पौडेल, बाजे : कृष्ण पसाद पौडेल<br>**२. शुशिला पौडेल -जमानीकर्ता** (ना.प्र.नं.४५३०४६/३२७, मिति २०६३/११/२२ मा जि.प्र.का..लमजुङबाट जारी भएको), पति : बिक्रम पौडेल, ससुरा : कृष्ण पसाद पौडेल | संजय पौडेलको नाममा कास्की जिल्ला मालपोत कार्यालय लेखनाथ, कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, अर्घौं गा.वि.स./न.पा. वडा नं. ०१ स्थित कि.नं. ५९२१ (०-१-३-० रोपनी) र कि.नं. ५९१७ (०-५-३-२ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय अमरसिंह, कास्की |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

# ग्लोबल आइएमई र आइडिया नेपालबिच सहकार्य

**काठमाडौं**/ ग्लोबल आइएमई बैंक लिमिटेड र इन्टेरियर डिजाइनर्स एसोसिएसन अफ नेपाल (आइडिया नेपाल)बिच सहकार्य गर्ने समझदारीपत्रमा हस्ताक्षर भएको छ। सम्झौताअनुसार बैंकले आइडिया नेपालको आधिकारिक बैंकका रूपमा सेवा प्रदान गर्नेछ। आइडिया नेपालको आवश्यकतालाई मध्यनजर गरी बैंकले आफ्ना शाखा कार्यालयबाट आइडिया नेपालका सम्पूर्ण सदस्यलाई बैंकिङ सेवा तथा सुविधा प्रदान गर्नेछ।




ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेस्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकका रूपमा सम्मानित बैंक हो। साथै ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाबाट फरक-फरक विधामा सम्मानित भएको छ। बैंकले रेमिट्यान्स सेवासमेत दिँदै आएको छ।

## एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

### धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज नतिर्नु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १) | **ऋणी फर्म: प्रभात स्टोर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: अमुल राणा<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा प्रा.फ.नं २४३६४/०६२/०६३, दर्ता मिति: २०६२/०९/२६, ठेगाना: जिल्ला रौतहट, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) | |
| | **जमानीकर्ताहरु:** १) अमुल राणा, २) विजय खडका | |
| | **धितोको विवरण** | |
| | १) अविमन्दु प्रताप राणाकी छोरी, सम्शेर वहादुर खडकाकी बुहारी, विजय खडकाकी पत्नी, सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ५ बस्ने अमुल राणाको नाममा मालपोत कार्यालय, चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, चपुर गा.वि.स. वडा नं १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ६८४० र ६८४३ को क्षेत्रफल क्रमश: ०-२-० र ०-२-० (विगाहा) तथा रौतहट जिल्ला, चपुर गा.वि.स. वडा नं. ८ ख (हाल चन्द्रपुर न.पा. वडा नं. ६) स्थित कित्ता नं. १५५३ को क्षेत्रफल ०-५-१३१/४ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) जबर बहादुर खडकाको नाती, सम्शेर वहादुर खडकाको छोरा, सर्लाही जिल्ला, हरिऔन न.पा. वडा नं. ९ बस्ने विजय खडकाको नाममा मालपोत कार्यालय, चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सन्तपुर म गा.वि.स. वडा नं. ९ (हाल चन्द्रपुर न.पा. वडा नं. ८) स्थित कित्ता नं. ११६७ को क्षेत्रफल ०-२-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>३) प्रभात स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । | बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap |
| २) | **१) ऋणी फर्म: पुजा सेलर मिल,** प्रोप्राईटर तथा जमानीकर्ता: शत्रुध्न प्रसाद गुप्ता<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा सा.फ.प्रा.फ.र.नं.घ.उ.सि. १०७१४/०७६/७७, दर्ता मिति: २०७६/१०/२१, ठेगाना: जिल्ला सिरहा, लवटोली गा.वि.स. वडा नं. ५ख (हाल: सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. २) | |
| | **२) ऋणी फर्म: पुजा किराना पसल तथा वस्त्रालय,** प्रोप्राईटर तथा जमानीकर्ता: शत्रुध्न प्रसाद गुप्ता<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा प्रा.फ.र.नं. १०२७/२०६६/०६७, दर्ता मिति: २०६६/०४/०९, ठेगाना: जिल्ला सिरहा, बडहरामाल गा.वि.स. वडा नं. २ | |
| | **धितोको विवरण** | |
| | १) नागेन्द्र गुप्ताकी छोरी, निरन्जन साह गुप्ताकी बुहारी, शत्रुधन प्रसाद गुप्ताकी पत्नी सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४ बस्ने चन्दु देवी गुप्ताको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिराहाको लागतमा दर्ता कायम रहेको सिराहा जिल्ला, लवाटोली गा.वि.स. वडा नं. ५ क (हाल कर्जन्हा न.पा. वडा नं. २) स्थित कित्ता नं. ३३४७ को क्षेत्रफल ०-१-७ (विगाहा) र सिराहा जिल्ला, लवाटोली गा.वि.स. वडा नं. ५ ख (हाल कर्जन्हा न.पा. वडा नं. २) स्थित कित्ता नं. ३०२३, ४१७५, ४१३४, ४२९८, ४२९९ र ४३३८ को क्षेत्रफल क्रमश: ०-१-१०, ०-०-९-०, ०-०-७-०, ०-०-८, ०-०-६१/२ र ०-०-५१/२ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) वैद्यनाथको नाती, निरन्जन साहको छोरा, सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४ बस्ने शत्रुध्न प्रसाद गुप्ताको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लागतमा दर्ता कायम रहेको सिरहा जिल्ला, गौतारी गा.वि.स. वडा नं. ६ (हाल कर्जन्हा न.पा. वडा नं. ८) स्थित किता नं. ३०२१ को क्षेत्रफल ०-१-१३-५ (विगाह) र सिरहा जिल्ला लवटोली गा.वि.स. वडा नं. ५ घ (हाल कर्जन्हा न.पा. वडा नं. २) स्थित किता नं. २१३ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>३) वैद्यनाथ साहको नाती, निरन्जन साहको छोरा, सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४ बस्ने शत्रुध्न प्रसाद गुप्ताको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लागतमा दर्ता कायम रहेका सिरहा जिल्ला लवटोली गा.वि.स. वडा नं. ५ ख (हाल कर्जन्हा न.पा. वडा नं. २) स्थित किता नं. ३२०९, १५११, १६०९, १४८९, ४३०३, र ४३०४ को क्षेत्रफल क्रमश: ०-०-१८-६, ०-०-५, ०-०-१, ०-०-०-१३, ०-०-६ र ०-०-१ (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।<br>४) वैजनाथ साहको नाती, निरन्जन साह गुप्ताको छोरा, सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४ बस्ने शत्रुध्न प्रसाद गुप्ताको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लागतमा दर्ता कायम रहेका सिरहा जिल्ला लवटोली गा.वि.स. वडा नं. ५ ख (हाल कर्जन्हा न.पा. वडा नं. २) स्थित किता नं. ३२०७, ३३३३, ४५१७, ५०५१ र ५०५४ को क्षेत्रफल क्रमश: ०-०-९१/२, ०-०-४-२, ०-०-९३/४, ०-०-४ र ०-०-१२-२ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>५) पूजा किराना पसल र वस्त्रालय तथा पुजा सेलर मिलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । | बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap |
| | **जमानीकर्ताहरु:** १) चन्दु देबी गुप्ता, २) पुजा कुमारी गुप्ता, ३) मनिष प्रसाद गुप्ता, ४) राहुल प्रसाद गुप्ता, ५) शत्रुध्न प्रसाद गुप्ता | |
| | **कर्जाको किसिम: व्यक्तिगत कर्जा**<br>**३) ऋणी: राहुल प्रसाद गुप्ता**<br>स्थायी ठेगाना: सिरहा जिल्ला, बडहरामाल गा.वि. स. वडा नं. २, हालको ठेगाना: सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. २, बाबु: शत्रुध्न प्रसाद गुप्ता, बाजे: निरन्जन साह गुप्ता | |
| | **जमानीकर्ताहरु:** १) चन्दु देबी गुप्ता, २) पुजा कुमारी गुप्ता, ३) मनिष प्रसाद गुप्ता, ४) शत्रुध्न प्रसाद गुप्ता | |
| | **कर्जाको किसिम: व्यक्तिगत कर्जा**<br>**४) ऋणी: शत्रुध्न प्रसाद गुप्ता**<br>स्थायी ठेगाना: सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४, हालको ठेगाना: सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. २, बाबु: निरन्जन साह गुप्ता, बाजे: वैजनाथ साह | |
| | **जमानीकर्ताहरु:** १) चन्दु देबी गुप्ता, २) पुजा कुमारी गुप्ता, ३) मनिष प्रसाद गुप्ता, ४) राहुल प्रसाद गुप्ता | |
| ४) | **ऋणी फर्म: एग्रो ट्रेड कन्सर्न,** साझेदार तथा जमानीकर्ताहरु: १) तुलसी जयसवाल, २) श्रेया चाचान<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर रौतहटमा सा.फ.र.नं.: ३७/४-०७७/०७८, दर्ता मिति: २०७७/०६/२१, ठेगाना: जिल्ला रौतहट, गरुडा न.पा. वडा नं. ६ | |
| | **धितोको विवरण** | |
| | १) सत्यनारायण अग्रवालकी नातिनी, मनोज कुमार चाचानकी छोरी, पर्सा जिल्ला, विरगंज उ.म.न.पा. वडा नं ६ बस्ने श्रेया चाचानको नाममा मालपोत कार्यालय गरुडा रौतहट जिल्लाको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं ७ (हाल गरुडा न.पा. वडा नं ६) स्थित कित्ता नं. ६२३ र ४११ को क्षेत्रफल क्रमश: ०-५-५-८ र ०-३-१७-४ (विगाहा) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) एग्रो ट्रेड कन्सर्नको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । | बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap |
| | **जमानीकर्ताहरु:** १) तुलसी जयसवाल, २) श्रेया चाचान, ३) धर्मनाथ प्रसाद जयसवाल, ४) रंगिला कुमारी जयसवाल, ५) मनोज कुमार चाचान, ६) सुमन देवी चाचान | |

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा जमानीकर्ताको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-( रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

# नेसनल लाइफको लाभांश पारित

**काठमाडौं**/ नेसनल लाइफ इस्योरेन्सको ३७औँ वार्षिक साधारणसभाबाट लाभांश पारित भएको छ। बिहीबार सम्पन्न साधारणसभाले हाल कायम चुक्ता पुँजीको १० प्रतिशत बोनस सेयर, पाँच प्रतिशत नगद लाभांश र कर प्रयोजनका लागि ०.७८९ प्रतिशत नगद लाभांश समायोजन गर्ने प्रस्ताव पारित गरेको हो।




सोही सभाले गत आवका वित्तीय विवरण, लेखा परीक्षकसहितको प्रतिवेदनमाथि छलफल गरी पारित गर्नुका साथै चालू आवका लागि लेखा परीक्षक पनि नियुक्त गरेको छ।

सभाले संस्थापक सदस्यका तर्फबाट प्रेमाराज्यलक्ष्मी सिंह, रथी पवनबहादुर पाँडे र कुशल मल्ली तथा सर्वसाधारण समूहबाट कुलदीपशरण सिंह र भवानी राणालाई सञ्चालक समितिमा निर्विरोध निर्वाचन गरेको छ ।

कम्पनी अध्यक्ष प्रेमाराज्यलक्ष्मी सिंहले चालू आवमा अर्थतन्त्र चुनौतीपूर्ण रहेको उल्लेख गर्दै विभिन्न कारणले अर्थतन्त्र प्रभावित भएको बताइन्। साथै, आगामी दिनमा कम्पनी एक मुख्य बिमकका रूपमा आमसर्वसाधारणको जीवन बिमाको आवश्यकता परिपूर्ति गर्न अग्रणी भूमिका निर्वाह गरिरहने विश्वास व्यक्त गरिन्।

कम्पनीका अनुसार चालू आवमा कम्पनीको कुल बिमाशुल्क २१.९० प्रतिशतले वृद्धि भई २०४९.१२ करोड पुगेको छ भने कुल लगानी १७.३५ प्रतिशतले वृद्धि भई ७०१५.४६ करोड पुगेको छ।

# आइएमई पे र खल्तीको एकीकृत कारोबार १ साउनदेखि

**काठमाडौं**/ भुक्तानी सेवाप्रदायक कम्पनी आइएमई-पे र खल्तीलाई एक-आपसमा मर्ज हुन नेपाल राष्ट्र बैंकले अन्तिम स्वीकृति दिएको छ। गत ४ फागुनमा आइएमई पे र खल्तीबिच मर्जरका लागि समझदारी भएको थियो। त्यसपछि थप प्रक्रिया पूरा भएपछि केन्द्रीय बैंकले एकीकृत कारोबारका लागि अन्तिम स्वीकृति दिएको हो। नेपालमा वालेट कम्पनी मर्ज भएको यो नै पहिलो हो।

अब यी दुई कम्पनीले आगामी १ साउनदेखि एकीकृत कारोबार पनि सुरु गर्ने भएका छन्। राष्ट्र बैंकले बिहीबार एक सार्वजनिक सूचना गर्दै १ साउनदेखि एकीकृत कारोबार सुरु गर्ने बताएको छ।

'आइएमई खल्ती लिमिटेड' नामबाट एकीकृत कारोबार सुरु हुनेछ। हाल आइएमई पेलाई आइएमई डिजिटल सोलुसन लिमिटेड र खल्तीलाई खल्ती प्राइभेट लिमिटेडले सञ्चालन गर्दै आएका थिए। एकीकृत कम्पनीमा आइएमई पेकै बहुमत सेयर हुनेछ। आइएमई पेको ३० करोड र खल्तीको पाँच करोड रुपैयाँ चुक्ता पुँजी छ।

# नेपाल इन्भेस्टमेन्ट मेगा बैंकका ग्राहकलाई हिल्टन होटेलमा छुट

**काठमाडौं**/ नेपाल इन्भेष्टमेन्ट मेगा बैंकका ग्राहकले काठमाडौंस्थित हिल्टन होटेलमा विशेष छुट पाउने भएका छन्। बैंक र होटेलबिच भएको सम्झौताअनुसार बैंकका ग्राहकले फुड एन्ड बेबरेजमा १० प्रतिशतसम्म छुट पाउने भएका हुन्।




यो छुट सुविधा पाउन ग्राहकले बैंकको डेबिट-क्रेडिट कार्ड वा एनआइएमबी स्मार्ट (मोबाइल बैंकिङ)मार्फत भुक्तानी गर्नुपर्नेछ। ग्राहकवर्गलाई डिजिटल माध्यम प्रयोग गरी भुक्तानी प्रोत्साहन गर्न विभिन्न छुट तथा सुविधा दिँदै आएको बैंकले जनाएको छ।

# ताप्लेजुङका करदातालाई प्रशिक्षण

**ताप्लेजुङ**/ ताप्लेजुङमा करदाता शिक्षासम्बन्धी अन्तर्क्रिया कार्यक्रम गरिएको छ। जिल्लाका व्यापारीहरूलाई कर शिक्षा तथा आर्थिक विधेयकसम्बन्धी जानकारी दिन यस्तो कार्यक्रम आयोजना गरिएको हो। करदाता कार्यालय फिदिमको आयोजना तथा उद्योग वाणिज्य संघ ताप्लेजुङको सहकार्यमा व्यापारीले कसरी कर कार्यालयमा दर्ता हुने, कर बुझाउँदा के-के कुरामा ध्यान दिनेलगायतका विषयमा कार्यालय प्रमुख बद्रीप्रसाद भेटवालले संक्षेपमा जानकारी गराए।



प्रमुख भेटवालले कर भनेको के हो ? यो कसरी सरकारलाई बुझाउनुपर्छ ? भन्ने विषयमा जानकारी गराउँदै उठेको कर कुन-कुन क्षेत्रमा खर्च गरिन्छ भन्ने विषयसमेतलाई प्रस्ट्याएका थिए। उनले सबै व्यवसायीलाई करको दायरामा आएर व्यवसाय गर्नसमेत आग्रह गरे। उद्योग वाणिज्य संघ ताप्लेजुङका वरिष्ठ उपाध्यक्ष दावा शेर्पाले कोरोनाकालपछि तंग्रिँदै गरेको जिल्लाको व्यवसाय हेवा खोलाको पुल नबन्दा समस्या आएको बताए। संघका अध्यक्ष विकास गौतमले जिल्लाका सबै व्यवसायीलाई यो कार्यक्रमले सहयोग पुग्ने अपेक्षा गरे।

# सुजल फुड्सको 'ब्याफी' वेफर्स सार्वजनिक

**काठमाडौं**/ कन्फेक्सनरी उत्पादक कम्पनी, सुजल फुड्स प्रालिले नयाँ स्वादसहितको ब्याफी फ्यामिली प्याक सार्वजनिक गरेको छ। आफ्ना प्रियजनसँग बाँड्नका लागि वा आफैँले रमाइलोसँग उपभोग गर्न उपयुक्त रहेको यस प्याकमा अझ ठुलो परिमाण, अझ स्वादिलो र अझ कुरकुरे बनावट पाइने कम्पनीले जनाएको छ। नयाँ ब्याफी फ्यामिली प्याक दुई अत्यधिक रुचाइएका स्वादहरू, स्ट्रबेरी र चकलेटमा उपलब्ध छ। १२० ग्रामको प्याकको मूल्य मात्र १०० राखिएको छ, जसले यसलाई बजारकै सबैभन्दा सुलभ मूल्यमा उपलब्ध प्रिमियम वेफर्स बनाएको छ।




ब्याफी विशेष गरी प्रिमियम स्वादका स्न्याक्स मन पराउने बालबालिकाका लागि लक्षित गरिए तापनि, सपिङ मल र कनभिनियन्स स्टोरहरूमा स्वादिलो खाजाको खोजीमा रहने गृहिणी तथा अनलाइन वा ई-कमर्समार्फत नियमित रूपमा खाजाको अर्डर गर्ने उपभोक्तालाई समेत ध्यानमा राखेर बजारमा ल्याइएको बताइएको छ।

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८२/०३/०६)**

यस कार्यालयबाट मिति २०८२/२/२६ मा हिमालय रास्ट्रिय दैनिकमा प्रकाशित आशयको सुचनाको आधारमा देहायको ठेक्का सम्झौताको लागि अनकन्या निर्माण सेवा, धादिङलाई पत्राचार गरिएकोमा सम्बन्धित निर्माण व्यवसायीबाट सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ६५. को उपनियम (४ङ३) बमोजिम; स्वीकृत भएमध्य कुनै एउटा बोलपत्र प्रक्रियाबाट हटाईदिन आग्रह भएअनुसार ITB 39.4 अनुरुप देहायको ठेक्काको लागि ITB 39.1 बमोजिम निम्नानुसार निर्माण व्यवसायीले पेश गरेको न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| S.N | Name of Road & Contract ID | Minimum Evaluated Substantially Responsive Bidder, Address | Bid Price (With VAT & PS) NRs. |
|---|---|---|---|
| 1 | Construction Of Lahuretar Bhangtar Khahare Box Bridge, Hetauda-6,7, Makawanpur (IDOMAK/W/NCB/31/081/82) | M/S Sarswati Nirman Sewa, Hatiya, Makawanpur | 1,79,24,717.03 |

**पूर्वाधार विकास कार्यालय**
**मकवानपुर**

## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारे दोस्रो पटकको सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति : २०८२।३।६ गते)**

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता, कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना र धितो लिलाम बिक्री हुने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८२।१।३१ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा, जमानत दिनुहुने ब्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित १५(पन्ध्र) दिन भित्र कर्जा चुक्ता नगरेमा बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

**धितो लिलाम बिक्री हुने मिति : २०८२ साल असार महिना २२ गते आइतबार दिनको १२ वजे देखि ३ वजे सम्म ।**
**सम्बन्धित कार्यालय : शाखा कार्यालय नयांवजार** **लिलाम हुने स्थान : शाखा कार्यालय, नयांवजार ।**

**ग्राहकको विवरण**

**फर्म वा कम्पनिको नाम : बि जनकी एग्रो फार्म प्रा.लि.,** संचालकको नाम : जानकी तिकिल्सीना, दर्ता भएको कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौं।
फर्म/कम्पनिको दर्ता नं. : २८०१४०/०७८/०७९ दर्ता मिति : २०७८।०९।०६, पान नं. : ६१०१७८१८६

**लिलाम हुने अचल सम्पत्तिको विवरण:**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| पशुपन्छी पालन | बि जानकी एग्रो फार्म प्रा.लि. | कास्की | रुपाकोट | १ | ३४५२ | ०-१५-१-२ |
| | | कास्की | रुपाकोट | १ | ३४५० | १-६-१-१ |

**प्रोप्राईटर/साझेदार/संचालकहरुको विवरण:**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| जानकी तिमिल्सीना | आमभञ्ज्याङ्-४ मकवानपुर | ३११००९/४९३०० | मकवानपुर/२०६५।०१।०४/जि.प्र.का. मकवानपुर | दिपक तिमिल्सीना, विश्वप्रेम अधिकारी | केवल प्रसाद तमिल्सीना |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण:**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| जानकी तिमिल्सीना | आमभञ्ज्याङ्-४ मकवानपुर | ३११००९/४९३०० | मकवानपुर/२०६५।०१।०४/ जि.प्र.का.मकवानपुर | दिपक तिमिल्सीना, विश्वप्रेम अधिकारी | केवल प्रसाद तिमिल्सीना |
| दीपक तिमिल्सीना | आमभञ्ज्याङ्-४ मकवानपुर | १२/०७५ | मकवानपुर/२०५३।०१।२७/ जि.प्र.का. मकवानपुर | केवल प्रसाद तिमिल्सीना | |
| प्रदिप तिमिल्सीना | मकवानपुरगढी ५ मकवानपुर | ३१-०१-७५-६२४७ | मकवानपुर/२०७५।०७।१४/ जि.प्र.का.मकवानपुर | दिपक तिमिल्सीना | केवल प्रसाद तिमिल्सीना |

**शर्तहरु :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकीएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा ३ (तीन) जना भन्दा कम व्यक्ति/संस्थाहरुले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १० (दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको कम्तिमा ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वत: जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै ब्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, कठमाण्डौं ।**

## आलममलाई...

पृष्ठ १ बाट क्रमशः

मन्त्री चौरसियाबाहेकका सबै सदस्यले सहमति जनाएपछि बिहीबारै समिति गठन गरिएको हो। न्यायाधीशहरूमाथिको कारबाहीको विषय गोपनीय हुने भन्दै यसबारे परिषद्ले औपचारिक जानकारी भने गराएको छैन।

तर, चौरसियाले भने आफू परिषद् बैठकमै उपस्थित नभएको दाबी गरे। 'म परिषद्को मिटिङमै थिइनँ। दिनभरी पार्लियामेन्टमा थिएँ। कानुन मन्त्रालयको छलफल थियो आज। त्यसैले मलाई केही थाहा छैन,' उनले भने। यद्यपी उनले परिषद्को निर्णयमा असहमति जनाउँदै हस्ताक्षर नगरेको स्रोतको दाबी छ।

न्यायाधीशद्वय थारू र महर्जनको फैसलाबाट बेचैन भएका ८२ वर्षीय श्रीनारायण सिंहले सोमबार न्यायपरिषद्मा उजुरी दिएका थिए। उनी २८ चैत ०६४ को संविधानसभा निर्वाचनको अघिल्लो दिन आलमले बम बनाउन लगाएको ठाउँमा विस्फोट भई घाइते भएका र त्यसै रात जिउँदै इँटाभट्टामा हालेर हत्या गरिएका युवा त्रिलोकप्रताप सिंह (पिन्टु)का बुवा हुन्। श्रीनारायणले भन्दा अघि १६ जेठमा युवराज सफलले पनि न्यायाधीशद्वयविरुद्ध परिषद्मा जाहेरी दिएका थिए।

जिल्ला अदालत रौतहटले आलमसहित चार प्रतिवादीलाई २७ चैत ०६४ मा बम विस्फोटमा घाइते भएका पिन्टु र अर्का युवा ओसी अख्तरलाई राजापुरस्थित इँटाभट्टामा हालेर जिउँदै जलाएको कसुरमा गत असारमा जन्मकैद सुनाएको थियो। त्यसविरुद्ध भएको पुनरावेदनको सुनुवाइमा गत १४ जेठमा उच्चका न्यायाधीशद्वय थारू र महर्जनको इजलासले जिल्लाको फैसला उल्ट्याएको थियो। संकलित सबुत प्रमाणबाट घटना भएको भनिएको मिति २७ चैत ०६४ मा आलमको घरमा बम विस्फोट भएको कुरा वस्तुनिष्ठ प्रमाणले पुष्टि हुन नसकेको भन्दै सफाइ दिइएको थियो। फैसला भएकै दिन आलम नक्खु कारागारबाट छुटेका थिए। फैसलाको पूर्णपाठ भने आउन बाँकी नै छ।

प्रत्यक्षदर्शीका बयानलगायत तमाम तथ्यप्रमाणलाई नजरअन्दाज गरेर उच्चको फैसला आएको भन्दै चौतर्फी आलोचनासँगै पीडितले नै न्यायाधीशद्वयमाथि छानबिनका लागि उजुरी गरेपछि यसबारे निर्णय लिन बुधबार परिषद्को बैठक बसेको थियो। उक्त बैठकले नै छानबिन गर्ने निर्णय गरेकोमा बिहीबार समिति गठन भएको परिषद् स्रोतले बतायो।

जिल्लाको फैसला उल्ट्याउने उच्चको निर्णयप्रति सुरुवातमा न्यायपरिषद् मौन थियो। तर, दुवै न्यायाधीशमाथि २९ जेठमा इजलासभित्रै मोसोसमेत छ्यापिएपछि र मृतक पिन्टुका बुवा श्रीनारायणको उजुरी परेपछि परिषद् न्यायाधीशमाथि छानबिनका लागि सक्रिय भएको हो। न्यायाधीशद्वय थारू र महर्जनले केवल चार घण्टाको सुनुवाइमा हतारहतार प्रमाण नबुझी फैसला गरेको श्रीनारायणले दिएको उजुरीमा उल्लेख छ। उनले महान्यायाधिवक्ताको कार्यालयले विगतमा जुन आधार टेकेर मुद्दा नचलाउने निर्णय गरेको थियो सोही आधार टेकी उच्चले पनि सफाइ दिएकोले यस्तो फैसला गर्ने न्यायाधीशउपर कारबाहीको माग गरेका छन्। उक्त फैसला प्रतिवादीहरूलाई उन्मुक्ति दिने मनसायबाट प्रेरित रहेको तथा आर्थिक चलखेलको आशंका रहेको निवेदक श्रीनारायणको दाबी छ। त्यस्तै, अधिवक्ता सफलले न्यायपरिषद्मा दिएको निवेदनमा भनेका छन्, '...पीडितलाई नै अन्याय हुने गरी आदेश गर्ने उल्लेखित न्यायाधीशद्वय थारू र महर्जनले हालसम्म जिल्ला अदालत वा उच्च अदालतमा रहँदा गरेका न्यायसम्पादनका कार्य एवं निजहरूले गरेका आदेशहरूसमेत परीक्षण गर्न र उल्लेखित न्यायाधीशहरूलाई तत्काल निलम्बन गर्न एवं न्यायपरिषद् सचिवालय ऐनबमोजिम अन्य विभागीय कारबाही गर्न माग गर्दै प्रस्तुत उजुरी पेस गरेको छु।'

### के थियो घटना ?

प्रहरी अनुसन्धानअनुसार २८ चैत ०६४ को संविधानसभा निर्वाचनमा रौतहट- २ बाट कांग्रेस उम्मेदवार बनेका आलमले चुनाव जित्नका लागि विस्फोट गराउने, जनता तर्साउने र बुथ कब्जा गर्ने उद्देश्यले अघिल्लो दिन २७ चैतको साँझ निहत्था युवालाई बम बनाउन प्रयोग गरेका थिए। नेपाली दुई युवा त्रिलोकप्रताप सिंह 'पिन्टु' र ओसी अख्तरसहित २० भारतीयलाई प्रयोग गरेका थिए। आलमका काका शेख इद्रिसको गोठमा बम बनाउँदै गर्दा साँझ ६:३० तिर विस्फोट भएर कैयौँको मृत्यु भयो, कैयौँ घाइते भए। त्रिलोक र ओसी पनि घाइते भएका थिए। घाइतेहरू उपचारका लागि गुहार माग्दै थिए। तर, आलमले मृतक तथा घाइते सबैलाई नष्ट गरेर घटना गुपचुप पार्ने योजना बनाए। शक्तिको आडमा उनले प्रहरीको सहयोग लिएर घटनास्थलमा अघोषित कर्फ्यु लगाए। घाइतेलाई बेहोस हुने सुई लगाएर सबैलाई बोरामा कोचे। ट्र्याक्टरमा लोड गरेर नजिकै रहेको दाइ मुस्ताफको इँटाभट्टामा पुर्‍याई जिउँदै जलाएर खरानी पारिदिए।

घटनामा दबाउन तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौला, नेपाल प्रहरीका तत्कालीन आइजिपी ओमविक्रम राणा, तत्कालीन क्षेत्रीय प्रहरी कार्यालय हेटौँडाका प्रमुख डिआइजी किरण गौतम, जिल्ला प्रहरी कार्यालय रौतहटका तत्कालीन एसपी लक्ष्मण न्यौपाने, सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय रौतहटका तत्कालीन प्रमुख रामकृष्ण लामा, जिल्ला प्रशासन कार्यालय रौतहटका तत्कालीन प्रमुख दुर्गाप्रसाद भण्डारीको समेत संलग्नता थियो। उनीहरूको निर्देशनमा अफताबले बोरामा हालेका घाइतेलाई प्रहरीको स्कर्टिङमा इँटाभट्टा लगेका थिए। जसमा सशस्त्र प्रहरीको गाडी प्रयोग भएको थियो।

छोरो विस्फोटमा परेको खबर सुनेपछि पिन्टुका बुवा श्रीनारायण सिंह भोलिपल्टै घटनास्थल पुगेका थिए। प्रत्यक्षदर्शीले विवरण सुनाएपछि वृद्ध बाबु छाँगाबाट खसेझैँ भए। बम बनिरहेको ठाउँमा तमासा हेरिरहेका पिन्टु सामान्य घाइते मात्रै भएका थिए। बम विस्फोटपछि उछिट्टिएको छर्रा पिन्टुको तिघ्रामा लागेको थियो। आत्तिएर भाग्दाभाग्दै उनलाई आलमका मान्छेले लखेटी-लखेटी समातेर बेहोस हुने सुई लगाई बोरामा कोचेका थिए। भारत बिहारबाट झिकाइएका धेरै युवा भएकाले विस्फोटमा जम्मा कति मारिएका थिए भन्ने अहिलेसम्म यकिन हुन सकेको छैन। गाउँलेहरूका अनुसार करिब २० जना थिए।

न्यायको लडाइँ लडिरहँदा ओसीकी आमा रुक्सानाको ८ माघ ०७६ मा दिनदहाडै गोली हानेर हत्या भइसकेको छ। अब केवल पिन्टुका बुवा श्रीनारायण न्यायको लडाइँमा छन्। सर्वोच्च अदालतबाट न्याय पाउने आशा अझै नमरेको उनी बताउँछन्।

## असार लागेसँगै अरनिको राजमार्ग ठप्प

# दुई ठाउँमा भासियो, पहिरोको जोखिम जताततै

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**



चीनको सीमासँग जोडिएको अरनिको राजमार्गअन्तर्गत कोदारीखण्डको सडक असार सुरुदेखि नै ठप्प छ। नेपाल प्रहरीका अनुसार अरनिको राजमार्गअन्तर्गत भोटेकोशी गाउँपालिका- २, कोदारीमा १ असार तथा वडा नम्बर २ को कोप्लाङ र ३ को लार्चामा ३ असारमा पहिरो खस्दा अवरुद्ध बनेको हो।

चीनको सिमानाबाट डेढ किलोमिटर नेपालमा भोटेकोशी गाउँपालिकाभित्र कोदारी इकोरिसोर्ट साइड भासिएर नदीमा मिसिएकाले सडक उठाउन कठिन परेको हो। इकोरिसोर्टदेखि लिपिङसम्म मालवाहक कन्टेनर लामबद्ध छन्। ती कन्टेनरलाई जतिवेला पनि पहिरोले पुर्न सक्ने जोखिम छ।

तातोपानीका स्थानीय कर्म शेर्पाले दिएको जानकारीअनुसार लिपिङमा भोटेकोशी नदीले भग्नावशेष तानिरहेको छ। चीनपट्टि सिमेन्टेड वाल भएको र नेपालपट्टि खुला रहेकाले यो बर्खामा लिपिङ बजारलाई बाढीले कटान गर्ने जोखिम रहेको शेर्पाले बताए।

त्यस्तै, तातोपानीको कोप्लाङमा केही हप्ताअघि उकासेको सडक पुनः भासिएको छ। नेपाल-चीन सिमानाबाट तातोपानी छिचोल्ने सडक पूर्ण बन्द छ। लार्चास्थित भोटेकोशी नदीमा हालेको ह्युमपाइप बगाएकाले नदी पार गर्न सकिने अवस्था छैन। सो स्थानमा बेलिब्रिज तयार भइसकेको छ। तर, वारिपारिको सडक बेलिब्रिजसम्म तयार भएको छैन। बेलिब्रिज चालू हुन केही दिन लाग्छ।

भोटेकोशी गाउँपालिकाभित्र खोकुन्डोल, डाक्लाङ, चाकु र नयाँपुलआसपास सडक जीर्ण छ। पहिरोको उत्तिकै जोखिम छ। तालुक निकाय सडक डिभिजन कार्यालय चरिकोटको उपस्थित न्यून छ। पहिरो भासिँदा होस् वा पहिरो जाँदा नाकामा क्रियाशील व्यापारी र हाइड्रोपावर कम्पनीको मेसिन प्रयोग गरेर सडक पन्छाउनुपर्ने बाध्यता छ। सडक बनाउँदा-बनाउँदा सबै पक्ष निराश बनेका छन्। सडक डिभिजनका कर्मचारी तातोपानी क्षेत्रमा छन्। तर, उनीहरू मेसिन लिएर बेलुका आउँछन्, एक-दुई घण्टा काम गर्छन्। रातभरिको वर्षाले फेरि बगाउँछ।

बाह्रबिसे नगरपालिकाभित्र बसेरी, जम्बु, खागदल र जुरेमा पहिरोको जोखिम रहेको बाह्रबिसे नगरका मेयर बालकृष्ण बस्नेतले बताए। बाह्रबिसेदेखि लिपिङसम्म २६ किलोमिटर सडकखण्ड बाढी र पहिरोको उच्च जोखिममा छ। बुधबार र बिहीबारको वर्षाले बसेरी र जुरेमा सडक बगाएको छ।

१ असारदेखि सडक बन्द हुँदा चाडपर्वलक्षित सामान खरिद गर्ने तयारीमा रहेका व्यापारी निराश देखिएका छन्। छोटो दूरीको नाका तातोपानी हुँदै सामान आयात गर्ने व्यापारीलाई पटकपटक सडक अवरुद्ध हुँदा कुन नाका तय गर्ने भन्ने दोधार उत्पन्न भएको छ।

तातोपानी भन्सारका सूचना अधिकारी सूर्यप्रसाद काफ्लेले दिएको जानकारीअनुसार फलफूलजन्य सामग्री आयात गर्न समस्या परेको छ। मालवाहक कन्टेनर र चालक सधैँ जोखिममा रहेको उनले बताए। बाटोमा अलपत्र परेको स्याउ र अन्य फलफूल मानिसले बोकेर भन्सार ल्याउनुपरेको छ।

## मुद्दा प्रभावित...

पृष्ठ १ बाट क्रमशः

त्यसमा गल्ती भयो भने म सांसद पद त्याग गर्छु,' उनले भने, 'म यो संसद्मा चारपटक सदस्य भएको हो। मैले कसैलाई आरोप लगाएको होइन। त्यत्तिकै थाहा नपाई आरोप लगाउँदिनँ।'

सिपाही बन्न लोकसेवाको प्रतिनिधिको रोहवरमा लिखित परीक्षा दिनुपर्ने, तर उच्च र सर्वोच्चको न्यायाधीश बन्न दलको सिफारिस भए पुग्ने अभ्यासको विरोध गर्दै सिंहले न्यायपरिषद् विघटनको माग गरे। न्यायपरिषद् राजनीतिक सिन्डिकेट प्रणाली भएकाले खारेज गर्नुपर्ने उनको भनाइ थियो। 'आज हरेक अदालत दलीय छायामा छ। कुनै न्यायाधीशमाथि उजुरी पर्दा न्यायपरिषदले कुनै निर्णय गर्न सकिरहेको छैन,' उनले भने, 'त्यसैले न्यायपरिषद्मा जे-जति उजुरी छन्, न्यायपरिषद्को सदस्य भएको नाताले कानुनमन्त्रीले चाँडै फर्स्योट गर्नुस्।'

सांसद सिंहले कानुनमन्त्रीले न्यायाधीशहरूलाई फोन गरेर मुद्दा प्रभावित पार्न खोजेको आरोप लगाएपछि कांग्रेस सचेतक सुशीला थिङले आपत्ति जनाएकी थिइन्। थिङले बजेटमाथिको छलफलमा यो आरोप असम्बद्ध भन्दै संसद्को रेकर्डबाट हटाउन माग गरेकी थिइन्। 'कानुनमन्त्रीको कलडिटेलको कुरा समबद्धता भएन। त्यसैले यो शब्दचाहिँ रेकर्डबाट हटाइयोस्,' उनले भनिन्।

### न्यायाधीश जनताबाट प्रत्यक्ष चुनौं : शर्मा

माओवादी उपमहासचिव जनार्दन शर्माले न्यायालयलाई सुधार गर्न न्यायाधीशहरू जनताबाट प्रत्यक्ष निर्वाचित गर्नुपर्ने बताएका छन्। कानुन मन्त्रालयको विनियोजन बजेट शीर्षकमा खर्च कटौतीको प्रस्ताव राखेका शर्माले भने, 'न्यायाधीशहरूलाई प्रत्यक्ष जनताबाट निर्वाचित गर्ने व्यवस्थातिर हामीले छलफल गरौँ। त्यताबाट हामीले न्यायालयलाई सुधार गर्ने ठाउँहरू आउन सक्छन्। त्यहाँ अलि विज्ञहरूको दरबन्दीको व्यवस्था गरौँ। त्यसलाई नै ती खालका सम्पूर्ण मुद्दा हेर्ने, मेलमिलाप गर्ने र फैसला गर्ने वातावरण बनाइयो भने सायद माथिसम्म आएर दुःख पाउने प्रतिशत घट्थ्यो होला र ठुलो भ्रष्टाचार पनि कम हुन्थ्यो होला,' उनले भने।

## खाली कुर्सीअगाडि...

पृष्ठ १ बाट क्रमशः

भिसा प्रकरणमा छानबिनको माग गर्दै आन्दोलन गरिरहेको रास्वपाका १७ सांसद भने बैठक सुरुदेखि अन्तिमसम्म सभामुखको आसनअगाडि भुइँमा धर्ना दिइरहे। यसलाई व्यंग्य गर्दै रास्वपा सांसद सोबिता गौतमले सामाजिक सञ्जालमा लेखेकी छिन्, 'संसद् चल्यो, कुर्सीमा १५ जना सत्तासिन सांसद, भुइँमा १७ जना आन्दोलनर सांसद। सत्ता कुर्सीबाट भागेको छ, जिम्मेवारी भुइँमा अडिएर लडिरहेको छ। हाम्रो आन्दोलन जारी छ।'

### सभामुखको जबर्जस्ती सदन सञ्चालनमाथि सत्तापक्षकै असन्तुष्टि

सत्तापक्षका सांसदहरूले नै संसद्मा जारी अवरोध बेवास्ता गर्दै जबर्जस्ती बैठक सञ्चालन नगर्न सभामुख देवराज घिमिरे र सरकारको ध्यानाकर्षण गराएका छन्। भिजिट भिसा प्रकरणमा उच्चस्तरीय छानबिन समिति गठन र गृहमन्त्री रमेश लेखकको राजीनामा माग्दै रास्वपा र राप्रपा निरन्तर सदनमा अवरोध गरिरहेका छन्। तर, सभामुख घिमिरेले ती माग बेवास्ता गर्दै बैठक जबर्जस्ती अगाडि बढाइरहेका छन्।

बिहीबार पनि रास्वपाले दिनभर सदन अवरुद्ध राख्यो भने राप्रपाले अवरोधबिच बैठक चलाएको भन्दै बैठक बहिष्कार गर्‍यो। संसद्को चौथो ठुलो दल रास्वपा र पाँचौँ दल राप्रपाको आन्दोलनलाई बेवास्ता गर्दै सभामुखले बैठक अघि बढाएपछि सत्ता र प्रतिपक्षी दुवैतर्फका सांसदहरूले त्यसप्रति असन्तुष्टि जनाएका हुन्।

अवरोधका बिच सभामुख घिमिरेले चार घण्टा १८ मिनेट बैठक चलाए। बैठकमा राज्य व्यवस्था समिति सभापति रामहरि खतिवडाले नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयकसम्बन्धी समितिको प्रतिवेदन पेस गरे। यस्तै वन, कृषि र कानुन मन्त्रालयअन्तर्गत विनियोजित बजेटको शीर्षकमाथि छलफल भयो।

छलफलमा भाग लिने सत्ता र प्रतिपक्षी सांसदले अवरोधका बिच बैठक नचलाउन सभामुख र सरकारको ध्यानाकर्षण गराए। उनीहरूले अवरोधमा रहेका सांसदहरूलाई बजेटमाथिको छलफलबाट वञ्चित हुने वातावरण नबनाउन पनि सभामुखको ध्यानाकर्षण गराएका थिए।

कांग्रेस सांसद चन्द्र भण्डारीले अवरोधका बिच सदन चलाउने प्रवृत्ति ठिक नभएको भन्दै समाधानको प्रयास गर्न सभामुखसँग आग्रह गरे। 'जुन दिन संसद्मा छलफल गर्ने हो, त्यसमा हामीहरूबिच असहमति रहनुहुँदैन। तर, यहाँ कोही कुर्सीमा बसेका छौँ, कोही बोलिरहेका छौँ र कोही पलैँटी मारेर बसेका छौँ। यो प्रवृत्तिले मुलुक अगाडि बढ्न सक्दैन। यसको समाधानका निम्ति सरकार र सभामुखलाई आग्रह गर्न चाहन्छु।'

यस्तै, माओवादी उपमहासचिव जनार्दन शर्माले रास्वपा र राप्रपाको माग सम्बोधन नगरी सदन चलाउनु आपत्तिजनक भएको बताए। 'संसद्मा उठेको गम्भीर प्रश्नको समाधान नगरी अवरोध र विरोधको बिच सदन चलाउनु दुःखद छ, यसप्रति म दुःख व्यक्त गर्न चाहन्छु,' उनले भने, 'हामी किन समस्याको समाधान गर्न सक्दैनौँ ? नेतृत्वको काम समस्याको समाधान गर्ने हो। तर, समाधान गर्नेतिर हाम्रो चासो-चिन्ता छैन। यस्तो संस्कार र संस्कृति बसाल्नुहुँदैन। यसको तत्काल समाधान खोज्नुपर्छ।'

एकीकृत समाजवादीका भानुभक्त जोशीले रास्वपा र राप्रपासँग समन्वय गर्न सभामुखको ध्यानाकर्षण गराए। 'संसद्को चौथो ठुलो दल तल पलैँटी कसेर बसिराखेको छ। पाँचौँ दल बहिष्कार गरेर हिँडेको छ। हामीले यसरी सदन चलाउँदा कस्तो होला ? सोच्नुपर्ने होइन र ?' उनले थप प्रश्न गरे, 'हामी कस्तो संस्कार बसाल्छौँ ? रास्वपा र राप्रपासँग समन्वय र छलफल नगरी के अनन्तसम्म यसरी नै जान्छ ? सभामुखज्यू, सरकार गम्भीर हुन अनुरोध गर्दछु।'

आजपा अध्यक्ष प्रभु साहले विपक्षीको विरोधप्रति गम्भीर हुनका लागि सरकारलाई रुलिङ गर्न सभामुखसँग माग गरे। 'बजेटमाथि छलफल चलिरहेको छ। संसद्मा विरोध प्रदर्शन छ। तर, सरकारलाई कुनै मतलब छैन। एक दिन होइन, दुई दिन होइन, लगातार विरोध प्रदर्शन छ र पनि सरकार मौन छ,' उनले भने, 'सभामुखलाई आग्रह गर्न चाहन्छु- सरकारलाई गम्भीर हुन दिशानिर्देश होस्। सम्मानित संसद्को गरिमा राख्न सभामुखबाट सरकारलाई रुलिङ होस्।'

नेमकिपाका प्रेम सुवालले अवरोधका बिच सदन नचलाउन सभामुखको ध्यानाकर्षण गराए। 'मान्छे मात्र किन निर्यात भैरहेको छ ? प्रश्न उठेको छ। के मानिसबाहेक निर्यात गर्ने केही छैन ? यसमा अहिलेसम्म प्रधानमन्त्री भएकाहरूलाई जवाफदेही बनाउनुपर्दैन ?' उनले भने, 'आज यही आवाज उठाएर प्रतिनिधिसभामा माननीय सांसदहरू अवरोधमा उत्रनुभएको छ। यसमा सभामुखको ध्यानाकर्षण गराउन चाहन्छु।'

### सरकार र गृहमन्त्रीलाई रास्वपाको प्रश्नैप्रश्न

प्रतिनिधिसभाको सुरुमै आकस्मिक समयमा रास्वपाका हरि ढकालले भिसाका नाममा मानव तस्करबाट ठगिएका युवाहरूको आवाज उठाउँदा सरकारले नसुनेको भन्दै प्रश्नैप्रश्न राखे। 'भुइँ मान्छेमाथि भएको अत्याचार र मानव तस्करीविरुद्ध २३ दिनदेखि हामीले आन्दोलन गरेका छौँ। तर, सरकार सुन्दैन। फेरि पनि कुन किसिमको सुशासनको भाषण चल्दै छ ?' भिजिट भिसाका नाममा ठगिएका लाखौँलाख युवाको विषयमा आन्दोलित भएको दाबी गर्दै उनले सरकारले किन नजरअन्दाज गर्दै छ ? भन्ने प्रश्न उठाए।

सांसद ढकालले गृहमन्त्री रमेश लेखकले सदनमा जवाफ दिँदा भुइँ मान्छेका आवाजहरूमाथि कटाक्ष गरेकोमा आपत्ति जनाए। 'गृहमन्त्रीज्यूले भुइँ मान्छेका आवाजमाथि कटाक्ष गर्नुभयो। तर, विमानस्थलबाट मानव बेचबिखन ब्युरो किन हटाइयो ? अख्तियारले ताकेता गर्दा पनि किन विमानस्थलभित्र भएको यो र्‍याकेटको अनुसन्धान सुरु गरिएन ? अनावश्यक कर्मचारीहरू किन थपियो एयरपोर्टमा ? अनि आफ्ना सचिवालयका कर्मचारीको त्यो सरुवा किन गरियो ? लगायतका प्रश्नको जवाफ दिनुभएन,' उनले भने। मागहरू सम्बोधन नभएसम्म र गृहमन्त्रीको राजीनामा नआएसम्म आन्दोलन जारी रहने उनले बताए।

यस्तै, आकस्मिक समयमा राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाहीले भिजिट भिसा प्रकरणमा पूर्वगृहमन्त्री कृष्णप्रसाद सिटौलादेखि बहालवाला गृहमन्त्री रमेश लेखकसम्मका १४ जना गृहमन्त्रीलाई छानबिनको दायरामा ल्याउन माग गरे। भिजिट भिसा प्रकरणमा छानबिन समिति नभएसम्म आफूहरूको विरोध कायमै रहने उनको भनाइ थियो।

### बजेटको सत्तापक्षबाटै आलोचना

सरकारले प्रस्तुत गरेको बजेट यथार्थपरक नभएको र ठुला नेताका क्षेत्रमा मात्रै केन्द्रित गरिएको, असमान वितरण भएको भन्दै सत्तापक्षकै सांसदले आलोचना गरेका छन्। प्रतिनिधिसभामा वन, कृषि र कानुन मन्त्रालयअन्तर्गत विनियोजित बजेटको शीर्षकमाथिको छलफलमा भाग लिँदै सांसदहरूले असन्तुष्टि जनाएका हुन्।

कांग्रेस सांसद सुरेन्द्रराज आचार्यले बजेट पहुँचको आधारमा वितरण गरिएको बताए। 'यसले देश विकास हुँदैन। आवश्यक ठाउँमा बजेट विनियोजन गरिएको छैन। आवश्यक नभएको ठाउँमा विनियोजन भएको छ। यसमा मन्त्रालयहरूले ध्यान दिनुपर्छ,' उनले भने।

कांग्रेसकै नागिना यादवले बजेटअनुसार शीर्षक महत्त्वाकांक्षी भएको बताइन्। साथै, उनले बजेट लोकप्रियतावादतिर गएको र यसले व्यवहारमा परिणाम नआउने बताइन्। कांग्रेसकै चन्द्र भण्डारीले बजेट जनतालाई छुने खालको नभएको बताए। युवाविहीन मुलुक बनाएर कस्तो विकास र समृद्धि ल्याउने भनेर उनले सरकारलाई प्रश्न गरे। जनमत पार्टीका उपाध्यक्ष अब्दुल खानले बजेटले समग्र देशको भूगोलभन्दा पनि मन्त्री र प्रधानमन्त्रीको क्षेत्रकेन्द्रित भएको बताए।

### बजेटले ठुलो कुर्सी मात्रै देख्यो : विपक्षी

प्रमुख प्रतिपक्षी माओवादी उपमहासचिव जनार्दन शर्माले बजेटले ठुला कुर्सी मात्रै देखेको टिप्पणी गरे। 'ठुला कुर्सीलाई मात्रै बजेट हालियो। अन्ततः यसो चारो छरेको त होला। तर, मुख्य बजेट ठुला कुर्सीहरूमा केन्द्रित भएको छ। यो ठुला कुर्सीले मात्रै देश बन्दैन,' उनले भने।

पूर्वअर्थमन्त्री शर्माले बजेटमा गणेशमान सिंहको नाम दुरुपयोग गरिएकोमा पनि आपत्ति जनाए। 'दुःखका साथ भन्नुपर्छ, गणेशमान सिंह हामी सबैको सम्मानित नेता हो। देशको आदर्श व्यक्तित्व हो। त्यस्तो आदर्श व्यक्तित्वको नाममा योजनाका नाममा जो दुरुपयोग गरिएको छ, यो दुःखको कुरा हो। नेतृत्वको अपमान गर्ने गरी जे गरिएको छ, यो दुःखको कुरा हो। त्यहाँ त्यसको दुरुपयोग गरियो,' उनले भने।

### सांसद थापाले च्याते बजेटपुस्तिका

एकीकृत समाजवादीका सांसद एवं शिक्षा समिति सभापति अम्मरबहादुर थापाले सरकारले ल्याएको बजेटपुस्तिका च्यातेका छन्। बजेटले जनतालाई सम्बोधन गर्न नसकेको, नेतामुखी र मन्त्रीमुखी बजेट आएको भन्दै उनले आकस्मिक समयमा रातो किताब च्यातेका हुन्। दैलेख, माबुलेख हुँदै जुम्ला जाने ७९ किलोमिटर पर्ने बाटोमा बजेट नहालेकोमा उनले भौतिक मन्त्रालयप्रति रोष प्रकट गरे। 'बजेटले दैलेख मात्र होइन, धेरै जनतालाई सम्बोधन गर्न सकेन। यो नेतामुखी र मन्त्रीमुखी बजेट छ। यो बजेटको किताब हेर्दा त जनताबाट उठेको राजस्व जनताप्रति उत्तरदायी छैन। एकाधिकार कायम गरिएको छ। त्यसैले यो किताब मैले यो सदनभित्रै च्यातेको छु,' उनले भने।

## पछिल्लोपटक...

पृष्ठ १ बाट क्रमशः

भएको र फेरि वर्षा भएमा अवरुद्ध हुन सक्ने जोखिम पनि रहेको जिल्ला ट्राफिक कार्यालय नवलपरासीका प्रहरी निरीक्षक जनकराज बन्जाराले बताए।

दुम्किबासको विनयी खोलामा बर्खामा पनि डाइभर्सनका भरमा चलिरहेको छ। वर्षा रोकिएर खोलामा पानी घट्दा ग्राभेल र ह्युमपाइप राखेर डाइभर्सन बनाएर यायातात सुचारु गर्ने गरिएको छ। फेरि खोलामा बहाव बढ्नासाथ बगाउँछ। बिहीबार राति गाडी सुचारु भए पनि फेरि कतिखेर डाइभर्सन बगाउँछ, ठेगान छैन ।

विनयी खोलाको पुल गत पुसमा भासिएको थियो। २३ जेठमा पुलको ढलान सकिए पनि गाडी गुडाउन १४ असार कुर्नुपर्ने सडक आयोजना पश्चिम खण्डका प्रमुख शशांक मिश्रले बताए।

### दाउन्ने खण्ड निर्माणको काम रोकियो, बर्खामा मर्मत गरेर चलाइने

नारायणघाट-बुटवल सडकको दाउन्ने खण्ड निर्माणको काम रोकिएको छ। सडक आयोजना पश्चिम खण्डका प्रमुख शशांक मिश्रले वर्षा सुरु भइसकेकाले अब मर्मतबाहेक अन्य काम सम्भव नभएको बताए। पटक-पटक अवरुद्ध हुन थालेपछि तत्कालका लागि गिट्टीबालुवा हाल्न थालिएको छ। बिहीबार गिट्टी हालेर सडक सुचारु भएको छ। खाल्डाखुल्डी भएको र चिप्लिने ठाउँमा पाँच सय ट्रक (पाँच हजार घनमिटर) गिट्टीबालुवा हालेर रोलरले पेलेर सहज बनाउन निर्माण कम्पनी चाइना स्टेटलाई भनिएको मिश्रले बताए।

बिहीबार अनुगमनमा पुगेको सडक विभागका आयोजना निर्देशक चुडाराज ढकालसहितको टोली जाममा फसेको थियो। अनुगमनपछि पत्रकारसँग कुरा गर्दै निर्देशक ढकालले पनि वर्षा सुरु भइसकेकाले अब मर्मतबाहेक अन्य काम रोकिएको बताए। ढकालले दसैँअघिसम्म नारायणगढदेखि बुटवलसम्मको सबै ११३ किलोमिटर बाटो कालोपत्रे भएर सकिने दाबी गरे। 'वर्षा सकिएको एक-ढेड महिनामा दाउन्नेमा ढलान, कालोपत्रे सबै काम सकिन्छ,' निर्देशक ढकालले भने, 'दसैँतिहारमा कसैले पनि यो बाटो असहज भयो भनेर गुनासो गर्नुपर्ने दिन आउँदैन, सबैले कालोपत्रे बाटो भएरै यात्रा गर्न सक्नुहुन्छ।'

दाउन्नेमा पूर्वी खण्डमा रहेको नौ किलोमिटर सडकमध्ये करिब चार सय मिटर मात्र ढलान भएको छ। चाइना स्टेट कम्पनी बुटवल-नारायणगढ सडक पूर्वी खण्डका इन्जिनियर राकेश झाका अनुसार अब ६ सय मिटर ढलान गर्ने तयारीमा रहेको छ। दाउन्ने खण्डमा त्योबाहेक अन्य ढलान वा कालोपत्रेको काम बर्खाअघि हुन नसक्ने उनले बताए। बुटवल-नारायणगढ सडकखण्डमा अहिलेसम्म भौतिक प्रगति ७० प्रतिशतको हाराहारीमा पुगेको छ।


**आदर्श बाल बिकास केन्द्र**
**बनेपा, काभ्रे**
**बागमती प्रदेश नेपाल**

**बोलपत्र स्वीकृत सम्बन्धी आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८२।३।०६**

यस बिद्यालयवाट नयाँ पत्रिका दैनिकमा मिति २०८२।१।२२ गते प्रकाशित ई.विडिङ् को सूचना अनुसार पेश हुन आएका बोलपत्रहरू मध्ये मूल्यांकन समितिवाट छनौटका लागि सिफारिस गरिएका देहाय बमोजिम न्यून कबोल अंक र सारभूत रूपमा प्रभावग्राही बोलपत्र भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २, ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं | ठेक्का नं. | विवरण | न्यूनत्तम मूल्यांकित सारभूत प्रभावग्राही बोलपत्रदाताको नाम, ठेगाना | कबोल रकम (मू.अ.क.र प्रोभिजनल सम सहित) |
|---|---|---|---|---|
| १. | ABBK/01/2081/82 | Hostel Building Construction Phase IV | Matribhumi Developers and Engineering Pvt. Ltd., Baneshwor-10, Kathmandu | ७९,२९,२६०।८९ (उनासी लाख उनान्तिस हजार दूईसय साठी र पैसा उनानव्वे मात्र) |

**प्रधानाध्यापक**



**आवश्यकता**

(प्रथम पटक प्रकाशित मिति २०८२/०२/२५)

कास्की जिल्ला सिल्दुजुरे गा.वि.स. हाल मादी गाउँपालिका स्थित सञ्चालनमा रहेको २५ मेगावाटको माथिल्लो मादी जलविद्युत् आयोजनाका लागि निम्न दक्ष कामदारहरूको आवश्यकता परेको हुँदा इच्छुकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आवेदन दिनु हुन अनुरोध गरिन्छ।

| सि.नं | पद | योग्यता | माग संख्या | अनुभव |
|---|---|---|---|---|
| 1 | General Manager | ME (Mechanical) | १ | सम्बन्धित काममा (Management teams) कम्तिमा १० वर्षको कार्य अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको |
| 2 | Chief Finance Officer | MBA/MBS | १ | सम्बन्धित काममा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको |
| 3 | Electrical Operator | Diploma in Engineering | २ | सम्बन्धित काममा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको |
| 4 | Mechanical Engineer | BE | १ | चिनियाँ कम्पनी अन्तर्गतको अनुभवप्राप्त दक्षता हाँसिल गरेको प्रतिनिधि |
| 5 | Hydraulic Engineer | BE | १ | सम्बन्धित काममा कम्तिमा ३-५ वर्ष को अनुभव भएको चिनियाँ र अङ्ग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको |

१. गर्नु पर्ने कामको विवरण : आयोजनाको आवश्यकता अनुसार
२. काम गर्नु पर्ने क्षेत्र तथा स्थल : आयोजना स्थल
३. कार्यरत रहने अवधि : १ वर्ष
४. संलग्न कागजातहरू : शैक्षिक प्रमाण-पत्र र अनुभवका कागजातहरू

**मादी पावर प्रा. लि.**
बालुवाटार, काठमाडौं, **इमेल** : madipower2gad@gmail.com


## दैलेखमा...

पृष्ठ १ बाट क्रमशः

बुझाएको हो। अहिलेको नतिजा जलजलेको एउटा कुवाको मात्रै भएकाले जिल्लाका अन्य तीन स्थानमा पनि तीन अर्ब १८ करोड घनमिटर मिथेनको भण्डार रहेको कम्पनीको अनुमान छ। चारै ठाउँको अनुमानित कुल चार अर्ब ३० करोड घटमिटर उत्खनन गर्न सके नेपाललाई ५० वर्षका लागि ग्यास पुग्ने चिनियाँ विज्ञहरूको निष्कर्ष छ। आयल निगमका अनुसार नेपालमा वार्षिक करिब ६० अर्बको साढे पाँच लाख टन एलपी ग्यास आयात भइरहेको छ।

चिनियाँ कम्पनीले जलजलेमा पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यास अन्वेषणका लागि चार हजार १३ मिटरको गहिराइमा खनेर संकलित नमुनाको परीक्षण गरेको थियो। २८ वैशाख ०८१ देखि थालिएको ड्रिलिङ नौ महिनापछि गत पुसमा सकिएको थियो। त्यसपछि संकलित नमुना परीक्षण गर्दा मिथेन ग्यास रहेको पुष्टि भएको हो।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले दैलेखमा भेटिएको ग्यासभण्डारले देशको आर्थिक अवस्था सुधारमा टेवा पुग्ने आशा पलाएको बताए। 'ड्रिलिङका वेला संकलन गरिएका नमुनाहरू थप परीक्षणका लागि चीन पठाइएको थियो, अहिले प्रारम्भिक प्रतिवेदन सरकारलाई प्राप्त भइसकेको छ। त्यहाँ मिथेन ग्यासभण्डार रहेको भन्ने प्रतिवेदनले देशको भविष्य सुन्दर हुने आशा पलाएको छ,' उनले भने। चीनले अन्तिम प्रतिवेदन आगामी पुससम्म तयार गरिसक्ने जानकारी दिएको र अन्तिम प्रतिवेदन प्राप्त भएपछि ग्यास उत्खनन थाल्ने मन्त्री भण्डारीले बताए।

पेट्रोलियम अन्वेषण प्रवर्द्धन परियोजना प्रमुख दिनेशकुमार नापितले पनि ड्रिलिङ कार्य सफल भएको बताए। उनका अनुसार संसारमा पेट्रोलियम पदार्थ भेटिने आसमा गरिने ड्रिलिङ कार्यमा १० प्रतिशत मात्र सफलता हासिल हुने गरेको छ। दैलेखमा भने सुरुवातबाटै ग्यासको भण्डार भेटिने उच्च सम्भावना देखिएको थियो। 'प्रारम्भिक प्रतिवेदनमा मिथेन ग्यास देखिएको छ। सबै प्रक्रिया टुंग्याएर परीक्षण उत्पादन थाल्ने र त्यसबाट ग्यासको प्रकृति तथा व्यावसायिक उत्पादनबारे निर्णय लिइनेछ,' उनले भने, 'चिनियाँ कम्पनीले विस्तृत रिपोर्ट दिएको एक महिनाभित्रै परीक्षण उत्पादन थाल्ने योजना छ।'

दैलेखमा ग्यासभण्डार रहेको पुष्टि भएपछि मुलुककै समृद्धिको आधारस्तम्भ भेटिएको दैलेख उद्योग वाणिज्य संघका अध्यक्ष नरेन्द्र थापाले बताए। 'ग्यास भण्डारणको उपयोग गर्न सके देशको मुहार फेरिने देखिन्छ,' उनले भने।

दैलेखको पेट्रोलियम अन्वेषण गर्नेबारे चीनसँग सन् २०१६ मा प्रारम्भिक समझदारी भएको थियो। त्यसपछि सन् २०१९ मा काठमाडौंमा चिनियाँ प्रतिनिधि आएर आफ्नै खर्चमा अन्वेषण कार्य थाल्नेबारे खानी तथा भूगर्भ विभागसँग सम्झौता भएको थियो। सम्झौता भएको लामो समयपछि गत वर्ष २८ वैशाखबाट औपचारिक रूपमा चिनियाँ प्राविधिक टोलीले अन्वेषण थालेको थियो। अन्वेषण कार्यका लागि आवश्यक उपकरण तथा जनशक्ति चीनबाटै ल्याइएको थियो। सो कार्यका लागि चीनले दुई अर्ब रुपैयाँ खर्चेको खानी विभागले जनाएको छ। विभागले भने ४५ रोपनी जग्गा अधिग्रहणका लागि करिब एक करोड रुपैयाँ मात्रै खर्च गरेको नेपालको तर्फबाट परियोजना प्रमुख तोकिएको विभागका उपमहानिर्देशक दिनेशकुमार नापितले जानकारी दिए। विभागले पेट्रोलियमको खानी रहेको सम्भावना देखिएका पाल्पा, दाङ र सुनसरीमा समेत अन्वेषण कार्य अघि बढाउने योजना बनाएको छ।

## जान...

पृष्ठ १ बाट क्रमशः

लिएँ भने पो त्यो मानव बेचबिखन हुन्छ। जे पनि मानव बेचबिखन भन्दिने ?' उक्त विषय अनुसन्धानकै क्रममा रहेको र मुद्दा अभियोजनसमेत नभएकाले कर्मचारी वा अन्य कसैलाई पनि दोषी किटान गर्न नमिल्नेसमेत घिमिरेले प्रस्ट्याए। 'गृहमन्त्रीले मान्छे बेच्यो भनेर बेतुकका कुरा गर्नु बेअर्थ छ। यो कुरामा उहाँहरू (रास्वपाका सांसदहरू) फस्नुभयो,' उनले भने, 'उहाँहरू अनावश्यक माग राखेर वेल घेराउसम्म पुग्नुभयो। पुगेपछि उहाँहरूलाई पनि फिर्ता हुन गाह्रो भएको होला।'

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
शुक्रबार ६ असार ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ त्रिकोणात्मक टी-२० आई सिरिज

# नेदरल्याान्ड्समाथि नेपालको ६ विकेटको सानदार जित

नयाँ पत्रिका

नेपालले त्रिकोणात्मक टी-२० आई सिरिजमा बिहीबार नेदरल्यान्ड्माथि ६ विकेटको सानदार जित निकालेको छ। स्कटल्यान्डको ग्लास्गोउ मैदानमा टस हारेर ब्याटिङ गरेको नेदरल्यान्ड्सले २० ओभरमा सात विकेट गुमाएर १७४ रनको बलियो योगफल खडा गरेको थियो। प्रत्युत्तरमा नेपालले १९.४ ओभरमा चार विकेटको क्षतिमा १८० रन बनाउँदै नेदरल्यान्ड्सविरुद्ध उत्कृष्ट जित दर्ता गरेको हो।

जितसँगै नेपाल शीर्ष स्थानमा उक्लेको छ। नेपालले तीन खेलमा दुई जित र एक हार सामना गरी ४ अंक जोडेको छ। नेदरल्यान्ड्सले चार खेलबाट समान दुई जित र हार नतिजा निकाल्दै ४ अंक नै जोडेको छ। नेदरल्यान्ड्स रनरेटका आधारमा दोस्रो स्थानमा झरेको छ। आयोजक स्कटल्यान्डले तीन खेलबाट २ अंक जोडेको छ। नेपालले नेदरल्यान्ड्ससँगको पहिलो खेल सुपर ओभरमा गुमाएको थियो। निर्धारित २० ओभर तथा त्यसपछिका दुई सुपर ओभर नेपाल र नेदरल्यान्ड्सबिच 'टाई' भएको थियो। तेस्रो सुपर ओभरमा नेपाल पराजित भयो।

त्रिकोणात्मक सिरिजको पाँचौँ खेलमा नेपाललाई नेदरल्यान्ड्सविरुद्ध जितका लागि अन्तिम ओभरमा ७ रन आवश्यक थियो। क्रिजमा लोकेश बम र दीपेन्द्रसिंह ऐरी थिए। १८.६ ओभरमा सेट ब्याट्सम्यान आरिफ शेख 'रिटायर्ड' हट हुँदै पेभेलियन फर्केका थिए। त्यसपछि लोकेश र दीपेन्द्रले अन्तिम ओभर ब्याटिङ गरे। १९.१ ओभरमा लिओन काचेटको बललाई लोकेशले छक्का प्रहार गरी टाई गरे। त्यसपछि लोकेशले लगातार दुई बल डट खेले। उनले १९.४ ओभरमा छक्का प्रहार गरी विजयी रन बटुले। उनले चार बलमा दुई छक्काको सहयोगमा १२ तथा दीपेन्द्रसिंह ऐरी १२ बलमा १६ रनमा अविजित रहे।

### कुशलको अर्धशतकीय योगदान

नेपालको जितमा महत्त्वपूर्ण योगदान ओपनर कुशलले गरे। उनले लगातार चौथो विकेटका लागि गतिलो साझेदारी गरी नेपाललाई जितनजिक पुऱ्याए। उनले ५१ बलमा ६ चौकाको सहयोगमा ६५ रनको योगदान दिए। उनले ३८ बलमा आफ्नो अर्धशतक बनाएका हुन्। उनको यो ११औँ टी-२० आई अर्धशतक हो। नेपालको जितमा भीमले १६ बलमा दुई चौका र एक छक्का प्रहार गरी २७ रन बटुले। रिटायड हर्ट हुनुअघि आरिफले २३ बलमा तीन चौका र दुई छक्काको सहयोगमा ३९ रन जोडे।

### नेपालको बलियो साझेदारी

लक्ष्य पछ्याएको इनिङ्समा नेपालका ब्याट्सम्यानले गतिलो साझेदारी गरेका थिए। पहिलो विकेटका लागि आसिफ शेख र कुशल भुर्तेलले १७ बलमा २२ रन बनाए। कुशलले डेब्यु गरेका भीम सार्कीसँग दोस्रो विकेटका लागि ३२ बलमा ५४ रन जोडेका थिए। भुर्तेलले कप्तान रोहित पौडेलसँग १९ बलमा २१ रन बटुले। त्यसपछि भुर्तेलले आरिफ शेखसँग चौथो विकेटका लागि २७ बलमा ४४ रन जोडे। आरिफले दीपेन्द्रसिंहसँग पाँचौँ विकेटका लागि २० बलमा २७ रन जोडेका थिए। लगातार चार विकेटका लागि नेपालले आवश्यक रनरेटअनुसार साझेदारी गरेका कारण बलियो लक्ष्य पछ्याएको हो।



नेदरल्यान्ड्सले दिएको १७५ रनको लक्ष्य नेपालले १९.४ ओभरमा चार विकेटको क्षतिमा पूरा गऱ्यो, नेपालको जितमा कुशल भुर्तेलले ५१ बलमा ६५ रनको योगदान दिए

### माइकलको आक्रामक ब्याटिङ

पहिलो ब्याटिङ गरेको नेदरल्यान्ड्सको सुरुवात गतिलो भएन। इनिङ्सको पहिलो ओभरमै ललित राजवंशीले विक्रमाजित सिंहको विकेट लिँदै नेपाललाई उत्कृष्ट सुरुवात दिलाए। नेदरल्यान्ड्सले ५.६ ओभरमा चार विकेट गुमाएर ४५ रन जोडेको थियो। तर, क्रिजमा ओपनर माइकल लेभिटले उत्कृष्ट इनिङ्स खेले। उनले आक्रामक रूपमा ५३ बलमा ८६ रन बटुले।

यसक्रममा उनले ६ चौका र पाँच छक्का प्रहार गरे। उनी इनिङ्सको १४.३ ओभरमा आउट भएका थिए। उनी आउट हुँदा नेदरल्यान्ड्स १२७/६ को बलियो अवस्थामा थियो। राफेल भान डेरले २१ बलमा ३६ तथा आयन दत्तले १८ बलमा १७ रन जोडे। नेपालको बलिङमा करण केसीले ४० रन खर्चेर दुई विकेट हात पारे। ललित, दीपेन्द्रसिंह, रूपेश सिंह र सन्दीप लामिछानेले समान एक विकेट हात पारे।

### भीमको टी-२० आईमा डेब्यु

भीम सार्कीले नेपाली राष्ट्रिय क्रिकेट टोलीको टी-२० आईमा नेदरल्यान्ड्सविरुद्ध डेब्यु गरेका छन्। नेपालका लागि टी-२० आईमा डेब्यु गर्ने उनी ५२औँ खेलाडी हुन्। भीमलाई नेपाली टिमका उपकप्तान दीपेन्द्रसिंह ऐरीले डेब्यु क्याप हस्तान्तरण गरेका थिए। यसै सिरिजमा रूपेश सिंह र किरण ठगुन्नाले समेत डेब्यु गरेका थिए।



नेपालले नेदरल्यान्ड्सविरुद्ध तीन खेलाडी परिवर्तन गरेको थियो। स्कटल्यान्डसँग खेलेका किरण ठगुन्ना, बसिर अहमद र अनिल साह बेन्चमा रहे। भीम, आरिफ शेख र आसिफ शेखले टोलीमा मौका पाएका हुन्।

**अंक तालिका**

| राष्ट्र | खेल | जित | हार | अंक | रनरेट |
|---|---|---|---|---|---|
| नेपाल | ३ | २ | १ | ४ | ०.१७ |
| नेदरल्यान्ड्स | ४ | २ | २ | ४ | -०.३८ |
| स्कटल्यान्ड | ३ | १ | २ | २ | ०.३३ |

■ दुई वर्षपछि एन्फाको निर्णय

# अपिल कमिटीले निर्णय उल्ट्याउँदा थ्री स्टार 'बी' डिभिजनमा झऱ्यो

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाल एपिएफ क्लबको उजुरीमा अखिल नेपाल फुटबल संघ (एन्फा)को अपिल कमिटीले निर्णय उल्ट्याउँदा थ्री स्टार क्लब 'ए' डिभिजन लिगबाट रेलिगेसनमा परेको छ। अपिल कमिटीले दुई वर्षपछि थ्री स्टार र एपिएफबिचको मुद्दाको छिनोफानो गरेको हो। एन्फाको अपिल कमिटीमा अशोककुमार पोखरेल संयोजक छन्। समितिमा गोवर्धन सिंह सम्झना उपाध्यक्ष र सदस्यमा विश्वराज राई र उत्तम थापा छन्।

०८० मा भएको 'ए' डिभिजन लिगमा थ्री स्टारले नियमविपरीत विदेशी खेलाडी खेलाएको भन्दै एपिएफले अपिल कमिटीमा उजुरी दिएको थियो। पोखरेलको संयोजकत्वमा अपिल कमिटीको बिहीबार साँझ बसेको बैठकले एपिएफको पक्षमा निर्णय गरेको हो। एपिएफको उजुरीअनुसार थ्री स्टारको जितलाई उल्ट्याएर अपिल कमिटीले जावलाखेललाई जित सुम्पिएको छ। एन्फाले अपिल कमिटीको निर्णयको प्रति क्लबहरूलाई इमेलमा पठाइसकेको छ।

०८० मा भएको 'ए' डिभिजन लिगमा थ्री स्टारले नियमविपरीत विदेशी खेलाडी खेलाएको भन्दै एपिएफले अपिल कमिटीमा उजुरी दिएको थियो। अपिल कमिटीको बिहीबार बसेको बैठकले एपिएफको पक्षमा निर्णय गरेको छ।

'एन्फाको अपिल कमिटीको बैठकमा सबै प्रमाणका आधारमा थ्री स्टार र जावलाखेलबिचको खेल नतिजा उल्ट्याइएको छ,' एन्फा स्रोतले भन्यो, 'यो निर्णयसँगै अब थ्री स्टार 'बी' र एपिएफले 'ए' डिभिजनको मान्यता प्राप्त गरेको छ।' पहिलोपटक 'बी' डिभिजनमा झरेको ललितपुरको पुरानो क्लब थ्री स्टारले तीनपटक 'ए' डिभिजन लिग उपाधि जितेको छ।

### भिसा नभएको खेलाडी खेलाएको आरोप

दुई वर्षअघिको 'ए' डिभिजन लिगको अन्तिम खेलमा थ्री स्टारले जावलाखेलविरुद्ध प्रतिस्पर्धा गर्दा दुई विदेशी खेलाडी पिटर सेगुन र अजायी मार्टिन्सलाई खेलाएको गराएको थियो। दुवै खेलाडीसँग भिसा थिएन। भिसा नभएका खेलाडी खेलाएको जनाउँदै एपिएफले उजुरी दिएको थियो। थ्री स्टारले सो खेलमा जावलाखेललाई १-० ले हराउँदै रेलिगेसन टारेको थियो।

यस नतिजासँगै एपिएफ रेलिगेसनमा परेको थियो। अब अपिल कमिटीको निर्णयअनुसार थ्री स्टारको ३ अंक खोसिएको छ। जावलाखेललाई ३ अंक प्रदान गरेको छ। थ्री स्टारले २६ खेलबाट ३२ अंक जोडेको थियो। त्यसवेला थ्री स्टार लिगको १०औँ स्थानमा थियो। एपिएफ २६ खेलबाट ३० अंकसहित रेलिगेसनमा परेको थियो। अपिल कमिटीको निर्णयपछि एपिएफ लिगको १२औँ स्थानमा उक्लेको छ। थ्री स्टारको ३ अंक घट्दा २९ अंक भएको छ। यो भनेको रेलिगेसन जोनको १३औँ स्थान हो। लिगको पुछारमा रहेको खुमलटार क्लबले २७ अंक जोडेको छ।

### अगाडिको निर्णयमा थ्री स्टारलाई जरिवाना मात्र

एन्फाको छानबिन कमिटीले एपिएफको उजुरीका आधारमा थ्री स्टारलाई तीन लाख जरिवाना तिराएको थियो। एन्फाले दुवै विदेशी खेलाडीलाई जनही ५० हजार रुपैयाँ तिरायो। एन्फाको निर्णय चित्तबुझ्दो नहुँदा एपिएफले तत्कालै एन्फाकै अपिल कमिटीमा उजुरी दिएको थियो। दुई वर्षसम्म यो मुद्दाको किनारा लागेन। मुद्दा किनारा नलाग्दासम्म र 'बी' डिभिजन लिग समाप्त नहुँदा एन्फाले एपिएफलाई 'ए' डिभिजन लिगकै हैसियत प्रदान गरेको थियो। गत महिना 'बी' डिभिजन लिग सकिएपछि अपिल कमिटीले दुई वर्षअघिको मुद्दा अगाडि बढाएको एन्फा स्रोतले बतायो।

'बी' डिभिजन लिगको साइकल पूरा नभएकाले मुद्दाको किनारा नलागेको हो, 'बी' डिभिजन लिग सकिएको छ, यसकारण थ्री स्टारविरुद्ध राखेको मुद्दाको निर्णय भएको हो,' एन्फा स्रोतले भन्यो। दुई वर्षअघि एपिएफ र थ्री स्टार दुवैले निर्णय नै त्रुटीपूर्ण रहेको दाबी गरेका थिए।

एन्फाको निर्णय फिफाले नै बनाएको अनुशासन नियमावली पालना नभएको दाबी एपिएफको थियो। कुनै पनि खेलमा टोलीले अयोग्य खेलाडी खेलाउँदा सो खेलको नतिजा विपक्षी टोलीको जित र त्यससँगै जरिवाना हुनुपर्ने माग एपिएफको थियो।

# यू-१६ इस्ट जोन कपका लागि विपिन कप्तान

नयाँ पत्रिका

स्पिनर विपिन शर्माको कप्तानीमा एसिसी यू-१६ इस्ट जोन कप २०२५ का लागि नेपाली राष्ट्रिय टोली घोषणा भएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले आइतबारदेखि मलेसियामा हुने प्रतियोगिताका लागि विपिनको कप्तानीमा टोली घोषणा गरेको हो। प्रतियोगितामा नेपालले सिंगापुरसँग आइतबार खेल्नेछ। त्यसपछि जापानसँग १० असार र १५ असारमा इन्डोनेसियाविरुद्ध खेल्नेछ।

प्रतियोगिताको सेमिफाइनल १९ असार र फाइनल २१ असारमा हुनेछ। नेपाल प्रतियोगिताको साबिक विजेता हो। सन् २०२३ मा भएको संस्करणको फाइनलमा नेपालले मलेसियालाई हराउँदै उपाधि हात पारेको थियो। विपिनको कप्तानीमा नेपाल उपाधि रक्षा गर्ने योजनामा छ।

इस्ट जोन कप एसियन क्रिकेट काउन्सिल (एसिसी) अन्तर्गत सञ्चालन हुने एक महत्त्वपूर्ण युवास्तरीय क्रिकेट प्रतियोगिता हो। जसमा पूर्वी एसियाका विभिन्न राष्ट्रका यू-१६ उमेर समूहका टोलीले प्रतिस्पर्धा गर्नेछन्। नेपाली टोलीको उपकप्तानमा सूर्यांशु कोइराला छन्। यस्तै, टोलीमा शिवांश बजगाईं (विकेटकिपर), परिमार्जन यादव (विकेटकिपर), रौनक श्रीवास्तव, अभय यादव, सचिन भट्ट, सुगम बुढाथोकी, सुयोग भट्टराई, सुशीलबहादुर रावल, सुभम खनाल, प्रसिद्ध जैसी, जोय थापा र रोशन शाही छन्। रौनक श्रीवास्तवले कर्णालीमा भएको यू-१६ राष्ट्रिय क्रिकेटमा दोहोरो शतक बनाएका थिए। जुन घरेलु क्रिकेटकै कीर्तिमान हो।

## खेल संक्षेप

### नवलपुर फाइनलमा

**कास्की**/ नवलपुर जिल्ला गण्डकी प्रदेशस्तरीय पुरुष टी-२० क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ। प्रतियोगिताको समूह 'बी'को विजेता बन्दै नवलपुरले अन्तिम दुईको स्थान पक्का गरेको हो। नवलपुरले उपाधिका लागि समूह 'ए'को विजेता स्याङ्जाविरुद्ध शुक्रबार प्रतिस्पर्धा गर्नेछ। समूह 'बी'मा नवलपुरसँगै कास्की र पर्वतले समान तीन खेलमा दुई जित निकालेका छन्। रनरेटका आधारमा नवलपुर समूह विजेता बनेको हो।

### चार खेलाडी शीर्ष स्थानमा

**काठमाडौं**/ मंगलादेवी सिंह स्मृति दोस्रो फिडे रेटिङ बुद्धिचाल प्रतियोगितामा चार खेलाडी संयुक्त रूपमा शीर्ष स्थानमा छन्। फिडे मास्टर क्षितिज भण्डारी, सिएम पुरुषोत्तम सिलवाल, झापाका प्रकाशचन्द्र नेपाल र पूर्वच्याम्पियन नवीन तण्डुकार दुई जितका साथ संयुक्त रूपमा शीर्ष स्थानमा रहेका हुन्।

### सुशील र सुरज फाइनलमा

**काठमाडौं**/ गोंगबुका सुशील तामाङ र आयोजक काठमाडौं महानगरपालिका- २६ का सुरज श्रेष्ठ काठमाडौं जिल्लाव्यापी बृहत् खेलकुदअन्तर्गत तेक्वान्दोको पुरुष २८ केजीमुनि बिहीबार फाइनलमा प्रवेश गरेका छन्। पुरुष २० केजीमुनि काठमाडौं महानगरपालिका- १७ का अंकितमान गुरुङ र आयोजकका रवि थिङ पनि अन्तिम दुईमा पुगेका छन्।

# सूर्य नेपाल प्रिमियरको उपाधि राहुललाई

नयाँ पत्रिका

राष्ट्रिय टोलीका सदस्य तथा एमेच्योर गल्फर राहुल विश्वकर्माले पहिलोपटक सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिप उपाधि जितेका छन्। समग्रमा २१ अन्डर २६७ को स्कोरमा नेपालका नम्बर एक प्रोफेसनल गल्फर भुवन नगरकोटीलाई २ स्ट्रोकले पछि पार्दै राहुलले उपाधि हात पारेका हुन्। सिजनको पहिलो प्रतियोगिता सेन्ट्रल ओपन जितेका राहुलको सूर्य नेपाल टुरमा यो दोस्रो उपाधि हो। साथै, २१ अन्डर उनको करिअरकै उत्कृष्ट स्कोर पनि हो।




गोकर्ण गल्फ क्लबमा बिहीबार भएको अन्तिम १८ होलको खेल सुरु हुँदा राहुलसँग १ स्ट्रोकको अग्रता थियो। उनलाई सुवास तामाङले कडा चुनौती दिने अनुमान गरिएको थियो। तर, सुवासले चुनौती दिन सकेनन्। राहुलले उत्कृष्ट खेल्दा भारतीय गल्फ टुर खेलिरहेका सुवासले खेल बिगारे। विनादबाब राहुलले फ्रन्ट नाइन सकिँदा सुवास र भुवनलाई ५ स्ट्रोकले पछि पारिसकेका थिए। राहुलले अन्तिम दिन बोगीरहित ५ अन्डर ३१ स्कोर निकाले। पहिलो, तेस्रो, छैटौँ, सातौँ र नवौँ होलमा बर्डी हात पारेका राहुलले ११औँ र १२औँ होलमा पनि समान एक सट बचाए।

उनले एक सट रक्षा गर्दा २३ अन्डरको स्कोर गरेका थिए। उनी ७२ होलको कुल २३ अन्डरको स्कोर बराबरी गर्दै नयाँ रेकर्डनजिक पुगेका थिए। उनले १४औँ होलको टी सट जंगलमा बल पुऱ्याए। यद्यपि, बल भेटिए पनि खेल्न नमिल्ने ठाउँमा रहँदा उनले पेनाल्टी ड्रप लिए। ४ पारको यो होलमा राहुलले डबल बोगी खेपे। यसपछि बाँकी होलमा पार जोगाउँदै उनले उपाधि हात पारे। राहुल प्रोफेसनल र एमेच्योरतर्फ पनि विजेता बने।

### भुवन ५ स्ट्रोकले पछाडि

नेपालका नम्बर एक प्रो भुवन नगरकोटी तेस्रो दिनको समाप्तिमा लिडर राहुलभन्दा ५ स्ट्रोकले पछि रहँदै संयुक्त रूपमा चौथो स्थानमा थिए। लिडर ग्रुपलाई पछ्याइरहेका भुवनले अन्तिम दिन उत्कृष्ट ८ अन्डरको स्कोर निकाल्ने। उनले ५ पारको तेस्रो होलमा इगलको सफलता प्राप्त गरे। चौथो, सातौँ र नवौँ होलमा बर्डी प्रहार गर्दै उनले बोगीरहित फ्रन्ट नाइन ५ अन्डर ३१ स्कोर गरे। यसपछि ११औँ, १२औँ, १५औँ र १७औँ होलमा उनले एक सट बचाए। १४औँ होलको बोगीले उनी ब्याक नाइन ३ अन्डर ३३ स्कोरमा रोकिए। यो स्कोरसँगै सुवास र सदभावलाई पछाडि राख्न सफल भए। राहुलले च्याम्पियन हुँदै तीन लाख रुपैयाँ प्राप्त गरे। पुरस्कार राशिसँगै आगामी सिजन उनी दोस्रो वरीयतामा रहनेछन्।


## गजुरी गाउँपालिका
### गजुरी गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ

### आ.व. २०८२/०८३ को लागि नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री करका लागि बोलपत्र आव्हान सम्वन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०३/०६**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) र यस गजुरी गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ८ को व्यवस्था बमोजिम गजुरी गाउँपालिका क्षेत्रको मलेखु, बेल्खु, त्रिशुली र दरियाल खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम उत्खनन् हुने नदीजन्य पदार्थ गजुरी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि. नं. | बोलपत्र नं. | बोलपत्रको नाम | आ.व. २०८२/०८३ का लागि कायम वार्षिक न्यूनतम बोलपत्र रकम (मू. अ. कर वाहेक) | उत्खनन् तथा संकलन गर्न पाउने अधिकतम परिमाण | वोलपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | GRM/G/NCB /01/2082/83 | ढुंगा, गिट्टी, वालुवा, रोडा, ग्राभेल, स्लेट, बिछ्याउने ढुंगा उत्खनन तथा विक्री शुल्क उठाउने कार्य। | ३,७५,६४,४११/- (तीन करोड पचहत्तर लाख चौसट्ठी हजार चार सय एघार रुपैया मात्र) | खोला खानी क्रसर, बालुवा धुने उद्योगहरु समेत गरी जम्मा १,१८,१८८.४ घन मिटर (४१,७३,८२३.३५ घन फिट) | रु. ५०००/- | कवोल अंकको ५ प्रतिशत |

**शर्तहरु :**

१. बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले फर्मको नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको रसिद वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय गजुरीमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता बैंक खाता नं. १०५०१००३०१०१०००२ मा नगद जम्मा गरेको नगद भौचर वा स्थानीय तहको राजस्व पोर्टलमा राजस्व शिर्षक १४५२९ मा जम्मा गरेको भौचर साथ यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले १७ औं दिन (२०८२/०३/२२) को दिउँसो १:०० बजे भित्र विद्युतीय माध्यमबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ। बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

२. आफुले कबोल गरेको अंकको कम्तिमा ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय गजुरीमा रहेको धरौटी खाता नं. १०५०१००३०३००००२ (धरौटीको लागि) जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १५० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड विद्युतीय माध्यमबाट पेश गर्नु पर्नेछ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको दिउँसो १:१५ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको मितिले १५ दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत संलग्न गरी कबोल अंकको प्रथम किस्ता बापत ४० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो र तेस्रो किस्ताबापत ६० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८३ साल असार मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा अनिवार्य बुझाउनु पर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

६. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ। यस गाउँपालिकाको नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय अध्ययन IEE प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

७. आन्तरिक आय बन्दोबस्तीका लागि गरिएको यस ठेक्काको अवधि आ.व. २०८२/०८३ को लागी यस कार्यालयसँग ठेक्का सम्झौता भएको मितिदेखि २०८३ आषाढ मसान्त सम्म रहनेछ।

८. बन्द हड्ताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाईने छैन। यस प्रयोजनका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदनको परिधिभित्र रही तोकिएको समयावधिमा मात्र नदी क्षेत्रबाट सामग्री उत्खनन् गर्न दिईने छ।

९. गाउँपालिकाको हितलाई मध्यनजर गरी कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। तोकिएको समयमा तोकिएको किस्ता रकम अनिवार्य रुपमा बुझाउनु पर्नेछ। कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहारछुट सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

१०. ठेक्काको बाँकी दुई किस्ता रकम मध्ये क्रमशः दोस्रो किस्ता (कबोल अंकको ३० प्रतिशतले हुने रकम) २०८२ पौष मसान्त भित्र र तेस्रो तथा अन्तिम किस्ता (कबोल अंकको ३० प्रतिशतले हुने रकम) २०८३ वैशाख मसान्त भित्र बुझाई सक्नु पर्नेछ।

११. उल्लेखित शर्त पूरा नभएको बोलपत्रहरुलाई मूल्यांकनमा समावेश गरिने छैन। यस शर्तमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम ठेक्का स्विकृती पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

**नोट** : विस्तृत जानकारीको लागि यस कार्यालयको website: www.gajurimun.gov.np मा समेत हेर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com